# महालेखा परीक्षक

# को

# रिपोर्ट

( विकासको शुरु देखि र साधारण तर्फ २०१८।१९ आर्थिक वर्षसम्मको )

प्रकाशक

राष्ट्रिय पञ्चायत सचिवालय

सिंहदरबार, काठमाडौं

महालेखा परीक्षकको विभाग
जिन्सी किताब दर्ता:-
नम्बर म.ले.प. वि.
मिति ०२१।८।१२।२मा.

# महालेखा परीक्षक

## को

## रिपोर्ट

( विकासको शुरु देखि र साधारण तर्फ २०१८।१९ आर्थिक वर्ष सम्मको )

२०२०

राष्ट्रिय पञ्चायत सचिवालय
काठमाडौं

२०२१ साल आश्विन

प्रकाशक

राष्ट्रिय पञ्चायत सचिवालय

मुद्रकः—
मञ्जुश्री प्रेस
ठबाहिं टोल, आनन्दबाहाल, ललितपुर।

श्रीः

## श्री ५ महाराजाधिराजका हजूरमा

सरकार,

नेपाल अधिराज्यको संविधानको धारा ७६ को उप-धारा (४) बमोजिम विकाशको शुरु देखि र साधारण तर्फ २०१८।१९ आर्थिक वर्ष सम्मको लेखापरीक्षणको पहिलो रिपोर्ट चढाएको छु, जो हुकुम।

सेवक,

चन्द्रबहादुर थापा

महालेखा परीक्षक।

२०२० साल असोज ३१ गते बिहीबार।

# प्राक्कथन

१. सरकारबाट सेवकलाई महालेखा परीक्षकको पदमा २०१६ साल आषाढ १५ गते नियुक्त गरि बक्से पछि नेपाल अधिराज्यलाई ६ क्षेत्रमा विभाजन गरी लेखापरीक्षण कामको लागी चाहिने महतको निमित्त दरबन्दि तर्जुमा गरी श्री ५ को सरकारको स्वीकृतिलाई प्रस्ताव पेश गरी पठाएको साथै तत्सम्बन्धी अन्य कानून बन्नको लागी समेत तत्कालिन श्री ५ को सरकारमा कैयौं अनुरोध गर्दा पनि केही तार लाउन नसकेकोले सेवकले १८ महीना सम्म त्यसै बाटो हेरी बस्नु पर्‍यो। तत्पश्चात् सरकारबाट २०१७ साल माघ २७ गते उपर्युक्त दरबन्दि सदर गरी बक्स्यो र श्री ५ को सरकारको १४ अन्चल सम्बन्धी नीतिसंग मिलान हुन गरी लेखापरीक्षणको व्यवस्था मिलाउनलाई हालैमा थप दरबन्दि समेतको निकासा बक्सेको छ। २०१८ साल श्रावण ५ गते लेखापरीक्षण ऐन, २०१८ बनाई बक्स्यो। सो ऐन अनुसार बनेको महालेखा परीक्षकको विभागका पदाधिकारीहरू सम्बन्धी नियमावली, २०१८ पौष १८ गते देखि प्रारम्भ भयो। लेखापरीक्षण सम्बन्धी नियमावलीको मस्यौदामा स्वीकृति बक्साउनको निमित्त तयार गरी २०१८ साल आषाढ ३ गते श्री ५ को सरकार सर्व श्री अर्थ मन्त्रालयको र कानून तथा न्याय मन्त्रालयको प्रतिकृयाको निमित्त पठाएकोमा श्री कानून तथा न्याय मन्त्रालयबाट (अवैध तरीका अङ्गाली श्री प्रशासकीय व्यवस्थाको सहकार्यता आमंत्रित गरेको जरिया समेतले) आज सम्म प्रतिकृया प्राप्त भएको छैन। महालेखा परीक्षकको विभागका पदाधिकारीहरूको स्वतन्त्र अस्तित्व कायम राख्न नभई नहुने साधानहरु मध्येको "दैनिक भ्रमण सम्बन्धी नियमावली"को मस्यौदा प्रस्तुत गरी प्रस्ताव पेश गर्न श्री अर्थ मन्त्रालयसंग अनुरोध गरी राखेको छु।

२.लेखापरीक्षण प्राविधिक विषय हुनाले त्यसमा प्रशिक्षण पाएका व्यक्तिबाट मात्र लेखापरीक्षण कार्य सुसम्पन्न हुने हुँदा प्रशिक्षणको व्यवस्था मिलाएको अनुपातमा उपयुक्त निकासा पाए पछि पदाधिकारीहरूको नियुक्ति गरी प्रशिक्षण दिई लेखापरीक्षण समेत गर्दै चालु परेकोले सेवकले ३ पटक गरी नेपाल अधिराज्य भर लेखापरीक्षण गर्ने क्षेत्र तोकेको छु। अब यसरी क्रमसंग पदाधिकारीहरूको संख्यामा बृद्धि गर्दै लगेको अवस्थामा तिनीहरूको नियुक्तिको सम्बन्धमा समेत परामर्श दिने कुरामा श्री लोकसेवा आयोगले सहयोग नदिएबाट धेरै पदाधिकारीहरू नियुक्त गर्ने तथा प्रमोशन गर्ने बाटोमा गतिरोध उत्पन्न भई बाँकी क्षेत्रहरूमा ( पदाधिकारीहरू खटाउन नपाई ) लेखापरीक्षणको काम थाल्न पाएको छैन।

३. राष्ट्रिय धनको खर्च सम्बन्धी श्रेस्तामा नियमितता र लेखापरीक्षणमा छिटो छरितोपन ल्याउनलाई आधुनिक तरीकाको श्रेस्ताका ढांचाहरू चालू गरी आम्दानी तर्फ पनि तदनुरुप ढांचाहरू लागु गर्दै आएको छु।

४. शुरूमा विनियोजन ऐनको व्यवस्था नभएकोले तदनुसार लेखापरीक्षण हुन सकेन र सो ऐनको व्यवस्था भएपछि,पनि सबै क्षेत्रमा लेखापरीक्षण चालु गर्न नपाएकोले तदनुकूल हुने गरी लेखापरीक्षण हुन पाएको छैन।

५. वर्तमान अर्थ व्यवस्थामा विनियोजन ऐनलाई आधार मानी आर्थिक व्यबहार गर्नु पर्ने हुनाले तदनुसार भए नभएको हेर्ने दायित्व श्री ५ को सरकारका सचिवहरूमा निहित भएकोले उहांहरू मूल्य एकाउन्टिङ्ग अफिसर मानिएका हुनु हुन्छ। उहांहरूको तत्सम्बन्धी कर्तब्यको मूल साधान आन्तरीक लेखापरीक्षणको राम्रो व्यवस्था नभएकोले सरकारी रुपैयां खर्च सम्बन्धी नियमावली बमोजिमको श्रेस्ताहरु समेत तत्कालै परीक्षण नभई भएका अनियमितता मौकै मै पत्ता नलागी आवश्यक कारवाई नभई र लाखौं रुपियांका जिन्सी मालसामान ( नगदी सरह कै ) हिफाजत साथ राखिएको छैन। उपर्युक्त व्यवस्था अनुसार कारवाई नभएकोबाट कतिपय ठाउंमा श्रेस्ता (आर्थिक ब्यवहारको) सम्म पनि नराखेको अतिरिक्त राख्नेले पनि अधुरो किसिमसंग राखेकाले रितपूर्वकको श्रेस्ता खडा गर्न लगाउंदाको साथै लेखाका सारा श्रेस्ता एक एक गरी केलाई लेखापरीक्षण गर्नु पर्दा एकै स्थानमा धेरै समय लाग्न गएको छ। यस्तो स्थिति कायम रहन गएमा यस विभागलाई हाल ठेकिएका दरबन्दि दोबर गर्नु पर्ने हुन आउंछ।

६. पूर्वोक्त आन्तरीक लेखापरीक्षण-व्यवस्थाको अभावबाट लेखापरीक्षणमा अरु बाधा पनि उपस्थित भएका छन्। कतिपय विभागहरुले परीक्षण गर्ने लेखा बिवरण ( आर्थिक ब्यवहारका ) नै दिन नसकेकामा महीनौ तरताकेता गर्दा पनि सो नपठाई लेखापरीक्षण गर्न पाएको छैन। लेखा

परीक्षण भएकोमा पनि भेटिएका ठाडो बाकीको सम्बन्धमा तत्कालै कारवाई गर्न अनुरोध गर्दा र अन्य अनियमिततामा स्पष्टीकरण माग्दा कसैले निचमारी बस्ने, कसैले अधकल्चो जवाफ पठाउने, उपयुक्त तहबाट लेखि आउन पर्छ भन्ने सुझाव अर्पित गर्दा कसै कसैले सो लेखि पठाउनु शोभनिय भएन भनि लेखि पठाई र कसैले उल्टो यस विभागको स्पष्टिकरण माग गरी पठाई कारवाई टुंग्याउन नहुने अवस्थाको सृजना हुन गएको छ ।

७. लेखापरीक्षण ऐनको दफा ८ बमोजिम स्वशासित संस्थाहरूको लेखापरीक्षणको अतिरिक्त नेपालको संविधान बमोजिम सरकारी स्वामीत्व भएका स्वशासित संस्थाहरूको लेखापरीक्षण महालेखा परीक्षकले गर्दा प्राप्त हुने फी सर्व संचीत कोषमा दाखीला गर्ने गरी उक्त संस्थाहरूको लेखापरीक्षण गर्न एक छुट्टै व्यावसायीक लेखापरीक्षण शाखा ( भइरहेको मद्दतले सो गन नभ्याउने भई उपयुक्त फीबाट पर्याप्त हुने हुँदा ) खडा गर्न पर्ने आवश्यकता देखिन आएकोले ( अघिल्ला संस्थाको बारेमा श्री ५ को सरकारले स्वीकार नगरेको ) पछिल्लो संस्थाको सम्बन्धमा नीति निर्धारित हुन समेत श्री ५ को सरकार अर्थ मन्त्रालयमा अनुरोध गरेकोमा सुनवाई भएन । पछिल्लो अनुरोध गर्नु भन्दा अघावै नै २०१८।१९ आर्थिक बर्षको श्री नेपाल राष्ट्र बैंकको लेखापरीक्षणबाट प्राप्त हुने फी रू. १०,३८०। दश हजार तीनसय असी मध्ये आधा श्री ५ को सरकारमा लाग्ने भई सर्व संचीत कोषमा दाखिल हुने र यस वीभागले पाउने आधा पनि उक्त कोषमा दाखिल गर्ने सेवकको सुझाव श्री ५ को सरकारले स्वीकार गरी सकेको छ ।

८. महालेखा परीक्षक राष्ट्रीय धनको प्रहरीको रूपमा रहेको हुंदा नीजको कर्तब्य पालनको सम्बन्धमा श्री ५ को सरकारका मन्त्रालयहरू (एकाध बाहेक) बाट सेवकले पाउनु पर्ने सहयोग पाउन सकेको छैन । श्री उद्योग तथा वाणिज्य मन्त्रालयले श्री घरेलु ग्रामिण साना उद्योग तालिम तथा विकास विभागको लेखापरीक्षण गर्न लाग्दा बाधा उपस्थित गरेकोमा परीक्षण गर्न सरकारबाट निकासा बक्से पछि मात्र सो बाधा समाधान भयो । बिशेषतः सर्व श्री अर्थ मन्त्रालय, कानून तथा न्याय मन्त्रालय एवं लोक सेवा आयोगबाट सहयोग नपाएकोले पूरा पार्टपुर्जाहरू जुटिएको लेखा परीक्षणरूपी यन्त्रखडा गर्न धौ धौ परीरहको छ । राष्ट्रधनको चंजा पंजा मिलाउन आदर्श बन्नु पर्ने श्री अर्थ मन्त्रालयले स्वस्थ आर्थिक प्रणाली नअपनाई आर्थिक ब्यवहार गरी दिंदा देखिन आएको अनियमितता सेवकले औंल्याउनै परेकोबाट सो मन्त्रालय र सेवकको बीचमा गाढ़ा र सौहार्दपूर्ण सम्बन्ध कायम हुन सकेको छैन । ( लेखापरीक्षणको सिलसिलामा तत्सम्बन्धी कागजपत्र (फाईल) संविधान बमोजिम सेवकले हेर्न पाउनेमा श्री अर्थ मन्त्रालय ( खर्च शाखा ) ले हेर्न नदिन खिचोला झिकेको थियो । सेवकको कर्तब्य पालन गर्ने साधान जुटाउने सम्बन्धमा श्री ५ को सरकारमा पेश गर्ने प्रस्तावहरू समयमा (अनावश्यक खिचोला पनि झिकी) पेश गर्ने रकम मागेको राय समेत समयमा दिने सम्बन्धमा उक्त मन्त्रालयको सहयोग सेवकले पाएको छैन । ) कानून सम्बन्धी राय र ब्याख्याको निमित्त श्री कानून तथा न्याय मन्त्रालयसंग सम्पर्क राख्दा त्यहांबाट सेवकलाई निराश गराइएको छ । श्री लोकसेवा आयोगले नियुक्ति तथा प्रमोशन सम्बन्धी परामर्शको बाटोमा टट्टी खडा गरी दिएकाले लेखापरीक्षण गर्ने पदाधिकारीहरूरुपी अंग पूरा गर्न पाएको छैन । पूर्वोक्त परीबन्दहरूबाट नयां ब्यवस्थाको लेखापरीक्षण सम्बन्धी कार्य सम्पन्न गर्न साह्रै बाधा उपस्थित हुन आएता पनि प्रचलित कानूनलाई अंगाली प्राप्त भएका अपूरा साधानले अनुसूचीमा उल्लिखित विभाग आदिका लेखा परीक्षण गरी आवश्यक आलोचनाहरू सहित यो रिपोर्ट चढाएको छु ।

९. लेखापरीक्षण ऐनको ८ दफाको उप-दफा (१) अनुसार सरकारबाट स्वीकृति बक्से बमोजिम निम्नाङ्कित स्वशासित संस्थाहरूको लेखापरीक्षण गरी रिपोर्टहरू सो संस्थाका सम्बन्धीतहरूमा पेश गरिसकेको छु:—

१. श्री नेपाल बैंक लिमिटेडको २०१८ को लेखा ।
२. श्री नेपाल राष्ट्र बैंकको २०१८।१९ को लेखा ।
३. श्री त्रिभुवन विश्वविद्यालयको २०१८ को लेखा ।

## लेखापरीक्षण सम्बन्धी सामान्य समालोचना

१ बजेटमा बढी अनुमानः- अनुमानित बजेट र खुद खर्चमा धेरै अन्तर परेकाले खर्चको धेरै जसो रकम राम्रो छानविन नभई बढी मात्रामा समावेश भएको देखिएबाट आर्थिक नियन्त्रण दृढ हुन पाएन।

२ बुझ बुझारथः- धेरै जसो विभाग तथा अड्डाहरूमा हाल साविक हुँदा कानून हुनु गर्नु पर्ने बुझ बुझारथ भएको नदेखिएकोले सो हुनको लागि बराबर विभागीय प्रमुखहरूलाई त्यसबाट हुने हानि नोक्सानी तथा लेखापरीक्षण कायम। पर्न गएको बाधा समेत दर्शाई पत्रपत्र पठाउदा पनि वहांहरूले तत्सम्बन्धमा कुनै ठोसकानूनी कारवाई उठाउनु भएन। उल्टो बुझ बुझारथ नगर्ने पदाधिकारीहरूलाई ( प्रोत्साहन हुन जाने किसिमसंग ) विदेशमा प्रशिक्षणको लागि पठाएको र ६,८ महीना मै सरुवा चैज समेत गर्नु भएको देखिन आएकोछ। त्यसरी धेरै वर्ष सम्म बुझ बुझारथ नगराई राखि दिनाले प्रचुर मात्रामा राष्ट्रिय धन हिनामिना हुन गई रहेको देखिनाको साथ कयौं लाख असूल उपर गर्न बांकी रही तत्सम्बन्धी लेखापरीक्षण समेत गर्न पाएका छैन।

३ ठेक्का पट्टाः- विभिन्न किसिमको ठेक्का प्रचलित कानूनको रीत अग नपुर्याई बन्दोबस्त गर्ने गरेका र ठेक्का पट्टा दिन नहुने तथा बांकीवाला ठेकदार समेतलाई ठेक्का पट्टा दिएको पनि देखिन आयो। बांकीवाला ठेकदारहरू उपर प्रचलित कानून बमोजिम कारवाई नगरी लखौंरुपैयां ठेकदारहरूको पेट बांकी राखि छोडेको पनि भेटिएको छ।

४ दैनिक भत्ताः- दैनिक भत्ता व्यक्तिगत लाभको स्रोत बनाउन नहुनेमा मन्त्रीहरू भ्रमण गर्नु हुँदा चाहाडवहाडमा आफ्नो घरमा विश्राम गर्नु भएको दिनहरूमा पनि दैनिक भत्ता लिने गर्नु भएको देखियो।

५ भ्रमण खर्चः- मन्त्रीहरू भ्रमणमा जानु हुदाको अवसरमा सवारी सुविधा पाउनु भएको हुदा हुदै वहाहरूले सो अवस्थाको काठमाडौं उपत्यकामा रहनु हुंदाको निमित्त ठेकिएको पैट्रोल पनि लिने गर्नु भएको।

६ लुगा भत्ताः- विदेशमा खटो जादा २ वर्ष भित्र एक पटक मात्र लुगा खर्च लिन पाउनेमा सो अवधि भित्र कुनै मन्त्रीले २ पटक लुगा खर्च लिनु भएको देखियो।

७ अध्ययन विदाः- छात्रवृत्ति पाई विदेशमा अध्ययन गर्न जाने पदाधिकारी काजमा जान नपाउने भई आधा तलबको अध्ययन विदामा जाने गरी रहेको प्रतिकूल हुने गरी अध्ययन विदालाई काज गरी पठाई पूरा तलब खवाउने गरेको को अतिरिक्त सेवाको अवधिमा एक पटक मात्र अध्ययन विदा पाउनेमा बढी पटक अध्ययन विदा दिई पठाएबाट समेत राष्ट्रिय धनको बरवाद भई रहेको छ।

८ विना वहाल सरकारी घरमा बस्न दिएकोः- सेवाको शर्तले नपाउने सुविधा दिई पदाधिकारीलाई विना वहाल सरकारी घरमा वसोवास गर्न दिई राखेको देखिएको।

९ पेट्रोलबाट चल्ने सवारीः- श्री ५ को सरकारले अफिस सम्बन्धी कामलाई दिई राखेका र प्रोजेक्टको निमित्त मित्र राष्ट्रबाट प्राप्त सवारीहरू समेत सरकारी काममा मात्र उपयोग गर्नु पर्नेमा घर आउन जान र अन्य निजी काममा उपयोग गरिरहेकाबाट तरल रूपमा राष्ट्रिय धनको दुरुपयोग भई रहेकोछ। धेरैजसोले लगबूक प्रस्तुत नगरेका र प्रस्तुत गर्नेले पनि रीतपूर्वक नराखेकोले राष्ट्रिय धनको बरवादको परिमाण एकिन हुन सकेको छैन।

१० साईकल सवारीः- विभिन्न विभागले चाहिदो भन्दा बढो साईकल खरीद गरेका र पदाधिकारीले सरकारी साईकल निजी काममा उपयोग गर्दा छन। वाणिज्य विभागमा बिक्रीका साईकल छदाछंदै बढी मोलका साईकल बजार खरीद गरेको पनि देखियो।

११ सवारी भत्ताः- सवारी भत्ता पाउन पदाधिकारी धेरैले पाएका भत्ता अनुसारको सवारी नराखेका र कसैले निजी सवारी नै नराखि सरकारी सवारीको उपयोग गरेको पनि देखिएको छ।

१२ बिकाश नियमले नपाउने सुविधा दिएकोः- साधारण बजेटबाट तलब खाने गरी नियुक्त भईरहेका पदाधिकारीलाई विकाश नियम बमोजिम सुविधा दिएको।

१३ विकाश समिति सम्बन्धी अधिकृत नियमाबली नभएकोः- बिकाश समितिले श्री ५ को सरकारले स्वीकृति नदिएका नियम बमोजिम काम कारवाई गरेबाट अनियमितता समेत भएको।

१४ रकमान्तर:- विकासबाट साधारणमा र साधारणबाट विकासमा रकमान्तर गरी खर्च गरेको ।

१५ वैदेशिक सहायता:- वैदेशिक सहायता सम्बन्धी सम्झौतानुसार प्राप्त हुनु पर्ने मालसामान तथा नगद प्राप्त भए नभएको एकीन हुन सक्ने गरी स्रेस्ता नराखेको ।

१६ बेरीतसंग मालसामान खरीद गरेको:- रूल नियम बमोजिम घटाघट नगराई मालसामान खरीद गरेको ।

१७ संचितकोषमा दाखिल नगरेको:- आर्थिक वर्षको अन्त्यमा रहन आएको मौज्दात ( साधारण बजेट तर्फ ) सर्व संचित कोषमा दाखिल नगरी राखेको ।

१८ लिलाम बिक्री नगरेको: लिलाम बिक्री गर्न रित अग पुगि सकेका माल सामान त्यसै राखि नोक्सानी बढ्दै गईरहेको ।

१९ निकासा बमोजिम कारवाई नभएको:- लेखापरीक्षण गर्दा हुंदा राष्ट्रिय धनको हानि नोक्सानी भएको वा हुने देखिएको तत्काले जाहेर गर्न पर्ने विषयको सम्बन्धमा जाहेर गर्दा बक्सेको निकासा बमोजिम कारवाई नटुंग्याएका ।

२० लगत ईष्टमेट:- रीतपूर्वक लगत ईष्टमेट नगरी निर्माण कार्य गर्ने गरेको ।

२१ मर्मत:- सरकारी भवन, सार्वजनिक सडक तथा पुल कलमर्ट आदिको रेखदेख र समय मै मर्मत हुने व्यवस्था नगरेको ।

२२ बेरुजु-पक्राउनको वास्तविकता नदर्शाई निर्णय गराएका:- लेखापरीक्षणबाट फेला परेका बेरुजुको जनाउ पाएपछि सो बेरुजु-पक्राउको कुरा नदर्शाई एक तर्फि व्यहोरासम्म समावेश भएको, प्रस्ताव पेश गरी श्री ५ को सरकारको निर्णय गराउने गरेका ।

## लेखापरीक्षण

### श्री सर्वोच्च अदालत

२०१६ साल श्रावण ८ गते देखि लेखापरीक्षण गर्न जांदा आय व्यय सम्बन्धी लेखा तथा जिन्सी मालको रीतपूर्वकको लगत समेत नभएको र तत्सम्बन्धी बिल भाउचर तथा अन्य कागज पत्र समेत समयमा पेश हुन नआएका र पेश हुन आएकामा पनि रीत अंग पुगि पेश हुन नआएका।

काम काममा काज खटिगएका पदाधिकारीहरूलाई म्याद भित्र फांटवारी बुझाउने गरी रू. २३,००५। पेशगी खर्च लेखेकोमा म्याद भित्र फांटवारी लिई फछ्यौंत गर्ने समेत कारवाई नगरी राखेको।

घर भाडामा लिन नियम बमोजिम प्रचार गरी घटाघट या टेण्डर कल गर्नु पर्नेमा सो केही नगरी अनियमित तरीकाले घर भाडा रू ४,३६३। खर्च लेखेको।

दोहरो तलब खर्च लेखेको असूल नगरी राखेको रू ७५० तलव खान नपाउने भएको महीनाको कर्मचारीको संचय कोषमा दाखिल गरेको रू ७२६। निज कर्मचारीहरूबाट असूल उपर नगरेको। बैंकबाट झिकि ल्याएको रू ९६५। स्रेस्तामा आम्दानी खर्च नगरी एक महीना पछि बैंकमै जम्मा गरेको। फांटवाला नायब सुब्बा तथा डिट्ठा पदमा प्रचलित कानूनले कायम मुकायम गर्न नहुनेमा गरी रू ७०६। कायम मुकायम भत्ता खर्च गरेको। स्वीकृति विना अघिल्लो सालको दिन बांकी तलब रू ७८९। खर्च गरेको। तलब बृद्धिमा रू ३९७। खर्च लेखेको तत्सम्बन्धी निकासा आदेश पेश नगरेको। निकासा विना रू १,०००। पेशगी दिई पठाएको बर्षावित्ति सकदा पनि असूल फछ्र्यौट नगरेको। भ्रमण खर्च भा. रू ६। बढी खर्च गरेको र हुण्डियाना रू १३। असूल नगरेको। ढुवानी रकममा रू १५२। खर्च लेखेको बिल भपाई पेश नगरेको। मसलन्द रकमबाट पेट्रोल रकममा रकमान्तर गरी रू १०। स्वीकृति बिना खर्च लेखेको।

जिन्सी मालसामान थान ७६ आम्दानी नबाधेको र टाइप राइटर गोटा ४ नपुग देखिन आएको।

लाइब्रेरी तर्फ विभिन्न विषयमा किताब थान ५० आम्दानी नबाधेको र किताब थान १७ नपुग भएका।

# श्री महालेखा परीक्षकको विभाग

२०१८।१९ मा तलव रु ५६८। दोहरो खर्च लेखेको देखिएकोले सो (विगो) रकम दाखिल गर्न लगाई सम्बन्धी पदाधिकारी उपर विभागीय कारवाई भई रहेको छ ।

## श्री नेपाल लोक सेवा आयोग

२०१७।१८ बढी लिएको टि.ए.रु. २६२। अनियमित तरीकाले रु १४,८००। को मालसामान खरीद भएको, संचितकोष दाखिला रु १,४०८। को भाउचर नभएको. किताब खरीद गरेको रु ४००। को बिल नभएको, आर्थिक वर्ष भुक्तान भए पछि। बाँकी हुन आएको मौज्दात रु ३७५६। म्याद भित्र सर्व संचितकोष दाखिल नगरेको को अतिरिक्त रितपूर्वकको जिन्सी किताब समेत नराखेको ;

२०१८।१९ मा आवश्यक मालसामान भिकाउन महसूल तिर्ने रकमको ब्यवस्थै नगरी मालसामान खरीद गरी आएको भंसार छुटाउन लाग्ने महसूलको निकासालाई कारवाई गरी निकासा भएपछि मात्र माल छुटाउदा रु ११२। डिमरेज लगत गएकोमा पनि अर्थ मन्त्रालयबाट निकासा भएका रकमको चेक प्राप्त हुना साथ नछुटाएकोबाट रु १२। बढी डिमरेज लगत गएको, परीक्षा दस्तुर आदि आम्दानी हुने रकमको रोजनामा आम्दानी खर्चको स्रेस्ता नराखेको।

# श्री अर्थ मन्त्रालय

श्री मन्त्री-मण्डल, मन्त्री-मण्डलालय तथा मन्त्री परिषद

२०१७।१८ मा श्री निर्माण संचार तथा यातायात सहायक मन्त्रीलाई हेटौंडाको भा. रू. मै दैनिक भ्रमण भत्ता खर्च लेखेको, बाहिर रहनु हुँदाको पनि उपत्यकाको दरबन्दी बमोजिम मन्त्रीहरू-लाई ( दिन खुले सम्मको ) रू. ८०८। पेट्रोलमा खर्च लेखेको र मन्त्री-मण्डलालयको तलब रकममा रू. ६३६। बजेट भन्दा बढी निकासा दिएको ।

श्री मन्त्री-मण्डलालयको बजेटबाट महासभाका उपाध्यक्षको मोटर भाडा रू. ६,४८०। भर्पाई बेगर खर्च लेखेकोमा पनि रु. ३६८ माग भन्दा बढ़ी दिएको ।

श्री मन्त्री-परिषद

२०१८।१९ मा उपत्यका बाहिरको भ्रमण अवस्थाको दरबन्दीको पेट्रोल खर्चमा कुनै कलममा भविष्यमा बन्ने नियमलाई, कुनैमा मासिक दरबन्दीको लगाउ लिई दोहोरी पर्ने गरी दुबै तर्फको दिएको र कुनैमा कटाई दिएको ।

अर्थ मन्त्री संयुक्त राष्ट्र संघको बैठकमा भाग लिन जानु हुंदा संयुक्त राष्ट्र संघको बैठकमा भाग लिएका दिनको सम्म रोजको ३५ डलरले दिने निर्णय भएकोमा सो अधिवेशन र अनेत्रको अधिवेशनमा जानु आउनु हुंदा समेत पुरै दिनको ३५ डलरका दर्ले दैनिक भत्ता खर्च लेखेको ।

अर्थ मन्त्रीका निजी सचिवालयको ष्टाफले खाएको तेजारथ सापटीको रू. ५३८। कट्टी गरी बुझाउनु पर्ने नगरेको । रु. ६४७। पेशगी खुवाएको रिपोर्ट पास गरी फछर्यौंत गर्नु पर्ने नगरेको ।

सहायक मन्त्रीलाई मन्त्रीको सिफारिशमा एक पटकमा रु. ५,०००।- सम्म निकासा दिई श्री ५ महाराजाधिराजका हजूरमा जाहेर गर्नु पर्नेमा सो बमोजिम गर्नु नभई कुनैमा अर्थ मन्त्री कुनैमा सहायक मन्त्री र कुनैमा श्री अर्थ सचिव आफैले निकासा गर्नु गराउनु एको ।

श्री अर्थ मन्त्रालय

संसदको सदस्यको हैसियतमा विदेशमा जानु हुँदा लुगा भत्ता दिएको ३ वर्ष व्यतित नहदै अर्थ सहायक मन्त्री कोलम्बो योजना सहायता समितिको बैठकमा भाग लिन जानु हुँदा पनि उक्त भत्ता दिएको ।

२०१८।१९ मा बिल भन्दा बढी रू. १,०१९। को पेट्रोलको भुक्तानी दिएको पेट्रोलमा रू. ८,७३६। खर्च गरेकोमा रू ५,५५५। को रीतपूर्वकको लगबूक नभई अनियमित खर्च लेखेको, उच्च पदाधिकारीहरूको भ्रमण पेशगी रू. ७६७। फछर्यौट गर्ने कारवाई नगरेको, सहायताबाट प्राप्त डलर ८८६ को ३ बाकस मोटरको स्पेर पार्टसको आम्दानी खर्चको हिसाब नराखेको, ब्याटरी सेट टेलिफोन थान १७ को वर्षौंसम्म कुनै आवश्यक व्यवस्था नमिलाई र टाइपराइटर थान ११ मेच थान ७२ समेत मर्मत गर्नु पर्नमा मर्मत र नहुनेमा लिलाम समेतको कुनै व्यवस्था नगरी बेहिफाजतसाथ राखेको, संयुक्त राज्य अमेरिकाको सहायताबाट प्राप्त क्यालकुलेटिङ मेशीनको कागज बाकस ( एक बाकसमा १०० मुट्ठा हुने ) ३३ बांकी देखिएको तर तत्सम्बन्धी लगत नराखेको । रू. १६,४६६।-को मसलन्द खर्च गरेको मध्ये रू. ७,५०८। को एकै मितिमा रू. १००। भन्दा बढ़ीको घटाबढ नगराई खरीद गरेको, साल तमामकै दिन रू. १,६३३। को मालसामान खरीद गरेको, रू. १००। मा नबढने गरी एकाध दिन बिराई मसलन्द खरीद गरेको को अतिरिक्त फर्निचरको रीतपूर्वकको जिन्सी किताबमा नराखेको ।

२०१६।१७ मा सिराहाको सूखमरीलाई आकस्मिक कोषबाट रू. ४,००,०००।- निर्व्याजी सापटी दिने र २०१७।१८ मा रू. २१,००,०००।- सब रकममा सार्ने बीभागीय मन्त्रीबाट सदर गराई अर्को आर्थिक वर्षमा मात्र मन्त्री परिषदबाट समर्थन गराएको देखियो । आकस्मिक कोष ऐन, २०१६ बमोजिम नियम नबनाई संविधान अनुसार श्री ५ महाराजधिराजबाट स्वीकृति नबक्साई उक्त कोष-बाट खर्च गरी कानूनी नियन्त्रण उल्लङ्घन गरेको ।

२०१८।१९ को भक्तपुर मालको रू. ७९,७८८। ठाडो बांकीमा कारवाई गर्न अनुरोध गरेको मा कुनै ठोस-कदम नउठाएकोले सो व्यहोरा सरकारमा जाहेर गर्दा तुरुन्त ऐन सवाल बमोजिम कारवाई गर्नु गराउनू भन्ने निकासा बक्सेकोमा सो कारवाई नटुंग्याएको ।

कतिपय खर्चको निकासा सम्बन्धमा निरुपण नगरी निकासा दिने गरेकोबाट स्वस्थ आर्थिक

नीतिको प्रतिकूल हुन गईरहेको छ ।

केही उदाहरणहरू निम्नाङ्कित छन्:-

(१) बढ़ी पोत फीर्ता दिने सम्बन्धमा दिनु पर्ने नपर्ने एकीन नगरी फीर्ता दिएको

(२) बीरगंज रक्सौल सडक पीच गर्न चीप-स्टोन दिने ठेकदारलाई हिसाब एकीन भए पछि आर. टी. ओ. ले नव्यहोर्ने ठहरेमा चीफ इन्जीनीएरबाट ऐन सवाल बमोजिम असूल उपर गर्ने भनी रु. ५,५८५।- अन्य मन्त्रालय सम्बन्धी विषयमा निकासा दिएको ।

(३) भक्तपुर गुठी सम्बन्धी मालसामान दिने ठेकदारलाई उपत्यका गुठी समेतको पर्ने मामुली रकमबाट व्यहोर्न पुग्छ र खर्च दिन पर्ने ठहराउन हुन्छ भने खर्च गर्न दिने भनी निकासा दिएको ।

(४) सनद बमोजिम पाउने भए मात्र नंबु दोचा जोर २ खरीद गर्ने भनी निकासा दिएको ।

(५) सेलेक्सन बोर्डका अध्यक्षलाई दिन बांकी पारिश्रमिक नियमले दिनु पर्ने हो भने दिने भनी निकासा दिएको ।

पुनर्गठनको कामको नाताले श्री अर्थ मन्त्रालयका पदाधिकारीहरूलाई रूल नियमले नपाउने रकम खर्च गरी खाजा खुवाएको ।

विभिन्न ठेकदारहरूसंग असूल उपर गर्नु पर्ने १२।१५ बर्ष देखिका धेरै राष्ट्रिय धन प्रचलित कानूनले पनि समय मैं असूल उपर गर्नु पर्नेको को अतिरिक्त मन्त्रीहरूबाट ऐन सबाल बमोजिम गर्ने पटक पटक आदेश हुंदा पनि निवेदन पर्न आएको नालाबाट कानूनन् गर्नु पर्ने कारबाई नगरी प्रचुर मात्रामा सरकारी बांकी असूल नगरेको ।

श्री आय र कर अदालत

अदालत सम्बन्धी मुद्दाहरू प्रकाशित नहुने पत्र पत्रिका खरीद गरेको ।

श्री कर बिभाग

कर निर्धारण भए सम्मको लगत मध्ये कर रु. १,१०, २५६। दण्ड रु. २२६। असूल गर्नु पर्ने बांकिरहेको र विभिन्न होटलहरूबाट मासिकवारी तथा कर दाखिल गराउनु पर्ने नगराए मध्ये एक होटेलको कर रु. ८,०४४ नबुझाएको देखिएको समेतमा र घर जग्गा तर्फ कर निर्धारण भई सके बमोजिम असूल गर्नु पर्ने समेतमा कारवाई सुस्त देखिएको ।

श्री भन्सार तथा अन्त: शुल्क विभाग

डाइरेक्टरले पाउने भ्रमण पेशगी फांटवारी नबुझाउने अन्य पदाधिकारी जिम्मा लगाएको ।

नेपाल भारत बीच भएको वाणिज्य सन्धि अनुसार भारत सरकारले श्री ५ को सरकारलाई नेपालमा पैठारी भएका मालसामानको एकसाइज डयुटी फिर्ता दिने गरी आएको । नेपाल स्थित बैदेशिक मिशनले भन्सार महसूल मात्र सहूलियत पाउनमा श्री ५ को सरकारलाई फिर्ता आउने पेट्रोलको एकसाइज डयुटी बापत ( श्री कानून मन्त्रालयको राय नलिई र फिर्ता भएको रकमको अंक एकीन नगरी ) रु. ५,२५,५०६। फिर्ता दिलाएको ।

बारा मालले २०१८ सालको गांजा करको लगत रु. ७,३२,७२५। देखाएकोमा सबै श्रेस्ता केलाई हेर्दा रु. ७,४०,७१७। को लगत कायम हुन आई रु. ७,६६१। बढ़ी आम्दानी हुन आउने र सो कायम हुन आएको लगत मध्ये रु. ३,०६, २३६। र २०१७ साल सम्मको लगत मध्ये बांकी रु. १,१०,८५१। समेत जम्मा रु. ४,२०,०८८। को रकम असूल उपर नगरी बांकी राखेको ।

पर्सामाल गांजा करको लगत १३,५६,०७८। देखाएकोमा लेखापरीक्षणबाट रु. १४,३३,८१७। को लगत कायम हुन आई रु. ७७,७३९। बढ़ी आम्दानी हुन आउनेमा उक्त कायम हुन आएको लगत मध्ये रु. २,४६ २४८। र ०१७ साल सम्मको लगत मध्ये बांकी रु. १६, ३२०। समेत जम्मा रु. २,६८,५६६। असूल नगरी बांकी राखेको देखिनुको को अतिरिक्त धरौटी रहेको रु. ६,२६६। समेत सदर स्याहा नगरेको ।

उपर्युक्त माल ईलाकामा सो सालमा गांजा खेती गर्न के बीरगंज गोश्वराबाट लाईसेन्स वितरण गरेबाट भएको आम्दानी जम्मा रू. ७३,४५३। म्याद भित्र दाखिल नगरेको ।

प्रचलित कानून बमोजिम माल गोश्वराबाट गाजा खेती जांच गर्न गएको डोरले सर्वत्र घुमी एकएक गरी बेलाईसेन्सका खेती पत्तालगाई ल्याएको नभई मौजामौजाका जिमिदार,पटवारीसमेतभेला गरा कसैले दवाए छपाएको ठहरे सजाय सहुँला भन्ने मुचुल्का गरी लेखाईदेखाई गर्न लगाई जांच गरी ल्याएको देखिएको । सो डोरमा श्री विशेष पुलिस विभागका डोर सम्मिलित नभएको र सो विशेष पुलिस विभागको डोरले सुराक पत्ता लगाएको पनि नदेखिएको । त्यसरी जिमिदार, पटवारी समेतका सरजमिनले वेलाइसेन्सका खेती भनि देखाएको खेतीका कमिशन माग गरेको सो माग गर्दा पनि अघि विगाहा ६४६ देखाएकोमा पछि विगाहा ४२० मात्र देखाएको । त्यस्को पनि वर्षे लगत कायम नगरी राखेको लेखापरीक्षण डोरले लगत कायम गर्न लगाएको । लेखिए वमोजिम गांजा जाँच डोर तथा श्री वि.पु.वि को डोरले चोरी खेतो पत्ता नलगाएको कुराको समेत वास्तविकता नदर्शाई सो विभागको भनाइ कै भरमा असूल हुन बाको रकम ५,५८,४८५। छंदा छदै त्यस्को समेत पुरस्कार पाउने गरी रू. ३३,८८५। निकासा गराएको ।

सरकारी अड्डा विभागबाट फिकाइ आएका मालसामान समयमा नछुटाएबाट लागेको डिमरेजका सम्बन्धमा त्यस्ता मालसामानमा लागेको डिमरेज मिन्हा दिन मनासिब देखिए श्री भंसार तथा अन्त: शुल्क विभागबाट मिनाहा दिने भन्ने श्री ५ को सरकारको निर्णय प्रतिकूल हुने गरी मनासिब वेमनासिब समेत नछुट्याइ डिमरेजको भंसारमा लगत रहेको जम्मा रू ६,०५,०२४। मध्ये रू२,०५,०१३। एकै पटक मिनाहा दिएको । श्री वाणिज्य विभागले धेरै महीना सुस्त गरी माल नछुटाई लाग्न गएको डिमरेज मात्र रू ३,०२,६१२। देखिन आएको ।

### श्री लियाजो अफिस कलकत्ता

सार्वजानक सवारीका साधनहरू यथेष्ट भएको हुँदा लियाजो अफिसरको निमित्त सवारी भत्ता वा हल्का सवारीदिएपुगनेमा उपत्यकाबाट ड्राइभर सहितको जोप पठाएकोले ड्राइभरलाई स्थानीय भत्ता समेत दिनु परी बढी खर्च हुन गएको ।

### श्री काठमाडौं गोश्वरा भन्सार

२०१८।१९ मा हाल, साविक, दरसाविक हाकिमहरूका बुझ बुझारथ भै नसकेकोले असूल हुन बाँकी लगत कायम हुन नसकेको, जफती र डेलिभरी हुन नसकेको मालसामानको सम्बन्धमा व्यवस्था नभएको, किताब दर्ता नभएकालाई खुवाएको पेशगी रू २२०। फछ्र्योट नगरेको को अतिरिक्त भन्सार महसूल रू १२,४३४। असूल फछ्र्योट नगरी बांकी राखेको । म्याद पुगेको रू ६५,६५५ – भा.रू २०७। समेत रू ६१,७५६। मा रू १७,२०७। धरौटी बांकी रहेको ।

### श्री बीरगंज भन्सार

आम्दानीबाट रू १५,७८१। आदेश वेगर खर्च भएको. रू १,६५,८२७ धरौटी र रू २०,२३५। उत्राती रहेको फछ्र्योट गर्ने तर्फ कारवाई नगरेको को अतिरिक्त रू ३४। वेरूजु फछ्र्योट नभएको ।

### श्री गौचर भन्सार

समय मै असूल हुने भन्सार महसूल रू ३३,२५६। असूल गर्न बांकी राखि छाडेको र अनियमित तरीकाले तलव रकममा रू ३,२२४। खर्च गरेको ।

### श्री पू. १. नं. ताता पानी भन्सार

२०१८।१९ मा दण्ड रू १३। असूल गर्न छुटाएको, निकासी गर्न भनाई भएका सिकमिकी सामान समेत थान १४६, मट्टितेल टिन जम्मा ३५ जफत गर्नु पर्नेमा बिना निकासा माल धनिलाई फिर्ता दिएको । जिन्सी किताबमा आम्दानी बाधिएको विभिन्न मालसामानहरू मौजूद नरहेकोमा कारवाई नगरेको । छाला थान १३ समयमा लिलाम नगरेकोले फिरा लागि बेकम्मा भएको ।

**श्री गौर भन्सार**

२०१८।१९ मा भर्ना सदर नभएकालाई तलव खुबाएको रु. २८७, बक्यौता रु. ७,६८८१ असूल नगरी र उत्राति रु. ६८७ फछ्यौंट गर्ने कारवाई नगरेको ।

**श्री रकम बन्दोबस्त अड्डा**

२०१८।१९ मा उत्राति बांकी फछ्यौंट गर्ने कुनै कारबाई नभएको, साबिक हाकिमसंगको बुझ बुझारथ बांकी राखेकोबाट (ठेक) बांको लगत कायम हुन नसकेको, ठेक सदर गर्दा अंक अन्तर खुलाउनु पर्नेमा कानूनको बिपरित अन्तर नखुलाएको, समयमा ठेक्का सदर नभएबाट सिन्धुली र ईलाम भट्टी रकममा क्रमशः रु २२६३। र रु२६८६। नोक्सान पर्न गएको ।

**श्री सर्भे गोरखा**

२०१३।१४ र २०१४।१५ मा अमिन प्रशिक्षण कार्य सम्बन्धमा खरीद भएको रु ६००। को फर्निचर जिन्सी किताबमा आम्दानी नबांधेको डाईरेक्टरको स्वीकृति नलिइ र अवधि पनि नतोकी अमिन छात्रहरु भर्ना गरेको . अमिन छात्रहरुलाई बिना आधारमा अनियमित तरीकाबाट मौखिक अडर बमोजिम बिदा दिने गरी आएको, तालिम भत्ता कुल्ली मजुरी र मसलन्द रकममा निकासा भन्दा रु ४.०६३। बढी खर्च गरेको , मसलन्द खर्च रु २४०। को बीलभाउचर नभएको र रु १८४। को बेरीतको बील भाउचर पेश गरेको निकासा बेगर छाना र बाटो मर्मत कार्यमा खर्च गरेको समर्थन नगराएको छात्रहरुको भत्ताबाट खाना नपाउने रकम कट्टी भएको रु ७८। संचितकोष दाखिल नगरेको , विशेष भत्ता रु ५७०। खान पाउने ब्यक्तिको निस्सा बेगर अर्को ब्यक्ति हस्ते खर्च लेखेको को अतिरिक्त छात्रहरुको भत्ता बाडेको भरपाई बेरै अंक केरमेट थपघट गरी सच्याई राखेको ।

सर्भे ट्रेनिङ क्लास बिरगंजको भा. रू . ३,७५६ ।- निकासा भएको तर भा. रू. ३०० र रु. १०७५ । मात्र आम्दानी बाधेको रू, पाउनेमा भा. रू. दिएको र नियम भन्दा बढी खर्च लेखेको समेत भा. रू. ८३।- असूल उपर नगरेको, बेरितको बिलबाट भा. रू. ३। - खर्च लेखेको । आर्थिक बर्ष २०१४।१५ मा ६ महीनाको लागि ट्रेनिङ्ग भत्ता निकासा भएकोमा ८ महीना ट्रेनिङ्ग क्लास चालु गरी २ महिनाको तालिम भत्ता बढि खुबाएको , घर भांडा रकममा निकासा भन्दा भा.रू. ३०। र रू. ३६४। बढ़ी खर्च लेखेको को अतिरिक्त घताघत मुचुल्का कबुलियत बेगर भा.रू. १२०। र शिक्षकहरुलाई बिना निर्णयले घर भाडा भा. रु . १,२५०। खर्च लेखेको रीत नपुऱ्याई छात्रहरू तालिम अवधि पुरा नहुँदै बीचमा छाडी गएका छात्रहरुसंग कबूलियत बमोजिम तालिम भत्ता तथा घरभाडा समेत जम्मा भा. रू. ३१६। र रू. १०४। फिर्ता असूल गरी लिनु पर्ने असूल नगरेको, दैनिक भत्ता र कुल्लि मजुरी रकममा भा. रू. ११६। र रू.३६२ निकासा भन्दा बढ़ी खर्च गरेको भा.रु. २५। मोल परेको माल जिन्सी किताबमा आम्दानी नबाधेको, बिना बिल भा. रू. ६६। मसलन्द खर्च लेखेको भा. रू. १,२४२।र रु ५,३६८। निकासा भन्दा बढो जिम्मेबारी ल्याएको मध्ये रू, १०६। मात्र फिर्ता खर्च लेखिएको र त्यसको पनि प्रमाण पेश नगरेको, सापटी गएको भा. रू. १० असूल नगरेको।

२०१५।१६ मा अनावश्यक काममा गएको दैनिक भ्रमण भत्ता भा. रू. ३६। खर्च लेखेको र सो खर्च लेखेकोमा पनि रू. पाउनेमा भा. रू. दिएको समेत गरी भा. रू. १८। बढ़ी खर्च लेखेको ।

२०१३।१४ र २०१४।१५ मा पंच बार्षिय योजना अन्तरगत भर मुलुकको कित्ता नापी गर्ने लडका तालिम गर्ने कामको भा. रू. ४००। खर्चको फांटवारी पेश नभएको, भा. रू. २,२००। निकासा स्वीकृति बेगर पछिल्ला सालमा खर्च गरेको, भा. रू. ६४०। मोल परेको मालसामान जिन्सी किताबमा आम्दानी नबांधेको ।

**श्री केन्द्रीय तथ्याङ्क विभाग**

२०१५।१६ देखि २०१६।१७ को लेखापरीक्षणको लागी लेखा विवरण प्राप्त हुन आउन नसकेको र सो भएता पनि ताहाँ ज्यादै लेखा बोर साथ रहेको बुझिएकोले लेखा विवरण पछि प्राप्त गरी लेखापरीक्षण कार्य टुंग्याउने किसिमसंग मौजुदा लेखा प्राप्त गरी लेखापरीक्षण गर्दाको सिलसिलामा

सो अड्डाको तत्कालिन ए.ना.सु. ले तहवील मर्स्योट गरेको उक्त विभागको प्राप्त फांटवारी बाट रू ७,८६३। भारू ७,८७७। देखिएको । तर काठमाडौं फौजदारी तहसीलको लगतमा काठमाडौं मेजिष्ट्रेटको फैसला बमोजिम भनि कं रू १६४। भा रू ४,८८२। रू ४३,३०१। लगत कसी राखेको देखिएको र उत्राती रहेको रकम पछिल्ला साललाई जिम्मावारी सार्दा रू. १८,३८६ भारू. ३,३६६। छुटाएको देखिएको तत्सम्बन्धो पूरा लेखा तथा आर्थिक विवरण कैयौं पटक लेखो पठाउदा पनि प्राप्त हुन नआएको।

**श्री तेजारथ अड्डा**

असूल उपर गर्नु पर्ने सापटी बांकी भारू. ३,६१,४७३। रू. ७८,४२,८४६। देखिए मध्ये कर्मचारीहरू खाली खात्सामा परी बाकी रू, २, ,७४; ७८४। पेन्सन रोक्का भईरहेको रु .३७, ०३३। कारवाई नै नभइरहेको. रु. ४५, ६७६। भाखा किस्तामा गएको मध्य भा. रु. १, ८१, ७१४। रू. ८५, ४४६। ( कुनै बाकीवालालाई असुल गर्नु पर्ने सापटी बाकी छंदाछंदै दिनु पर्ने रकम भुक्तानी दिई पठाएको) हिन्दुस्थानबाट फर्केका शाही सेनालाई बक्स भएकाबाट भर्ना गर्ने गरी गएको रु'१,५३,१३६ र २००७ साल आन्दोलनमा खटिएका शाही सेनालाई पकेट खर्च बापत गएको भा. रु.३, ०००। रू, ८१,७४६। श्री पीपा गोश्वाराको तहवील मस्यौदको कारणबाट रु.३,४४८। को अतिरिक्त सापटीवाला कर्मचारीहरुका तलबबाट कत्ता भई निजामति वाली तलबमा जम्मा भइरहेको भा. रु ,८३ ५६७। रु, २०,२५,७२७ श्रेस्ता भीडाई सबै संचित कोष दाखिल गर्न पर्ने समेतमा कुनै कारवाई नभएको।

**श्री निजामती वाली तलब अड्डा**

२०१५।१६ मा मसलन्द वापत रू ८०७। साधारण बजेटबाट खर्च लेख्नु पर्नेमा विकाश बजेटबाट खर्च लेखेको।

**श्री काठमाड़ौं माल दाश्रा**

२०१८।१६मा लगत मध्येको बक्यौता रू. १६,७८२। धरौटी तर्फ मालपोतको रू. २५,६६७ किसान बाली ढर टी रू ७०,५६७। को अतिरिक्त रैकरमा परिणत गर्न बांको दरखास्त थान १०१५ कारवाई नभईरहेको।

**श्री गोरखा माल**

गोरखा मालबाट रू. ३१८। काठमाडौं गुठी खर्च अड्डामा दाखिल गर्दा दैनिक भ्रमण भत्ता रू. ४५। खर्च लेखेको।

**श्री नुवाकोट माल**

२०१८।१६ मा मालपोत र दण्ड जरिवाना समेत रु. ३,६४,२५१। असूल उपर गर्न बांकी राखेको को अतिरिक्त धेरै पटक ताकेता गर्दा पनि साविका, दर साविक हाकिमहरुको बुझ बुझारथ गराई नसकेकोले उत्राती रु. १,८२,८१५। र ३ सांचामा मात्र लगत देखिएको मालमा श्रेत्ता नरहेको समेत धरौटी रु. ८३,२८०। फछ्यौंट गर्न बांकी राखेको।

**श्री प. १. नं धादिङ माल**

२०१८।१६ मा रु. ३,४५५। बजेट निकासा भन्दा बढी खर्च गरेको, राजस्व तर्फ लगानी मध्ये रु. १,५५,५२६। असूल नभै बक्यौता बांकी रहेको को अतिरिक्त स्याद नाघिसकेको धरौटी रु. ६८,२३०। को सदर स्याहा नगरेको।

**श्री पर्सा माल**

२०१८।१६ मा मालपोत रू. १,०२,०१९। रेडियो कर रु. ६८०। र अफीस सम्बन्धी दण्ड साविक भा. रू २६,१०३। र हालको रू. ७२६। असूल नगरी बांकी राखेको, २०१० साल देखिको मीलहरूको रोयल्टी असूल गर्ने लगत श्रेस्ता र रीतपूर्वक नराखेको को अतिरिक्त रोयल्टी समेत असूल नगरी बांकी राखेको उत्राती रू. ३७,१०,५१७। भा.रू. २६,१४,५६८। र धरौटी रू. २,३७,५५२। भा. रू. २,४०,३५२। फछ्यौंट गर्ने कारवाई नगरी बांकी राखेको।

**श्री बारा माल**

२०१८।१६ मा लेखापरीक्षण गर्दैरहेको अवस्थामा हाकिम बिदामा बसि जाना जान लेखा

परीक्षण कार्यमा बाधा पुऱ्याएको सम्बन्धमा निज हाकिम तथा निजलाई त्यसरी त्यस्तो अवस्थामा बिदा छोडने उपर कारवाई गर्न श्री गृह मन्त्रालय समेतलाई अनुरोध गरी पठाएकोमा सो विषय टुंगिएको केही लेखि नआएको ।

मालपोत तर्फ रू. ६,६५,६०७। अफिं खेतीको दण्ड तर्फ रू. ६,०१,१२८।, मिलको रोयल्टी रू. ५१,११२।, रेडियो कर २८०।, दण्ड जरिवाना भा.रू. ५,१७१, रू. ५,७१८। अन्न संकटको लगानी रू. ८६,२१६ असूल गर्नु पर्ने बांकी र उब्राती बांकी भा. रू. १,२७३,०१६। रू.१८,०५,३६०। धरौटी भा. रू. २,५००।, रू. ३,५५,६६०। फछ्र्यौट गर्ने कारवाई र जग्गा पजनीमा कबूल गर्नेबाट लिनु पर्ने डिपोजित नलिएको रू. २ चर्सा ठेक बांकी साविक ठेकदारसंग लिनु पर्नेमा धनजमानी र ठेकदार समेत बेपत्ता भएको बांकी रू. २४,४६०।को ( श्रेस्ता नदेखाएकोमा लेखापरीक्षणको प्रयासले पत्ता लगाएको ) समेत कारवाई नगरी बांकी राखेको र तलबी खर्च तर्फ रू. १०। बढी खर्च लेखेको असूल नगरेको ।

श्री रौतहट माल

२०१८।१६ मा मीलको रायल्टि लिने नियमानुसार लगत नकसेको र नियमानुसार मीलको रायल्टी रू. १,६६२।, राजा कर ८,८१८।, अफीमको रू. ४४,६८५।, मालपोत रू. ६,५१,४८६।, दण्ड जरिवाना रू. ५५२। भा. रू. ३०,२५४।, रेडियो कर रू. २००।, बाढ़ पीडित, अन्न संकट तथा अग्नि पीडित ऋण वितरण रू. १,१६,६१५। भा. रू. १०,२०७।, धान गोदामको बुझ बुझारथमा नपुग पाला पालाका हाकीमसंग असूल गर्नु पर्ने धान मन १३२, २००८ साल देखिको भुम्बसरी सावटी धान मन १२२० असूल गर्ने कारवाई नगरी बांकी राखेको र उब्राती रू. ३,२६,६३६। भा. रू. ३,०३,४६६। र धरौटी रू. ४,०२,२२६। भा. रू. १,५१,६५०। फछ्र्योट नगरेको को अतिरिक्त अफीमको दण्ड रू. ६,६२०। को लगतैनकसी असूल पनि नगरेको ।

श्री मकवानपुर माल

२०१८।१६ मा पूजाको रकम बजेटमा नपरेको स्वीकृति बेगर रू ५६। खर्च गरेको र दामन हवल फारामका कर्मचारीहरूलाई दीन नमिल्ने सटही भत्ता रू. ६६०। खर्च लेखेको ।

श्री चितौन माल

२०१८।१६ मा निकासा बेगर मालको रकममा रू. २४६।, भाडावर्तन खरीद गर्न रू २३१। खर्च गरेको, अनियमित तरीकाले रू. १६३।– दैनिक भ्रमण भत्ता दिएको, अराष्ट्रियतत्वले लुटि लगेको रू.१,७५६६६। भा.रू ५,०८६।– को कारवाई टुंगो लागि नसकेको मालपोत रू. ४८।- असूल गर्न बाकि राखेको को अतिरिक्त उब्राती रू. १,६०,३६६। भा.रु. ४,२०६। र धरौटी रू. १,५७,५५२। भा. रु. ६,२ ५।- फछ्र्योट नगरी बांकी राखेको ।

श्री कीर्तिपुर माल

२०१८।१६ मा रू. ७५,७२६। र धान मुरी १ असूल गर्न बांकी राखेको, पूजामा खर्च गरेको रू. ६। सोध भर्ना नलिई बांकी राखेको को अतिरिक्त धरौटीमा रू. ६,३१६। ने. रा. बैंकमा धरौटी खातामा जम्मा भएको र खर्च मध्ये रू. ६००। सर्व संचित कोषमा दाखिल भएकोले सो रकम धरौटीमा जम्मा गर्ने कारवाई भइरहेको ।

श्री काठमाडौं रजिष्ट्रेशन अड्डा

२०१८।१६ मा छपाई रकम समेतबाट स्वीकृति बेगर अनियमित तरीकाले तलब रकममा रू. १,२७६। रकमान्तर गरी खर्च गरेको ।

श्री शाही भूमि सुधार कमिशन

शाही भूमि सुधारका शदस्य जवान २ लाई भ्रमण निमित्त पेशगी गएको रू. १०,०००। को फांटवारी पेश नगराई राखेको ।

श्री एकाउन्टेन्ट तालिम योजना

२०१८।१६ मा फर्निचर रकममा रू. १०,०००। निकासा भएकोमा रू. १२,१३६। खर्च गरी निकासा भन्दा रू. २,१३६। बढी खर्च गरेको ।

## श्री उद्योग बाणिज्य मन्त्रालय

नेपाल उड वर्क्समा श्री ५ को सरकारको रु. ५१,२४०। को शेयर भएकोमा कम्पनीको निर्णयानुसार शयकडा ८७।५० ले शेयर फिर्ता आउँदा रु. ६,४०५। नोक्सान परेको ।

**श्री खानी सहकारी सेवा**

२०११।१२ मा साधारण बजेटबाट तलब खाने इन्जिनीयरले साधारण तर्फको नियमको दर अनुसार फुलचोकी डांडामा जाँदा नपाउने दिन २६४ को बिकास नियमानुसार रु. २,६०४। खर्च लेखेको ।

२०१२।१३ मा रीतपूर्वकको लगबूक नराखी रु. ४०२। र भा. रु. १,०१६। खर्च लेखेको र संयुक्त राज्य अमेरिकासंग भएको संझौतानुसार प्राप्त हुन पर्ने डलर १५,५००। को मालसामान प्राप्त हुन पर्नेमा डलर १२,५३४। को मात्र सामान प्राप्त भएको भनि देखाएको त्यस्को बिल भाउचर नदेखाएको ।

२०१३।१४ मा स्विटजरल्याण्डबाट झिकाएको सामानको बिल भर्पाइ बेगर भा.रु.२१७ खर्च लेखेको, लगबूक नराखी पेट्रोलमा भा.रु. ४०४। खर्च लेखेको को अतिरक्त संयुक्त राज्य अमेरिकासंग भएको संझौतानुसार डलर ६०,०००। को मालसामान प्राप्त हुनु पर्नेमा डलर १४,१३६। मात्र सामान प्राप्त भएको भनि देखाएको त्यस्को बिल भाउचर नदेखाएको ।

२०१४।१५ मा त्रिभुवन विश्वविद्यालय निर्माणस्थल, पाचमनि र फुलचोकी जाँदा नपाउने दैनिक भ्रमण भत्ता रु. २,२१२।- भा.रू. २२४।, लगबूक नराखी पेट्रोलमा. रु.१.८२८। भा.रु.३३०। खर्च लेखेको, अनियमित तरीकाले रु. ६,५००। पदाधिकारीहरुलाई निर्व्याजी सापटी दिएको को अतिरिक्त संयुक्त राज्य अमेरिकासंगको संझौतानुसार डलर ७०,०००। को मालसामान प्राप्त हुन पर्नेमा डलर २०,८७८। को मात्र सामान प्राप्त भएको भनि देखाएको त्यस्को बिल भाउचर नदेखाएको र यो आर्थिक बर्षमा संझौतानुसारको नगद डलर ३६,०००। पनि प्राप्त नभएको ।

२०१५।१६ मा फ्री राशनको अतिरिक्त अनियमित तरीकाले दैनिक भत्ता खुवाएको रू,१६। र भा.रू. २१६। दिन नहुने दैनिक भत्ता दिएको रु. २३४। सापटी दिएकोबाट ब्याज नलिएको ५३।, तिर्न नपर्ने सेलट्याक्स तिरेको रु. १८२। को अतिरित्त लगबूक नराखी अनियमित तरीकाले पेट्रोल, मोबिल, गृजमा रू. १३,१०४। खर्च गरेको ।

**श्री वाणिज्य बिभाग**

साबिकमा गरि आएको काम श्री नेशनल ट्रेडिङ्ग लिमिटेडले र सम्बन्धित बिभाग अड्डाले गर्ने भएकोले श्री बाणिज्य बिभागको काम घट्न गएको हूंदा तदनुपातमा मद्दत नघटाएको ।

**श्री घरेलु ग्रामिण र साना उद्योग तालिम तथा विकास बिभाग**

बिकास समिति ऐन, २०१३ अनुसार श्री घरेलु ग्रामिण र साना उद्योग तालिम तथा विकास बिभागको स्थापना २०१३ मा भएको । उक्त साल देखि २०१४।१५ तकको लेखापरिक्षण श्री ५ को सरकारबाट नियुक्त भएको अडिटरले समाप्त गरी श्री५को सरकारमा पेसगर्न पर्ने अडिट रिपोर्टबोर्डमा पेश गरेको। त्यसपछि २०१५।१६ र २०१६।१७ को लेखपरिक्षणको निमित नियुक्त भएको अडिटर बाट श्री असहाय कल्याण केन्द्र तथा श्री शिल्पकला बिक्री भण्डारको २०१६।१७ सम्मको र श्री उद्योग घरेलु इलम केन्द्र को २०१५।१६ को आधा अवधिको मात्र लेखापरीक्षण समाप्त गरेको

२०१८ साल भाद्र ५ गते उक्त विभागको लेखापरीक्षण गर्न जाँदा खिचोला झिकी लेखा सम्बन्धी आधारभूत प्रमाणका कागजहरू नदिई नियमित तरीकासंग लेखापरीक्षण गर्न नपाएकोमा सरकारबाट लेखापरीक्षण गर्न दिने निकासा बक्सेपछि मात्र उपयुक्त कागजपत्र प्राप्त भई लेखापरीक्षण चालू गर्न पाए ।

२०१७।१८ मा विकास समिति ऐन तथा श्री घरेलु शिल्पकला बिक्री भण्डारको प्रबन्धपत्रको दफा १२ को प्रतिकूल श्री घरेलु ग्रामिण र साना उद्योग तालिम तथा विकास समितिले नियम लागु गर्ने गरेको । दरवन्दी सदर नगराई समितिले अनियमित तरीकाबाट कर्मचारीहरूलाई नियुक्ति तथा प्रमोशन (शिक्षकबाट प्रमुख शिक्षक तथा प्रमुख शिक्षकबाट शाखा प्रमुखमा ) गर्ने गरेको । नियमको प्रतिकूल समितिले विभिन्न जिल्ला केन्द्रहरू खोलेको ।

कर्मचारीहरुलाई अनियमित तरीकाले निर्व्याजी सापटी दिई तथा समयमा असूल उपर नगरेको को साथै खोसुवा र सरुवा हुने व्यक्तिबाट असूल हुन पर्ने बांकी रु. ६६३। कर्मचारीहरुको सापटी कीताब छुट्टै नराखेकोले असूल भएको र बांकी रकम एकीन हुन नसकेको।

तालिममा आएका शिक्षार्थीहरुबाट मासिक जनही रु. ५। तालिम समाप्त भएपछि फिर्ता दिने गरी जम्मा गरेको तालिम कोषमा रु. ६,६५५। नपुग देखिएको तथा यस्को लेखा छुट्टै राख्न पर्नेमा बजेट लेखा मै राखेको। रूल नियम बेगर जिल्लाबाट आउने शिक्षार्थीहरुलाई भ्रमण भत्ता रु. ७६६। दिएको। दरबन्दी सदर गराई नराखेको को अतिरिक्त शिक्षार्थीहरूलाई यो हिसाबले भत्ता दिने भन्ने नियम बेगर तालिम भत्ता रु. १,७४,३१६। खर्च लेखेको ( कर्मचारीहरुलाई शिक्षार्थी बनाई बढी भत्ता खुवाएको )। कट्टी भएको शिक्षार्थी कोष रीतपूर्वकको लेखा। को कसबाट कति रकम कट्टा भएको सम्बन्धीत लेखा ) नराखी रु. १३,९७५। फिर्ता गरेको।

कबूलियत, डिपोजिट बेगर ठेक्का दिने गरेको, विभागमा उत्पादन कार्य भएको हुँदा चाहिने मालसामानहरु पर्याप्त मात्रामा सिल टेण्डरको सूचना प्रकाश गरी एकै मुष्ट खरीद गर्नु पर्नेमा तद्-नुसार नगरी एक दिनमा ९उटै किसिमका मालसामानको निमित्त ७८ माग फाराम भरी ( कोटेशन लिन नपर्ने जस्तो पारी ) एउटै बिक्रेताबाट खरीद गर्ने गरेको को अतिरिक्त बढी मात्रामा एक मुष्ट खरीद गर्दा पनि सिल टेण्डर तथा कोटेशन बेगर रु. ४,४२,२३६। को मालसामान ( जस मध्ये रु. ३,४८,४७६। का मालसामानहरु जिन्सी किताबमा आम्दानी नबांधेको र मौज्दात रहेका मालसामान-हरु पनि बर्षा पहिले देखि खरीद भएको भए पनि लेखा सुव्यवस्थित ढगले नराखेको र बिलहरु पनि लेखासंग संलग्न नरहेकोले यो बर्षको रकमबाट खरीद भएको भन्ने नसकिने गरी ) खरीद तथा रु. ४,०००। को मोटर मर्मत गरेको, लगत एस्टमेट, टेण्डर तथा कबूलियत विना बनाउने काममा रु, ६८,२६५। खर्च गरेको। निकासा नलिई ठेक्दारलाई रु. २,०३३। डिपोजित फिर्ता दिएको र रीत पूर्वकको ठेक्का बन्दोबस्त नगरी चिया पसल राख्न दिएको।

बैंक पास बूक समेतबाट घटी आम्दानी देखाएको रु. ९८०।, विभिन्न रकमको आम्दानी रु. २३,६४८। म्याद नपाई आम्दानी बांधेको, पेशगी खर्च रकमको जिम्मावारी सार्ने नगरेको हुंदा गत बर्षहरुमा कति पेशगी गएका छन एकीन नभएको र यो बर्षमा भएका पेशगी खर्च फछर्याउने तर्फ कारवाई नगरेको तथा लेखा प्रणाली व्यवस्थित तरीकाले नराखेको।

खान पाउनेको बिल भर्पाई विना रु. १,७४,६५०। ( जस मध्ये रु. १,२८,४००। को माल-सामान आम्दानी नबांधी मौज्दात समेत नदेखाएका ), हाजिर बेगर अनियमित तरीकाले ओभर टायम भत्ता तथा तलब समेतमा रु. ६,४२३। बढी खर्च लेखेको। कर्मचारीबाट संचय कोष कट्टा गरी मात्र दाखिल गर्नु पर्नेमा सो बमोजिम नगरी रु. ७६। सरकारी रकमबाट संचय कोष दाखिल गरेको। अनियमित तथा बढी भ्रमण भत्ता रु. ४.९२१।, दिन नहुने स्थानीय भत्ता र पिएनहरू-लाई ज्याला समेत दिएको रू ७४। र विभिन्न रकममा रु. २,६६६। बढी खर्च लेखेको। लगबूक नराखी अनियमित तरीकाले रू. ६,००६। पेट्रोलमा खर्च गरेको को अतिरिक्त चोरी भएको मालको मोल रू. ८१२। असूल नगरेको विभिन्न रकममा स्वीकृत बजेट भन्दा रू १,७६.६८४। बढी खर्च गरेको।

फोर्ड फाउण्डेशनसंग भएको सम्झौता पेश हुन आएकोले बिदेशी विशेषज्ञहरूलाई तलब भत्ता खर्च लेखेको रू. ७,४६,०८५। एकीन हुन नसकेको, ( श्री डाईरेक्टरले विदेशी विशेषज्ञहरूलाई रू. ८,०००। निर्व्याजि सापती दिएको ) आदेश बेगर प्रायः एउटै काममा एक महीना भित्र २ पटक दिल्ली तथा कलकत्तामा विशेषज्ञहरूलाई पठाउंदा रू. ५,६७६। खर्च लेखेको।

लेखा विवरणबाट रू ३,०२० मौज्दात नपुग भएको, तत्कालिन प्रधान मन्त्रीको बंगला समेतके रू. ६१३। खर्च भएको सोध भर्ना नलिएको, सेलटेक्स रू. ७१०। फिर्ता नलिएको, डिम-रेज चार्ज रू. ४०। खर्च लेखेको, जिन्सी फांटवारी हराइ नोक्सानी भएको मालको मोल रू. ५४८। तालिम जति रकमबाट मिन्हा दिएको। विभिन्न शाखाहरूबाट मुल्यांकण नगरी मोल समेत नलिई बिभिन्न व्यक्तिलाई मालसामान दिएको, पूंजी रकममा रू. १,७६,६८४। बजेट रकमबाट खर्च गरेको, पूंजी माल तथा ज्याला खर्चको लेखा एकाउण्ट फांटमा केन्द्रीत हुन पर्नेमा सो नभएको र शाखा

शाखाबाट मुल्याङ्कण विवरण समेत पेश नगरेकोले उत्पादन सम्बन्धी लेखापरीक्षण हुन नसकेको को अतिरिक्त रू. ५२, ५३६। को मालसामान जिन्सी किताबमा आम्दानी नबांधेको ।

श्री घरेलु उद्योग विभागको ऋण लगनीको २०१३।१४ देखिको लेखा विवरण प्राप्त नभएकोले लेखापरीक्षण हुन नसकेको ।

**श्री घरेलु इलम केन्द्र भरतपुर**

२०१७ साल कार्तिक २२ गते तकको लेखा विवरण पेश नगरेको र कार्तिक २२ गते देखि २०१८ साल आषाढ मसान्त तकमा रू. ७,७१२। को कोटेशन नलिई मालसामान खरीद गरेको, बढी तलब भत्ता निर्व्याजी सापटी दिएको, फांटवारी बिना भ्रमण तथा दैनिक भत्ता दिएको को अतिरिक्त म्याद नघाई आम्दानी बांधेको ।

**श्री असहाय कल्याण केन्द्र**

२०१७।१८ मा अघिल्लो वर्षको रू. ६,०८० अनियमित तरीकाले खर्च गरेको, सापटी दिएको तलब रू. २६०। असूल नगरेको, उन्नाती रहेको रु. ११,११५ - फछ्र्यौट नगरेको अघिल्लो वर्षको बांकी रहेको रकम बोर्डद्वारा नियुक्त अडिटरले प्रमाणित नगरेको को अतिरिक्त रीत पूर्वकको लेखा नराखेको ।

**श्री पाटन औद्योगिक बिकास क्षेत्र**

२०१७।१८ मा रू. ५,०६,६००। खर्चगर्ने योजना भएकोमा श्री ५ को सरकारतर्फबाट रु ३,५०,०००। प्राप्त भई त्यस मध्ये पनि रु १,००,४५७। मात्र खर्च भई तर्फबाट रु ३,४९,५४२। बांकी भएको र श्री ५ को सरकार औ भारत सरकारका बीचमा भएको संझौताको दफा १६ बमोजिन यो बर्षमा पनि भारत सरकारबाट पहिला किस्ता भारु. ४ लाख प्राप्त हुन नसकेको को अतिरिक्त उक्त खर्च मध्ये पटक पटक गरी जग्गा मुआब्जाको लागि ल.पु. मेजिष्ट्रेट जिम्मा गएको रु. १,००,०००। को फांटवारी पेश हुन नसकेको ।

२०१८।१६ मा १०,८३,४५०। खर्च गर्ने बजेट योजना भएकोमा भारत सरकारबाट भारु. ४ लाख प्रदान गनु पर्नेमा भारु. २ लाखको रु. ३,१६,५००। र श्री ५ को सरकारतफबाट रु.१,०१,०००। र गत बर्षको जिम्मावारी खर्च आएको रु २,४९,५४२। समेतजम्मा रु ६, ७०,०४२। प्राप्त भई रु.१,८५,८११। कोखर्च मध्ये जग्गाको मुआब्जा बितरण गर्न गत बर्षमा गएको पेशगी रु.१,००,०००। को अतिरिक्त यो बर्षमा गएको रु ५,०,०००। को पनि फांटवारी पेश हुन नसकेको ।

श्री ५ को सरकार तथा श्री भारत सरकारको बाचमा भएको सन् १६३० को औद्योगिक बिकास सम्बन्धी संझौताको धारा १६ मा तत्सम्बन्धी कोष श्री नेपाल राष्ट्र बैंकमा जम्मा गरी राख्ने र धारा १८ मा श्री औद्योगिक बिकास सामतिको मुख्य एकाउन्ट अफिसर ( जसलाई भारत सरकारले खटाए-का एकाउन्ट आफसरले सल्लाह र सहायता दिनेछ) ले परिचालितगर्ने गरी लेखा संस्था खडा गर्ने छ र तत्सम्बन्धी लेखापरीक्षण गर्ने व्यवस्था श्री ५ को सरकारले मिलाउने छ भन्ने समेत उपबन्धहरु रहेका। उपर्युक्त क्षेत्रमा भवन निर्माण कार्यलाई लाग्ने रकम उक्त संझौता अनुसार प्राप्त हुने रकम समेत उक्त कोषमा जम्मा नगरी बोचैमा सो भवन निर्माण कार्य श्री भारतीय सहायता नियोगलाई नै दिइएको भएता पनि ( त्रिभुवन राजपथ गौचर एरोड्रम तथा त्रिशुली बिद्युत योजनाका कार्य भारत सरकार आफैले गरेझै नभइ) विकास समितिले ठेकामा अन्य व्यक्तिलाई काम दिएको झै गरा नियोगलाई सो काम सम्पन्न गर्न दिएको हूदा उक्त संझौता बमोजिम २०१८।१६ को तत्सम्बन्धी लेखापरीक्षण गर्न खोज्दा गर्न नपाएको ।

**श्री सदर जेल कारखाना**

२०१७।१८ मा बजेटमा सम बेश नभएको लगत एष्टिमेट, कोटेशन टेण्डर बेगर समेत तथा घर बनाउने कामका रू. ३१,४८०। खर्च गरेको, निकासा बेगर बजेट भन्दा रु. ३,४२७। ज्यालामा बढी खर्च गरेक यथेस्त प्रमाण बेगर रू. १५,०००। श्री शिल्पकला बिक्री भण्डारको नाउमा सांध भर्ना खर्च लेखेको, पुराना फलामका सामानहरू काम लाग्ने नलाग्ने नछुट्याई त्यसै राखि छाड्केको ।

श्री नेपाल औद्योगिक विकास करपोरेशन

२०१५।१६ मा लगबूक नराखी पेट्रोल खर्च गरेको रू. १२,१७०।, एडमिनिष्ट्रेटिभ अफिसर लाई मासिक रू. ७०० का दरले तलब दिने मन्त्री मण्डलमा प्रस्ताव पेश गर्ने विभागिय मन्त्रीको आदेश भएकोमा तदनुसार प्रस्ताव पेश नगरी निजलाई सो दरले मासिक तलब खर्च लेखि दिएको रू.१०,३४०। र ड्राइभरको दोहरो तलब खर्च लेखेको भा. रू. ८२।-

## श्री कानून तथा न्याय मन्त्रालय

**श्री एटर्नी जनरल आफिस**

२०१७। १८ मा केन्द्रीय सचिव पुस्तकालयमा आउने पत्र पत्रिका खरीद गर्ने नहुने खरीद गरेको रू ६६। र फर्निचर तथा डुप्लिकेटिङ मेशीन किनेको रू. २,४६६। उजातिमा राखेको।

**श्री ल-कमिशन**

बिबिध बजेटबाट रकमान्तर गरी निकासा भएको रकम पूरक बजेटमा समावेश नगरेको।

**श्री गभर्नमेण्ट प्लिडर**

२०१७।१८ मा बजेट भन्दा बढी रू.१६,२३५। निकाला लिएको।

**श्री कलैया इलाका अदालत**

२०१८।१९ मा अड्डा कै आय तर्फबाट रू. १,०६१। अनियमित तरीकाले खर्च गरेको को अतिरिक्त अदालतको लगतमा नियम बमोजिम नजिकको अड्डाबाट प्रमाणित गराई नराखेको। दण्ड जरीवाना भा. रू. ५,८२, ८६४, रू ४६,६६५।, कैद बर्ष १२६५ असूल फछ्र्योट गर्ने कारवाई नभएको।

**श्री वीरगञ्ज इलाका अदालत**

२०१८।१६ मा दण्ड जरीवानाको आम्दानीबाट रू ६५०। खर्च गरेको र रू ६०। सर्व संचित कोषमा दाखिल नगरी पछिल्लो बर्षलाई जिम्मावारी सारेको। दण्ड जरीवाना रू १२,४६,६६१। कैद बर्ष १०५२ असूल फछ्र्योट गर्ने कारवाई नभएको।

**श्री चिसापानी इलाका अदालत**

२०१८।१६ मा रू ४,०६,६३६। र भा रू ५३,६७६। असूल हुन बाँकी देखिनुको साथै अघिल्लो आर्थिक वर्षको बाँकी रू २,४८५। सर्व संचित कोष दाखिल नगरेको।

**श्री काठमाडौं फौज्दारी तहसील**

२०१८। १६ मा सुन, चाँदी आदिको जिन्सी मालको लगतमा कुनैको मोल, कुनैको नाप साईज, कुनैको तौल नखुलाएको कैदीलाई बढी थुनी रू २२०। बढी खर्च गरेको, म्याद नघाई दाखिल भएकोमा बिगो बमोजिम दण्ड रू १०। असूल नगरेको, सरकारी बिगो (बारतोडाको बाँकी रू ११, २०७। ठेक्दारसंग रु १७, ६६०। भा रु २,२६२ असूल गर्ने कारवाई नगरेको, दोहोरो तलब दिएको रु १६।, लकडी नोक्सान गरेको माल भा रु. ५,६३०। समेत) र अन्य दण्ड समेतको रु १४,५३,६१६, भा रु ६,५१,०७३। असूल गर्ने कारवाई नगरेका श्री तथ्याङ्क बिभाग को ना सु. मदनलालले रु ४३, ३०१।, भा रु. ५,०७७, तहवील मसौद गरेको मध्ये निजको जायजेथा लिलामबाट रु २८३। मात्र उपर भएको, प्यारेलालको सर्वस्वको मुचुल्कामा सुन, चाँदी भएको पनि उल्लेख भएको तर सो मालसामान दाखिल र लिलाम भएको नदेखिएको, म्याद पुगेको धरौटी जिन्सीमाल सामान लिलाम बिक्री र नगर रुपैयां सदर स्याहा नगरेको, धेरै बर्ष अघिको लगत जिम्मावारी नसारेको र शुभ-राज्या भिशेषमा मिन्हा भएको कलमको लगत कट्टि नगरेको, उक्त तहसील अड्डाको तलब मसलन्द आदि खर्च सम्बन्धी लेखाको विवरण पेश नगरेको, रु ५००। भन्दा बढी तहवील मौज्दात राखेको को अतिरिक्त आर्थिक नीतिको विपरित आम्दानीबाटै रु २२,५४६। सिधा, सफाई दण्ड फिर्ता आदि रकममा खर्च लेखेको।

**श्री काभ्रे पलान्चोक इलाका अदालत**

२०१८।१६ मा तहवील चोरी भएको ७०७। र जिन्सी मालको मोल रु ३३६। र त्यसको दण्ड समेत रु २,१२८। असूल नगरेको लगत छुटाई, असूल नगरेको रु ७०३, असूली भन्दा घटी आम्दानी बाधेकोबाट ठाडो बाँकी रु १७।, बिल भर्पाई भन्दा बढी र भर्पाई बेगर रु ११८। खर्च लेखेको, सिधा रकम खर्च रु ५,८७६। को सम्बन्धित कागजात मुसाले खाएको भनि पेश नगरेका र अनियमित तरीकाले रु १,४१२। तलब, मसलन्द आदि रकममा खर्च गरेको, सम्बन्धित मालमा

दाखिल हुनु भन्दा २४ दिन अगावै अनियमित तरीकाले रु ३५६। खर्च लेखेको अनियमित तरीकाले रु ३३०। धरौटी राखि खर्च लेखेको धरौटी रु ६,६८१। फछर्यौट नगरेको को अतिरिक्त दण्ड जरीवाना रु ४,३५,६२४। असूल गर्नेतर्फ कारबाई नभएको । धरौटी श्रेस्तामा आम्दानी नदेखिएका कलमको रु १,२५० फिर्ता खर्च लेखेको । २००६ साल अघिको लगत श्रेस्ताहरू बुझ बुझारथ नभएबाट परीक्षण गर्न नपाएको ।

## श्री चितौन इलाका अदालत

२०१८।१९ मा हराएको मालको मोल असूल नगरी निकासा बेगर जिन्सी किताबमा खर्च लेखेको, निकासा बेगर दैनिक भ्रमण भत्तामा रू २२९। खर्च गरेको, अनियमित तरीकाले अघिल्लो वर्षको बाकी रु १४५६। खर्च गरेको आम्दानी मध्येबाट रू ४,५००। विना निकासा सिधा रकममा समेत खर्च गरी सोध भर्ना पनि नगरेको बांकी रहेको मौज्दात रू ६०८५। मध्ये रू ५,६६५ म्यादभित्र सर्व संचित कोषमा दाखिल नगरी अनियमित तरीकाले पछिल्लो वर्षमा खर्च गरेको रू १२०। जिम्मावारी नै नसारी सर्व संचित कोषमा दाखिल नगरी ठाडो बांकी राखेको को अतिरिक्त दण्ड जरिवाना रू ६२, ६६६। भा.रू. २३, २२८। असूल नगरी बांकी राखेको ।

## प १ नं धादिंग इलाका अदालत

२०१८।१९ मा तेल बत्तीमा बजेट भन्दा रू.८। बढी खर्च गरेको, १९६५ साल देखिको दण्ड जरिवाना बांकी भारु. १,४३,४५५।, रू. १,२१,८७८। कैद बर्ष ५४०, दुनियां बिगो रू. १२,२०१ धरौटी तर्फ १९९६ साल देखिको म्याद पुगेको समेत रु. १३,३२६। असूल तथा फछर्यौट गर्ने तर्फ कारवाई नभई रहेको को अतिरिक्त २००७ साल देखि सो लगतहरु साल साल जिम्मावारी सार्नु पर्ने नसारी बोस पारी राखेको र ६ महीना, बष दिनमा श्रेस्तेदारको सरुवा चेन्ज गरी बुझ बुझारथ तथा श्रेस्ता सुधार नगरेको ।

## प. १. नं. श्री नुवाकोट इलाका अदालत

२०१८।१९ मा १९६५ साल देखिको दण्ड जरिवाना भारू. १,२६४ रू. ३,८७,८५४। कैद बर्ष ३६१। र २००५ साल देखिको धरौटी म्याद नाघेको रु. ६,४१६। समेत जम्मा रु १७,१७५। जिन्सीमाल थान २५५। असूल फछर्यौट गर्ने कारवाई नभएको र २००७ साल देखि लगत श्रेस्ताहरु साल सालै जिम्मावारी नसारेको ।

## श्री गृह मन्त्रालय

पुलिस हेडक्वाटर र सो अन्तरगतका अफिसहरू तथा विशेष पुलिस बिभाग, गुप्तचर बिभाग समेतका पदाधिकारीहरुले सवारी भत्ता अनुसारको निजी सवारी राखी उपयोग गर्न पर्नेमा तदनुसार राख्नु पर्ने निजी सवारी नराखी सवारी भत्ता भने लिई दिई आएको देखिएकोले त्यसरी अनियमित तरीकाले लिन दिन नहुने लिए दिएको फिर्ता असूल गर्ने समेतको कारबाईलाई पटक पटक लेखि पठाई तरताकेता गर्दा पनि सो बमोजिम असूल उपर गर्न गराउने त परैजावोस माथि लेखिए बमोजिम लेखि पठाउदा पठाउदै पनि लिन दिन नहुने सवारी भत्ता लिने दिने गरेकाबाट खुल्लम खुल्ला कानून को उलङ्घन भईरहेको देखिएको छ ।

२०१८।१६ मा मसलन्द रकममा रू. ६८।, भई परी आउने रकममा रू. १६६। बढ़ी खर्च गरेको र मेच, टेबिल, दराज आदि छंदा छंदै ष्टीलको टेबिल २ र त्यसको अगल बगल राख्ने मेचहरु खरीद गर्न श्री वाणिज्य विभागलाई पेशगी रू. २,४६८। दिई राखेको ।

### श्री बागमती अन्चलाधिश अफिश

२०१८।१६ मा लगबूक नराखी अनियमित तरीकाले पेट्रोलमा रू. ५,४१४। खर्च गरेको ।

श्री ५ महाराजाधिराज चीन तथा मंगोलियाको राजकिय भ्रमणबाट सवारी फिरी बक्सदा मौसूफको स्वागतको काममा अनियमित तरीकाले मालसामान रू. २,२१०। खरीद गरेको र लगबूक नराखी पेट्रोलमा ३,७७०। खर्च गरेको ।

### श्री काठमांडौं मेजिष्ट्रेट अफिस

२०१८।१६ मा लगबूक नराखी अनियमित तरीकाले रू. ४,४६७। पेट्रोलमा खर्च गरेको, १,१६६। को फर्निचर बालगिरी दिएको को भरपाई पेश नभएको, रू. ३०४। अनियमित तरीकासंग तहवील मौज्दात बढ़ी राखेको, बैंक खाता दुरुस्त नराखेको को अतिरिक्त तायदातीबाट आएको सुना चांदीको तोला नखुलाएको ।

उपत्यका मेजिष्ट्रेट अफिसहरूबाट २०१८।१६ को आर्थिक बर्षको रेडियो कर रू. ३१,६६०। असूल नगरेको । सिनेमाको मनोरंजनकर रू. २,१२,६४६। असूल नगरेको ।

### श्री ल.पु. मेजिष्ट्रेट अफिस

लगबूक नराखी पेट्रोलमा रू. ३८०७। खर्च लेखेको र कर कट्टी खर्च लेखेको भाउचर पेश नगरेको ।

### श्री भक्तपुर मेजिष्ट्रेट अफिस

२०१८।१६ मा रू. ३६०। को पेट्रोल खर्च गरेको लगबूक पेश नगरेको र मेजिष्ट्रेटले चर्चि आएको जग्गा रोपनी २५ को तिरो भरी नगरी निकासा बेगर आएस्ता खाने गरेको ।

### श्री सिंहदरबार मोटर ग्यारेज

२०१७।१८ मा तहवील मौज्दात रू. ३,०५०। बढ़ी देखिन आए मध्ये रू. २,७२२। सर्व संचित कोष दाखिल नगरेको ।

२०१८।१६ मा खर्च गरी बाकी रहेको रू. ५,१७०। सर्व संचित कोषमा दाखिल नगरी पछिल्लो आर्थिक बर्षमा खर्च गरेको को लेखा श्री विशेष पुलिस बिभागमा गईरहेको भनी सो को लेखा विवरण प्रस्तुत नगरेको, पेट्रोल रकममा लगबूक नराखी रू. ३,४४६। खर्च लेखेको को अतिरिक्त स्वीकृति बेगर रू. १,०५४।– कपडा समेत विभिन्न रकममा खर्च लेखेको ।

### श्री सिंहदरबार बैंक डिपार्टमेण्ट

२०१८।१६ मा चांदीको फ्रेम सहितको तस्बीर १० दश हराएको सम्बन्धमा काठमाडौं मेजिष्ट्रेट अफिसबाट कारवाई भइरहेको टुंगो नलगाएको र धेरै वर्ष अघि देखि विभिन्न मन्त्रालय विभागमा बालगिरी गईरहेको फर्निचर फिर्ता नलिएको को अतिरीक्त गैर सरकारी ब्यक्तीले २०१६ सालमा बालगीरी लगेको टेबील पोस २ (दुई) फिर्तालिने कारवाई नगरेको ।

**श्री सिंहदरबार रिसेप्सन अफिस**

२०१८।१९ मा भईरहेको १४ जवानको महत बढ़ी देखिएको।

**श्री सिंहदरबार फारास खाना**

२०१८ १९ मा वेरित सग रू २,७५५। को मालसामान खरीद गरेको, र सवारी शिकारीको काम रा.श्रा. हे.क्वा. मार्फत हुने हुंदा उक्त काममा सामानहरू रा.श्रा. हे.क्वा. मा बुझाउने व्यवस्था नगरेको।

**श्री क. कि. निजामती फांट**

२०१८। १९ मा २ पटक गरी जम्मा रू. ६६५। को मसलन्द घटाघट नगराई खरीद गरेको।

**श्री वसन्तपूर फरास खाना**

वेकम्मा जिन्सी मालसामान लिलाम नगरेको, रा. आ. हे. क्वा. ले जस्तै गरी मालसामानको भाडा लिने व्यवस्था नगरेको को अतिरिक्त पदाधिकारीहरूले वालगिरी लगेका मालसामान फिर्ता नलिएको।

**श्री डिल्ली बजार खोर**

२०१८। १९ मा खर्च गरी बाकी रहेको रू. १५५। सर्व संचित कोष दाखिल नगरी पछिल्लो आर्थिक बर्षमा खर्च गरेको।

**श्री सदर जेल अफिस**

२०१८।१९ मा लगबूक बेगर रू. ६५८। को पेट्रोल खर्च गरेको, पेट्रोल रकमबाट अनियमित तरीकाले रकमन्तार गरी ढुवानीमा रू. १७०। खर्च गरेको, दाउरा चिरानी, ढुवानी गरी दिने ठेकदारको कबुलयत छदाछदै चिरानी गर्दा जति गएको दाउरा मन ८०४। को दर रू ६।५० ले हुने रू ५,२२६। मिन्हा गर्ने कारवाई गरेको, अनियमित तरीकाले रू. २४,६२१। को चामल खरीद गरेको, जति गएको चामल मुरी १४६। मिन्हा नभएको, सरकारी दर भन्दा मन १ को रू. १।– बढोका दरले ठेकदार संग दाउरा खरीद गरेकोले रू २,१६६। नोकसान भएको।

**श्री नखु जेल**

२०१८ १९ मा रू. १४५। को पेट्रोल खर्च गरेको लगबूक पेश नगरेको, सिधा रकमबाट स्वीकृति वेगर ढुवानीमा रू १८६। खर्च गरेको, दाउरा मन २२ जति के. रू. १२१। मिन्हा नगराएको, ठेकदारबाट दाउराको हर्जाना १५४। असूल उपर नगरेको र ठेका बन्दोबस्त नगरी रू. ८,८१२। को चामल र रू. १,५२३। को दाउरा बजार खरीद गरेको।

**श्री नखु जेल डिस्पेन्सरी**

२०१८।१९ मा काम नलाग्ने मालसामान लिलाम नगरेको।

**श्री प. १ नं गोश्वरा**

२०१८।१९ भा.रू. १,०००। को फर्निचर र रू १,२४२। को घोड़ाको दाना रीत नपुऱ्याई खरीद भएको र आतिथि सत्कार तर्फ टुटफुट मालसामान भर्ना नराखेको।

**श्री पू. १ नं. गोश्वरा**

२०१८ १९ मा निकासा वेगर रकमान्तर गरी खर्च गरेको रू. २५०। शान्ति सुरक्षा रकममा बजेत निकासा भन्दा बढी रू. २००। खर्च गरेको, छपाईमा रू २००। गोश्वरा अड्डा मर्मत गरेको रू. १८६। को फांटवारी पेश नगरेको, दर भाउ घटाघट मुचुल्का केही नगराई अनियमित तरीकाले फर्निचर खरीद गरेको रू. २६२।, रू ३२। को टिकट खर्च गरेको भर्पाई नभएको, अनियमित तरीकाले मसलन्द खरीद गरेको रू. ३०८। नियम वनी लागु भए पछि मात्र खर्च गर्न पाउने गरी टुर खर्च रू. २,०००। निकासा भएकोमा सो हुनु भन्दा अगावै एक मुष्ट खर्च लेखेको, रू. ८६२। मोल परेको घोडा किङ हाउसहोल्ड क्याभलरीमा दाखिल भएको भनेको सो दाखिल गरेको प्रमाण पेश गर्न नसकेको, रू. ४२। पर्ने मालसामान नपुग भएको असूल उपर नगरेको, भा. रू. १,७३०। र रू २१७। को मालसामान बुझ बुझारथ नगरेको।

**श्री विशेष पुलिस विभाग**

२०१८।१६ मा रु ७४७ को पेट्रोल खर्च गरेको लगबूक पेश नगरेको, ईन्सपेक्टर जवान ६ लाई निजी सवारी नराखी सवारी भत्ता रु. २,१६०। खुवाएको ।

**श्री नेपाल गुप्तचर विभाग**

२०१८।१६ मा सवारी भत्ता पाए अनुसार राख्नु पर्ने निजी सवारी नराखी अनियमित तरीकाले सवारी भत्ता रु. ५,४००। खर्च लेखेको को अतिरिक्त खर्च हुन नसकने रु. १,६४,२७३। पनि बजेटमा समावेश गरेको ।

**श्री पुलिस हेडक्वाटर्स**

२०१८।१६ मा सवारी भत्ता पाएका पदाधिकारीले निजी सवारी नराखी रु. ४,४४०। सवारी भत्ता अनियमित तरीकाले खर्च लेखेको २०१५ साल देखि २०१८।१६ साल तकको जम्मा रु. ५,०३ ७४१। को फछ्र्योट गर्न कुनै कारवाई नगरेको, रु. ३६६। को मालसामान जिन्सी किताबमा आम्दानी नबाधेको, लगबूक नराखी अनियमित तरीकाबाट रु. २,६६१।को पेट्रोल खर्च गरेको को अतिरिक्त मेएटीन्यान्स मर्मतलाई विभिन्न सामान खरीद भएको र पूरानो फेरी आएको मालसामान समेत जिन्सी किताबमा आम्दानी नबाधेको ।

अनियमित तरीकासंग रकमान्तर गरी सवारीहरु खरीद गर्न रु. १,०६,६५०। निकासा गराएको ।

२०१८।१६ मा श्री पुलिस हेडक्वाटर्स अन्तरगत उपत्यकाका बिभिन्न अफिसका पदाधिकारीले निजी सवारी नराखी सवारी भत्ता रु. १५,२४०। खच लेखेको दिन नमिल्ने दैनिक भत्ता खान पाउनेको भर्पाई बेगर र स्वीकृति बेगर अनियमित तरीकाले खर्च लेखेको रु. २,०१८। रु. ४१८। सोध भर्ना गर्न कारवाई नगरेको पुलिस जवानलाई वितरण भएका मालसामानको मोल रु. १८.९७७। र पेशगी भएको रु ६७५। फछ्र्योट नगरेको ।

२०१८।१६ मा बैण्ड मर्मत गर्न रु. ६०। खर्च गरेकोमा उक्त रकम बेण्डको आम्दानीबाट खर्च गर्नु पर्नेमा सो नगरी बैण्ड कम्पनीको बजेट निकासा मध्येबाट खर्च गरेकोले सो रकम सोध भर्ना गराएको ।

**पु. १ नं श्री जिल्ला पुलिस इन्सपेक्टर अफिस**

२०१८।१६ मा तेल बत्ती मसलन्द र शान्ति सुरक्षा रकममा समेत खर्च भएको रु. २०१। को लेखा र तत्सम्बन्धको विल भाउचर पेश नभएको को अतिरिक्त दर दरको जम्मा ३,६२२ थान सर्भिस टिकट अघिल्लो वर्षको बाकी जिम्मावारी सर्न आएका खर्च भएको सम्बन्धको भर्पाई पेश नगरेको

**श्री धुलिखेल पुलिस थाना**

२०१८।१६ मा सवारी भत्ता पाएका पदाधिकारीहरुले निजी सवारी नराखी अनियमित तरीकाबाट रु. २४०। सवारी भत्ता खर्च लेखेको, निकासा स्वीकृति बेगर अघिल्लो आर्थिक वर्षको तलब रु. ३६६। पछिल्लो सालमा खर्च लेखेको को अतिरिक्त खर्च भई बांकी रहेको रु २५५। सर्व संचित कोष दाखिल नगरेको ।

**श्री वीरगञ्ज एस. पी. अफिस**

२०१८।१६ मा रीत पूर्वकको लगबूक नराखी पेट्रोलमा रु. १,८३३। खर्च गरेको, रु. ४७५। उक्राती रहेको नफछ्र्याएको ।

**श्री एन. ए. सी. बटालियन. श्री महल**

२०१८।१६ मा आठ कम्पनी मध्ये ६ कम्पनीको पूरा आर्थिक वर्षको आर्थिक विवरण तर ताकेता गर्दा पनि प्राप्त नभएको, सरकारी बिक्री वितरण दर भन्दा मन १ को रु. १।– बढी तिरी ठेकदारसंग दाउरा लिई रु. ४,७७३/– बढी खर्च गरेको ।

**प. १. नं. श्री धादिङ्ग थाना**

२०१८।१६ मा बजेट भन्दा बढी तर, साविकमा दरबन्दी अनुसार तेल बत्तीमा रु. ३। मर्मत मा रु. २१७ घोडा भाडा रु. ७०। खर्च गरेकोबाट बजेट र दरबन्दी मिलान गर्ने तर्फ

कारवाई नगरेको ।

**प. १. नं. श्री नुवाकोट जिल्ला पुलिस इन्सपेक्टर अफिस**

२०१८।१९ मा एक सब इन्सपेक्टरको हाजिर फाराममा १ महीना ११ दिन खालि रहेकोमा बडा हाकिमले काजमा खटाएको भनि रिपोर्ट गरी निकासा भई नआएता पनि राशनको खर्च भनि लेखेको रू. ६३१-

**श्री बीरगञ्ज डि. एस. पी. अफिस**

२०१८।१९ मा अघिल्लो बर्षको बांकी मसलन्द तेल बत्ती रकम अनियमित तरीकाले खर्च गरेको रू. २५१- फछर्यौट नगरेको ।

## श्री निर्माण संचार तथा यातायात मन्त्रालय

२०१६।१७ र सो भन्दा अघिका आर्थिक व्यवहारका लेखा विवरण पटक पटक माग गर्दा पनि नदिएको ।

अन्तरराष्ट्रिय हाई-वे सम्मेलनमा रू. ४३,०८६। खर्च देखाएको मध्ये मालसामान पनि खरीद भएको हुंदा मालसामानको भौतिक परीक्षण गर्ने र तत्सम्बन्धि लेखा श्री आर्थिक सल्लाहकार ( हाल श्री अर्थ सचिव) ले नदिएको ।

श्री रायल नेपाल एयर लाईन्स करपोरेशनके काम सम्बन्धमा शोध भर्ना लिने गरी उत्राती मा राखि गएको रू. ४,८७,८८६। मा थप रू. २,४२,३७३। पनि सोध भर्ना लिने गरी उत्राती मै राखि दिन पर्नेमा हस्तेवारी दिएकोबाट एकै रकममा दुई किसिमको निकासा भएको र पछिल्लो रकम सोध भर्ना हुन नगई छुटन जाने सम्भावना रहने गरी दिएको ।

श्री पूर्व पश्चिम राज मार्ग समिति खडा हुनु भन्दा अघि देखि तत्सम्बन्धी काम कारवाई भएकोले सो समेतको लेखा विवरण तर ताकिताका साथ माग गर्दा पनि नदिएको ।

पहिले श्री ५ को सरकारले भोग बन्दकी लिई राखेको ललितपुर जाउलाखेलको एक घर खरीद गर्ने भई मोल समेत रु. ६०२,६३१। निर्धारित भई सकेको र सो निर्धारित मोल मध्ये केही मुताम गई सकेकोले अब दिनु बांकी रू. २०५,०००। निकासा गराई दिई उक्त घरको मालसानहरुको हिनायजातको व्यवस्था सम्पन्न नगरेको र त्यहांका जग्गा जमीनको आयस्ता असूल गर्ने सम्बन्धमा ठोस कदम नउठाएको को अतिरिक्त ऋणिले चर्चि आएको भाग जतिको निजबाट वहाल लिनु पर्ने सो लिएको पनि देखिदैन ।

### श्री भवन विभाग

श्री से.ई.मे.डी. क्याम्पा बाहिर बनाउने अड्डाले रायल गाड काली बहादुर ब्यारेक बनाउने काममा खर्च गरेको लेखापरीक्षणको सिलसिलामा प्रस्तुत भएको वासिल बांकीको पानामा पुछारमा मसी नमिल्ने गरी रू. ७००। को कलम ३ तीन थपी कैफियत गरेको सम्बन्धमा विभागीय कारवाई-लाई पठाएकोमा श्री विशेष पुलिस विभागबाट कारवाई गर्न लगाई सूचना गरेको ।

श्री से. ई. मे. डी. ले काम नलाग्ने मालसामान लिलाम बिक्रीको व्यवस्था नगरेको ।

### सिंहदरवार बिजुली अड्डामा हालको मद्दत बढी देखिएको ।

२०७।१८ मा झापा गोदाम घर निर्माण गर्ने रू. १,०३,६००।- को लगत एष्टिमेट पेश नगरेको र श्रेस्ताहरू रीतपूर्वक नराखेको ।

विकास नियम बमोजिम कोटेशन नलिई तथा टेण्डर कल समेत नगरी रू. २८,६६२।- को मालसामान खरीद गरी सो मालसामान आम्दानी बांधेको जिन्सी किताव पेश नगरेको, दरदाम फरक पारेको र हिसाव नमिलाई बढी खर्च लेखेको तथा खान पाउनेको भर्पाइमा सही नगराई रू. २२१। खर्च लेखेको तलब खर्च ८८०। लेखेको सम्बन्धमा म्यादी कर्मचारी भर्ना गर्ने आदेश तथा निजहरुको हाजिर फाराम पेश नगरेको । दैनिक तथा भ्रमण खर्च रू. ८२३। निर्माण कार्यको रकम-बाट खर्च गरेको त्यसको आधारभूत प्रमाण भने पेश नगरेको । रू. २,८६४। श्री नेपाल राष्ट्र बैंक भद्रपुर शाखामा जम्मा गरेको को भाउचर पेश नगरेको र एकै ठाउंमा २ जनाको ल्याप्चे सहिछाप गराई रू. ४०। खर्च लेखेको ।

२०१७।१८ मा झापा कचहरी घर निर्माण गर्ने विकास नियम बमोजिम कोटेशन नलिई तथा शिल्ड टेण्डर कल समेत नगरी रू. १५,८३८। को मालसामान खरीद गरेको र सो मालसामान आम्दानी बांधेको जिन्सी किताव पेश नगरेको । घटाघट तथा टेण्डर कल समेत नगरी रू. ३,००७। मोटरद्वारा तथा कुल्लिद्वारा समेत मालसामान ढुवानी गरी खर्च गरेको रू. ८०।- को खान पाउनेको भर्पाई पेश नगरेको र दरदाममा रू. १०।- बढी खर्च लेखेको ।

रू. ४८,४३६।- को कचहरी घर निर्माणको लगत एष्टिमेट पेश नगरेको को अतिरिक्त रीत पूर्वक श्रेस्ताहरु समेत नराखेको ।

### श्री रोडस विभाग

विराटनगर देखि जोगबनी सम्मको सडक पीच गर्ने बारेमा भा.रु. २,००,०००। मा ठेक्का

वन्दोवस्त भई जाँच पास नहुदै फेरी त्यसमा चौडाई थपि पोच गर्न र मर्मत समेत गर्ने ठेक्का वन्दोवस्त गर्न टेण्डर कल गरेकोमा चौड़ाई थपि पीच गर्न र जनाको टेण्डर पर्न आएको र सो टेण्डरवाला मध्ये १ जनाले भा रू. १,६६,०००। मा कबूल गरेको भएतापनि सन्तोषजनक नभएको र रीत नपुगेको समेत भनी टेण्डर क्यान्सिल गरी टेण्डर समेत नलिई लगत एष्टिमेट बमोजिम मर्मत गर्न भा. रू. २२,६६०। र चौडाई थपि पोच गर्न भा. रू. २,०६,८२३। समेत जम्माभा.रु. २,३२,७८४। मा ठेक्का बन्दोवस्त गरेको । पहिलेका उक्त टेण्डरवालाहरुको टेण्डर सम्बन्धी कागज पत्रको फाइल माग गर्दा नपाएको । सो नपाएबाट रू. ३,१६,८८० । को खर्च लेखा परीक्षण गर्न नपाएको ।

**श्री समरजंग कम्पनी**

२०१८।१६ मा जीप १ के रु. १,८४०। मा मर्मत गर्न घटाघट भएको अवस्थामा मर्मत नगराई पहिलेको मर्मतको एष्टिमेटमा फेर्न पर्नेमा नपरेको ४ टायरहरु समेत फेरी रु. ३,६००। खर्च लगाई मर्मत गराएको ।

**श्री त्याक्सी इन्जिन विभाग**

चारवटा रोड रोलर खरीद भएको मध्ये कुनै कुनैको लागि सिल्डटेण्डर नलिएको, सिल्ड टेण्डर लिएकोमा पनि शर्त अनुसार नयां रोड़ रोलर नलिएको, शर्त बमोजिम ठेक्का नउठाउने ठेकदारलाई गर्ने जरिवाना असूल नगरेको, म्याद नथाई दाखिल गर्ने संग शर्त अनुसार हर्जाना गरिएको को अतिरिक्त कबूल दर भन्दा रु. १४,८५०। बढी भुक्तानी दएको ।

**श्री चुरे रोड़ शेस**

२०१८।१६ मा अड्डाको आम्दानीबाट १.७७१। बजेट मै समावेश नगरी निकासा वेगर खर्च गरेको.

**श्री काठ-माडौं छेमडेल अड्डा**

२०१८।१६ मा नियमित श्रेस्ता नराखेको विल वेगर रू. १,५२३। खर्च लेखेको. निकासा वेगर रू. १,८०३। थप ज्याला दिएको सिल्ड़ टेण्डर वा घटाघट नगराई रू. १४,४०५। को अनियमित तरोकाले मालसामान खरीद गरेको, ढुवानी भाड़ामा रु. १६। वढी खर्च लेखेको, लगत एष्टिमेट भन्दा रु. ६३४। बढी खर्च गरेको. निकासा वेगर रु. ६५५। उन्नानी राखो खर्च गरेको; निकासा भन्दा चून सुर्की तथा ज्यालामा रु. ४५३। बढो खर्च गरेको, निकासा वेगर रु.४२। कालिगढ खर्च लेखेको तहवील मसौदमा परेको रू. ४८,६८४। को सम्बन्धमा कारवाई टुगो नसकेको ।

**श्री ललितपुर छेमडेल अड्डा**

२०१८।१६मा बिक्रेताको बिल तथा काम काममा खान पाउनेको भर्पाई वेगर रू. २०६। निकासा वेगर अघिल्लो आर्थिक वर्षको रू. १,५०४। खर्च गरेको, दरदाम बढी खर्च तथा स्याहामा घटि आम्दानी बाधेको रू. ८। विना निकासा हुजाकको भर्पाई वेगर सर्भिस टिकट रू. ५। खर्च गरेको को अतिरिक्त जिन्सी तर्फ बुझ बुझारथ नभएको कारण देखाई तत्सम्बन्धी लेखा विवरण पेश नगरेको ।

**श्री बीरगंज बनाउने अड्डा**

२०१८।१६ मा बीरगंजबाट कलैया जाने सडक मर्मत गरी बनाउन भएका लगत बमोजिम रू. २,४००।- को रकम घटाघट नगराई खर्च गरेको को अतिरिक्त उन्नाती रहेको रू. ६,३६,२००। नफञर्याएको र सो मध्ये ३,३७,३४४। को सम्बन्धित श्रेस्ता नभएको ।

**श्री हुलाक विभाग**

२०१८।१६ मा ब्यहोरा नजनाई आम्दानी बाधेको रू. ८३। कबूलियत नगराई रुपैयां निकासा दिएको, रू. १६,५०५, लगत एष्टिमेट नदेखिएको रू. १८,२०१ खर्च गरेर बांको रहेको रकम दाखिला गरेको नदेखिएको रू. १,३०३। विभिन्न कामको लागि पेशगी गएको रकम रू. २,०७,४१६ को फांटवारी नआएको, एक आर्थिक सालको रकम स्वीकृति विना अर्को आर्थिक वर्षमा खर्च गरेको रु १,०६५। बजेट निकासा भन्दा बढी खर्च गरेको रू. ३७। स्वीकृति वेगर एक रकमको रुपैयां अर्को रकममा पेशगी खर्च गरेको तर जुन काम गर्न पेशगी लागेको हो सो काम हुन नसकेको रु. ६३३।, खर्च गरी

बाकी रहेको रु. ८८५०। श्री नेपाल राष्ट्र बैंकमा दाखिल गरेको नदेखिएको, खर्च गरी बाकी रहेको रकम रु. ५,६६३। म्याद नघाई दाखिल गरेको र श्रेस्ता पनि म्याद नघाई दाखिल गर्ने गरेको।

२०१७।१८ भन्दा अघिको आर्थिक व्यवहारको लेखा विवरण नै पेश नगरेको र २०१७।१८ मा आदेश वेगर, निकासा भन्दा बढी, भर्पाई, नभएको, बजेटमा समावेश नभएको, वेरितसंग मालसामान खरीद गरको समेत गरी जम्मा ४,१४,०२६। को वेरुजु देखिएको।

**श्री भक्तपुर नगर हुलाक**

२०१८।१९ मा कमचारीको गएल भनि कट्टी गरेको रु. ३। सर्व संचित कोष दाखिल नगरेको।

**श्री भीमफेदी हुलाक शाखा**

२०१८।१९ मा टिकट बिक्रीबाट आम्दानी भएको रकम मध्ये रु. ४ सव संचित कोषमा दाखिल नगरेको, मसलन्दमा सर्चं भएको रु. ३ को फांटबारी पेश नभएको र खर्च गरेको रु. १२। अड्डा प्रमुखले प्रमाणित गराई नराखेको को अतिरिक्त श्रेस्ता रीत पूर्वक नराखेको।

**श्री बीरगञ्ज पोष्ट अफिस**

तेल बत्ती मसलन्द रकममा बजेट भन्दा बढी रु. १०२ अनियमित तरीकाले खर्च गरेको।

**श्री धुलिखेल पोष्ट अफिस**

२०१८।१९ मा अघिल्लो आर्थिक बर्षको दिन बांको तलव रु. १८०। स्वीकृति वेगर अर्को बर्षमा खर्च लेखेको, मसलन्द रु. २७। को बिलमा मालको नाम तथा दर मोल समेत नखुलेको को अतिरिक्त खर्च भई बांकी रहेको रु. ७३। साल तमाम हुनासाथ सर्व संचित कोषमा दाखिल नगरेको।

**श्री चौतारा पोष्ट अफिस**

२०१८।१९ मा अघिल्लो आर्थिक बर्षको बचत रकम रु. ०४५। सर्व संचित कोषमा दाखिल नगरी अनियमित तरीकाले खर्च गरेको।

**पु. १ नं. श्री पाँच खाल हुलाक**

दिन बांकी तलब रु. ७७०। विना स्वीकृति अनियमित तरीकाबाट खर्च लेखेको।

**श्री बाग्ह विसे हुलाक**

२०१८।१९ मा नियमको प्रतिकूल बिदा निकासा गरी खाउन नहुने तलब रु. १२२। खर्च लेखेको।

**प. १ नं. श्री त्रिशुली खोटी हुलाक**

२०१८।१९ मा अड्डा प्रमुखको हाल साबिकको बुझ बुझारथ नभएको कारण २०१९ साल आषाढ १ महीनाको लेखापरीक्षण हुन नपाएको।

**श्री आर टि. ओ.**

उपर्युक्त संस्थाको लेखापरीक्षण गर्ने सम्झौतानुसार संयुक्त राज्य अमेरिका सरकार, भारत सरकार र श्री ५ को सरकारका तर्फबाट संयुक्त लेखापरीक्षण गर्ने पर्नेमा पहिलो सम्मिलित नभएकोले बाकी दुईले मात्र लेखापरीक्षण गर्ने परेको।

श्री आर.टि ओ. अन्तरगत काठमाडौं, धुलिखेल, पोखरा, जनकपुर, हेटौंडा, भैरहवा, धरान, नेपालगञ्ज, रोडस डिभिजन र बीरगञ्ज हेटौंडा हेभिइक्विपमेन्ट तथा आनन्द निकेतन स्टोरको मालसामान भौतिक परीक्षणबाट सिमन्टी समेत लाखौं रुपियांको मालसामान बरबाद भएको को अतिरिक्त आस्सेत लिष्टमा उल्लेख भएका सामानहरु धेरै फरक पर्न गएकोमा त्यसरी नोक्सानी हुन नपाउने, बढी देखिएका मालसामान आम्दानी बांध्न लगाएको र घटी देखिएका मालसामानको मोल भर्ना हाल्न लगाउने कारवाई नगरेको।

**श्री टेलिकम्युनिकेशन विभाग**

२०१७।१८ मा हाजिर फाराम विना रु. ५०,०२३८ खर्च लेखेको, अनियमित तरीकाले रु. १६,६५१। को मालसामान खरीद गरेको, प्रमाणित कागज विना दुवानीमा रु. १७,५१३। खर्च गरेको, बढी लिएको भ्रमण भत्ता रु २१०। असूल नगरेको, रु. ११,४६८। को मालसामानको फांटवारी पेश

नगरेको, रु. १,६००। को मालसामान जिन्सी किताबमा आम्दानी नबाधेको रीतपूर्वकको जिन्सी किताब र श्रेस्ता नराखेको ।

**प १ नं श्री तुवाकाट टेलिफोन**

२०१७।१८ र २०१८।१९ को क्रमश: रू. ३,६७६। र रू. १०१। को उत्राती नपठिएको ।

**श्री गौर टेलिफोन अफिस**

२०१८।१९ मा अघिल्लो आर्थिक वर्षको फर्निचर रकमको रू. ४६५। स्वीकृति बेगर भुक्तानी दिएको को अतिरिक्त २०१२ साल देखिको मिन्हा नभई पाला पालाको हाकीमबाट उपर गर्नु पर्ने रू. १४३। असूल नगरेको ।

**श्री इञ्जिनियरिङ्ग स्कूल**

२०१७।१८ मा रू. २३७८ मन्सार महसूल तिरेको मालसामान आम्दानी नबाधेको । अनियमित तरीकाले रू. ५२७। रकमान्तर गरी खाजा रकम समेतमा खर्च गरेको, लगबूक नराखी रू. ३१। को पेट्रोल खर्च गरेको, बिना आदेश रकमान्तर गरी खान पाउनेको भर्पाई बेगर रू. ६६५। खर्च गरेको रीत नपुर्‍याई रू. १,६०३। तलब खुवाएको, अनियमित तरीकाले रू. ८४। को माल खरीद गरेको, आदेश बेगर रु. २,४४६। खर्च गरेको र १६।५०। को बढी पुस्तक खरीद गरेको । श्री वाणिज्य विभागमा गएको पेशगी रु. ८०। नफछ्र्याएको को अतिरिक्त नियमानुसार मिन्हा दिन नसक्ने रकम समितिले मिन्हा गरेको रु. ८४५।

**श्री हवाई विभाग**

२०१७।१८ मा जनकपुर एरोड्रम मर्मत गर्ने पछि सोध भर्ना गर्ने गरी खर्च गरेको रु. ६८०। सोध भर्ना नगरेको, रु. ३४५। बढी मुआब्जा बाढेको, लगबूक नराखी अनियमित तरीकाले रू. १,४८७। को पेट्रोल खर्च गरेको, रीतपूर्वक खाता नखोली रु. ८७३। पेशगी खर्च लेखेको. अनियमित तरीकाले २१,२५५। को मालसामान खरीद गरेको, आदेश बिना रु, १,५१,११८। खर्च गरेको, खान पाउनेको भर्पाई बिना रू. १८६। र मालसामान खरीद गरेको रसीद बिना रू. १,६४८। खर्च गरेको, कमिटीको निर्णयमा लेखिएको नामसंग फरक पर्ने अन्य व्यक्तिलाई रू. १,८७०। भुक्तानी दिएको, हाजिर फाराम बिना रु. ३४,६४६। भुक्तानी दिएको को अतिरिक्त आदेश बिना (प. नं. जिल्ला विकासको) रू. १४,००० आम्दानी बाधेको ।

**श्री नेपाल गभर्मेण्ट रेल्वे**

२०१८।१९ मा कोइला र स्टोर्स खरीद गर्न (लेटर अफ क्रेडिट खोली) पेशगी गएको रू. १,६०,८३३, रेल्वे लाईनका जग्गाको बहाल रू. १७,८०६। महसूल रकमको छुट रू. १४७। असूल फछ्र्योट नगरी राखेको ।

बजेट निकासा भन्दा बढी अरू शीर्षकको बचत रकमबाट मर्मत तथा मालसामान छपाई-आदि रकममा रू. २५,६६२। र बिल भाउचर बेगर रू. ७०। पे स्केल भन्दा बढी रू. १२। तलब समेत अनियमित तरीकाले खर्च गरेको रू. २,७४६। मा खरीद भएको कोइला आम्दानी नबाधेको को अतिरिक्त रू. १,१५२। को सिमेन्ट झिकएको प्राप्त नगरेकोमा कारवाई नगरेको ।

बिना निकासा रेल्वे लाईन बनाउने कर्मचारीहरूलाई बभर टायम भत्ताको अतिरिक्त रू. ५२। खाना खर्च कर्मचारीका परिवारलाई औषधमा रू. ३८। खर्च गरेको

विभिन्न मुल्यवान सामान सुरक्षित र हिफाजत साथ नराखेको साथै बेकम्मा ठहरेका मात्र सामान लिलाम बिक्री नगरेको ।

स्टेशन एरिया भित्रमा रहेका पसलहरूको बहाल असूल गर्ने लगत श्रेस्ता उपलब्ध नगरी दिएबाट परीक्षण हुन नपाएको नियमले रू. २००। भन्दा बढीका मालसामान खरीद गर्न कोटेशन लिनु पर्नेमा रू. २००। मा नबढ्ने गरी एकै दिन छुट्टा छुट्टै बिल गराई खरीद गरेको

**श्री पर्यटन विकास**

२०१५।१६ मा फ्रेन्च सरकारबाट खटी आउनु भएका पर्यटन सल्लाहकारको खाना खर्चमा

खान पाउनेको भा. रू. ४६ को भर्पाई पेश नगरेको, अनावश्यक मोटर भाडा रु. १३।- खर्च लेखेको, पाउने भन्दा बढी रू ६।- दैनिक भत्ता खर्च लेखेको निकासा नभएको काममा रु. २१- खर्च लेखेको, दिन नहुने हवाई सहुलियत मा. रु. २३। खर्च लखेको को अतिरिक्त बांकी रु. २८४। दाखिल नगरेको ।

२०१६।१७ मा रीत पूर्वक श्रेस्ताहरु नरहेको, श्री दुरिष्ट विकास समिति नियमको प्रतिकूल हुने गरी काठमाड़ौं नगर पालिकाका सभापति समेतलाई सदस्य बनाई बैठक भत्ता रु. १६२। भरियाको आवश्यक नपर्ने गरी मोटर सवारीबाट भ्रमण गर्दाको अवस्थामा पनि भरिया खर्च गरेको रू. २०।-, नियमले नपाउने का. मु. भत्ता दिएको रु. ८०।, दरबन्दी बेगर रु. ६,००३। तथा भा. रु. ३००।- समेत तलब खर्च गरेको. रु.। घटि आम्दानी बाधेको, रु. ५०। र भा. रु. १२४। विभिन्न काममा खर्च लेखेको सो लिन खान पाउनेको भर्पाई, पेश नगरेको र अध्ययन बिदामा पठाइएका कर्मचारीलाई पुनः काज गरी रु. ५६३। पूरा तलब खुवाएको ।

अनियमित तरीकाले रु. १६,५६१।- भा. रु. १३,३४५। २०१६।१७ मा र रु. १३,६४६।- २०१७। १८ मा रकमान्तर गरी खर्च गरेको. टेण्डर कल तथा घटाघट नगरी रु. ३६,२८८। भा. रु. १,०७५।- को मालसामान खरीद गरेको, लगत एष्टिमेट बेगर रु. ६०,६३७।- भा रु २८०। निर्माण कार्यमा खर्च गरेको, २०१७।१८ मा लगत एष्टिमेत भन्दा रु. ३,३०१। बढी खर्च गरेको, कोटेशनमा पेशगी लिने शर्त विना ठेकदारलाई रु. १३,४१६।- पेशगी दिएको ।

निकासा नगराई विदेशमा पार्टि, उपहार खर्च र विदेशीहरुलाई ठाउँ ठाउँमा भ्रमण खर्च तथा होटेल निरीक्षण कमिटी को चिया तथा खाना खर्च रु. २७१।- भा. रु. ६६४।- खर्च गरेको, संचालक समितिको निर्णय नगराई सभापतिको टिप्पनी सदर बमोजिम रोडशेष भा. रु. २६।- र भन्सार महसूल रु. ५०।- फिर्ता खर्च लेखेको ।।२०१६।१७ को रकम रकमको बांकी रुपैयां २०१७।१८ मा जिम्मावारी सारे मध्येबाट रु. २७,३२ ।- निकासा नलिई खर्च गरेको ।

२०१७।१८ को आर्थिक वर्षमा रीत पूर्वकको श्रेस्ताहरु नरहेको, आदेश, लगत एष्टिमेट तथा खान पाउनेको भर्पाई बेगर रु २७,४२०।- खर्च लेखेको, कोटेशन नलिई रु ४४,५०६।- को मालसामान खरीद गरेको, पेशगी खाता खड़ा नगरी रु. १,६५३। पेशगी खर्च लेखेको, खरीद गरीएको, रु. ४,०३२।- का मालसामान जिन्सी किताबमा आम्दानी नबाधेको, सोध भर्ना दिनु नपर्ने रु. ३००। – सोध भर्ना दिएको, समितिको निर्णय बिना रु. १,३८८। - पदाधिकारीलाई निर्व्याजी सापटी दिएको रु. १०३। मोटर मर्मतमा खर्च गरेको । सोध भर्ना लिनु पर्ने रु. ६००। सोध भर्ना लिइ नसकेको, लगबूक नराखी रू. ४,१०३। पेट्रोल रकममा खर्च गरेको ।

अफिसको समय पछि चालु हुने गाइड तालिमको काममा विभागी फर्निचर प्रयोगमा नल्याई भाडामा लिंदा भाडा खर्च रू. ३,८६३। अनावश्यक खर्च गरेको, बजेत निकासामा नपरेको स्वयम्भूको निमित्त कुचिकार भर्ना गरेकोमा रू. २२६५।, अफिस सजाउने काममा रू. ५,००६।, काम नखोली पेशगी दिएको रू. ३,०००। विभागीय मन्त्रीको आदेशले अस्थाई नियुक्ति गरी तलब तलब खुवाएको रू. १७५। र अन्य अनावश्यक काममा समेत गरी जम्मा रू. १०,५१८।- खर्च लेखेको ।

स्वीकृति नलिकन रकमान्तर गरी रू, १३,३६६।- विभिन्न काममा र अघिल्लो आर्थिक वर्षको बांकी रकम रू. १५,०००। खर्च गरेको, दरबन्दी निकासा नभई रु. १८,७०५। - कर्मचारीको तलब खर्च लेखेको. निकासा विना रु. २२,१२८। बजेट स्वीकृत भन्दा बढी खर्च गरेको र रू. ६२ पिएनहरूको लुगा खर्च लेखको, मालको मोल र ज्याला बापत रू. १४।- हचुवा किसिमले दिएको ।

उपयुक्त दफा दफामा लेखिए बमोजिमका व्यहोराका सम्बन्धमा स्पष्टतया नदर्शाएको माथै महालेखा परीक्षकले पक्राउ गरेको भन्ने कुरा उल्लेख नगरी प्रस्ताव पेश गरेका र त्यस्मा बेला बेलामा श्री पर्यटन विकास समितिका सभापति उपसभापतिका आदेशबाट भएको खर्च र रकमान्तर गरी गरेको संलग्न रहेको फिरिस्तको खर्च नियमित गरी लिने र नियमानुसार मिन्हा फारख लिनपर्ने गरी दिने श्री ५ को सरकारको निर्णय भए बमोजिम मिन्हा फारखको जनाउको लागी लेखी पठाएमा तदनुसार लेखि नआएको ।

श्री पर्यटन विभाग पोखरा

२०१८।१९ मा निकासा वेगर रकमान्तर गरी रू. ६२६। को मालसामान र रू. १४७। पर्खाल मर्मतमा खर्च गरेको, बंगला भाडा ३३०। असूल नगरेको को अतिरिक्त बंगला मा बस्ने पर्यटकहरू संग भाड़ा लिने बारे नियम नभएको ।

# श्री निर्वाचन आयोग

२०१७।१८ मा भएको खर्च मध्ये अस्थाई कर्मचारीलाई संचित बिरामी बिदा बापत दिएको रु. २,७०४।, बिल भरपाई पेश हुन आउन नसकेको, पेट्रोल मौबिलको खर्च रु ६,२०८।, स्वीकृति वेगर रकमान्तर गरी साईकल मर्मत गरेको रू. ३६। अनियमित खर्च भएको र जिन्सी तर्फ विभिन्न विभागहरुलाई पाउण्ड १,७४०।, भा. रु. २,०४७। र रु. ८,६२१। मोल पर्ने मालसामानहरु बेरीतसंग वितरण गरेको ।

२०१८।१९ मा जिल्ला गौंडा गोश्वराहरुमा रहेको ब्यालेट बक्सहरुमा गृज लगाउन निमित्त पेशगी गएको रु. ४,०६३। मध्ये रु. १,८९५। को पेशगी फर्छेको फाँटवारी र जिन्सी आय व्यय सम्बन्धी लेखा विवरण समेत पेश नगरेको।

# श्री परराष्ट्र मन्त्रालय

इलाहावाद युनिभर्सिटिलाई आर्थिक सहायता नदिने २०१२ साल मै श्री ५ को सरकारले निर्णय गरिसकेको हुदा हुदै त्यसको प्रतिकूल हुने गरी बजेटमा समावेश गरेको रकमबाट का. मु. कन्सल जनरल ( ल्हासा ) लाई भत्ता रू. ३,७००। निकासा दिएको ।

२०१७।१८ मा विल भाउचार भन्दा बढ़ी, किताब खानाबाट पास भएको रिपोर्ट भन्दा बढ़ी तलब, भरपाई अर्डर नमिलेको, खर्चको फांटवारी नभएको, स्वीकृति वेगर रकमान्तर गरी खर्च गरेको, दैनिक भ्रमण शीर्षकमा निकासा भन्दा बढ़ी खर्च गरेको समेत अनियमित खर्च गरेको समेत अनियमित खर्च गरेको रू. ८,३४७। को अतिरिक्त पिलपाया गाडने कामके गएको पेशगी रू. १० ०००। र पेशगी खुवाएको रू. १ २१५। पछर्याउन कारवाई नगरेको

२०१८।१९ मा घटाघट नगराई अनियमित तरीकाले रू. ३२५। को फर्निचर खर्च लेखेको, पिलपाया गाडने काममा पेशगी गएको रू. १६,०००। फछर्योटगर्ने कारवाई नगरेको ।

## शाही नेपाली राजदुतावास कन्सुलेट तथा मिशन

वर्षौं देखि तरताकेताका साथ माग गर्दा पनि उक्त संस्थाहरू मध्ये धेरै जसोको लेखा बिवरण प्राप्त नभएको ।

## श्री शाही नेपाली राजदूतावास लण्डन

अघिको तिर्न बांकी ओभर ड्राफट २०१८।१९ मा तिरी दिई सो आर्थिक बर्ष भित्रै हिसाब लिई बेमनासिबको खर्च देखिए जति तत्कालिन राजदूतबाट असूल उपर गर्ने भन्ने श्री ५ को सरकारको निर्णय नुसार गर्नु पर्ने कारवाई नभएको ।

## श्री लियाजो अफिस मलाया

२०१८।१९ मा लगबूक नराखो अनियमित तरिकाबाट १,२०८। पेट्रोल खर्च गरेको ।

## श्री कुती स्थित नेपाली ट्रेड एजेन्सी

२०१७।१८ मा अनियमित तरीकाले भ्रमण रकमबाट रकमान्तर गरी मसलन्दमा रू. २५। खर्च गरेको ।

## श्री अतिथि सत्कार बिभाग

२०१७।१८ मा छपाई शीर्षकमा रू. १०। बढ़ी खर्च गरेको । चाईनिज युवक मण्डलको सांस्कृतिक शो र उक्त कला मण्डलको सत्कार कार्यको निमित्त पेशगी गएको रकम मध्ये रू. ३१७। फछर्याउन कारवाई नगरेको ।

२०१८।१९ मा अतिथि सत्कारको निमित्त चाहिने माल सामानहरू २०१७।१८ सम्म हिटी चोकबाट ठेक्का बन्दोवस्त भई आएकोमा सो २०१७ सालमा ठेकदारले बराबर धोका दिएकोबाट तोकिएको समयमा बाधा अडकाउ नपारी राम्रो असल माल सामान ठीक समय समयमा दिई आए सम्म विभागीय मन्त्री स्तरबाट निकासा भएकै आधारमा प्रचलित कानून बमोजिम ठेक्का बन्दोवस्त नगरी बजारकै प्रचलित दरमा रू. ७५,३३३। को माल सामान दिने गरी एक ठेकदार मुकरर गरेको ।

श्री अतिथि सत्कार विभाग, त्रिपुरेश्वर र शितल निवासमा रहेका माल सामानहरू मध्ये साविकबाट २०१३ सालमा बुझ बुझारथ गरी लिनु पर्ने बांकी थान २२५ र शितल निवास क्याम्प भित्रको आवादि जग्गाको २०१२ सालसम्मको असूली श्रेस्ता बुझबुझारथ नभईरहेको को अतिरिक्त पछि २००८ साल देखि हाल आवादि भएका जग्गाको सर्भे गरी दर तोड गर्ने काम र नामसारी गर्ने काम समेत नभई रहेकोबाट साविक आंठाको आधारमा धरौटी लिने गरेको सो असूल गर्ने दर २०११ सालमा साविक नगदी तहवीलको दर रू. १ को धान ।१।४ स. चा ।८।२ को दर ( कानूनी आधार बेगर तोकी ) बिभागीय सचिवले निकासा दिएको साथै शितल निवास गेष्ट हाउसमा रहेका लाखौं रूपियाका माल सामानहरू मासिक रू. ६१ खाने हेड बैठकेको जिम्मामा रहेको उपयुक्त नदेखिएको ।

# श्री रक्षा मन्त्रालय

## श्री रायल आर्मी हेड क्वाटर

शाही सेनाका जवानलाई राशन ठेक्का मार्ग, पौषमा गनु गराउनु पर्ने सो नभई कहीं कहीं जस्तो तौलिहवामा चैत्र लाग्दा मात्र ठेक्का बन्दोबस्त गरेको देखियो। त्यसमा पनि घटीमा कबूल गर्छु भनि निवेदन गरेको छंदाछंदै ४ प्रतिशत नोक्सान पर्ने गरी बढी दर वालालाई दिएको।

पूर्व ४ नं भोजपुर स्थित शाही सेनाको राशनको बन्दोबस्त गर्दा घटी दर २।७६ सम्पमा कबूल गर्ने अरु हुंदाहुंदै सब भन्दा बढी अबूल गर्ने साविकवालालाई साविक दर २।१८ मा करीव रु. १५,८६७ नोक्सान हुने गरी राशनको ठेक्का दिएको।

धेरै जसो सवारीहरु जिन्सी किताबमा आम्दानी नबांधी चलन गरी राखेको, पुलिस र कान्ती राजपथ समितिलाई क्रमशः ट्रक २, जीप ३ अनियमित तरीकाले दिएको, ग्यारेजको प्रवन्ध नगरी १६।१७ वटा मोटरहरु घामपानीमा पारीराखेको, वर्कशपको लागि नि:रासा भएको छंदाछदै तदनुसार वर्कशप खडा गर्ने तर्फ नलागि सवारीहरु बाहिर लागि मरमत गराउने गरेको, सवारीहरुको निमित्त पेट्रोल दरबन्दी गर्दा सडकको अवस्थाको ( पीच भएको र नभएको सडकको एकै दर गरी ) विचार नगरेको, भारतीय सैनिक प्रशिक्षण दलले १ ग्यालन पेट्रोलले सरदर ५ माइल मात्र चलेको देखाएको, सबै सवारीको लगबूक नराखेको को अतिरिक्त भू. पू. प्रधान सेनापतिबाट स्पेयर व्हिल १, टुल केस १, जीपको कम्प्लिट व्हील १ फिर्ता नलिएको। धेरै जसो मेहीकल तथा टुल्सहरु जिन्सी किताबमा आम्दानी नबाधेका।

२०१८।१९ मा पेट्रोल सहूलियत पाउने अफिसरले लगबूक नराखो रु. १४,२८४१ को पेट्रोल खर्च लेखेको, त्यस्तो सहूलियत पाई राखेका अफिसरहरु मध्ये कुनै कुनैले निजी सवारीको सट्टा सरकारी सवारी प्रयोग रहेको साथै दोहरो खर्च हुने गरी रु. १०६७/- को पेट्रोल खर्च लेखेको; दरबन्दी भन्दा बढा रु. ६२/- पेट्रोल खर्च लेखेको, पावरको ब्यवस्था मै रहेको स्थानको जेनरेटरको लगबूक नराखी दरबन्दी अनुसार रु. २६७ पेट्रोल खर्च लेखेको।

श्री मिलिटरी अस्पतालमा बिरामी पुलिस जवानले खाएको राशनको मोल पुलिसको बजेट-बाट रक्षाको बजेटमा सोधभर्ना गर्ने कुनै व्यवस्था नगरेको, पब्लिकलाई बिक्री वितरण भएको सर-कारी दर भन्दा बढी पर्ने गरी दाउरा खरीद गरेकोले रु. ३३,४६६। नोक्सान भएको साविक ठेक-दारहरुसंग २०१४।१५ देखिको बांकी रहेको रु. २८,३५०। असूल गर्ने कारवाई नगरेको को अतिरिक्त रु. २७,५६,२१८। को उत्राती फर्छ्योट नगरेको।

टुंड़िखेल मनीको कोत खाना तथा तोप खानामा छानाबाट पानी चुहिने ठाउँमा मालसामान राखेको, खालि काठको बाकस तथा अन्य सामानहरु घामपानामा चौरमा राखेको।

२०१८।१९ मा बैण्ड बाजा ठाउँ ठाउँमा खटि जांदा दस्तूर मध्ये असूल भई आएको रु. १२,४६४। मा बैण्ड बाजा मर्मत गर्न रु. १,८७७। विभिन्न पदाधिकारीहरूलाई सापटी रु. ३,१३७। अनियमित तरीकाले खर्च गरेको श्री नेपाल राष्ट्र बैंकमा जम्मा गर्नु पर्ने रु. ७३०। अफिसमा मौज्दात रहेको र रु १३,६५१। श्री नेपाल बैंकमा जम्मा गरी राखेको को अतिरिक्त २००६ साल देखिका बांकी रु. २,६७०। असूल नगरेको।

## श्री पाल घर

बनेपा अग्निकाण्डको निमित्त गएको भनेको पाल थान १७ सत्र मातातीर्थ माथिको मंगल प्रोष्टमा डयुटीका लागि बाजागरी गएको पाल र चाईनिज कल्चरल एशोसियशनलाई बालगिरी गएको ६।७ ड्कटेलपालको बाहिरी टप समेत फिर्ता नलिएको, मर्मत गरी राख्नु पर्नेमाल, सायरका सामानहरु हिफाजत साथ नराखेको को अतिरिक्त लिलाम बिक्री गरेको हुने मालसामानहरु तदनुसार नगरी ठाउं समेत अड्की राखेको।

**प. १ नं श्री भैरवी दल कम्पनी, नुवाकोट**

२०८०।१६ मा मालसामानहरू हिफाजत साथ राख्ने राम्रो व्यवस्था नभएको।

**श्री जङ्गी वाली तलब**

२०८०।१६ मा किताब खानाबाट पास भएको रिपोर्ट र जिल्ला मालबाट तलब खुवाएको भर्पाई भीडाई हेर्दा २०१७।१८ को रू. १२,११६। र २०१८।१६ को रू. १०,८८८। समेत रू. २३,०००। बढी खुवाएको देखेकोले सोध भर्ना दिन नमिली बांकी रहेको हो भन्ने र २०७।८ भन्दा अघिको पनि त्यसरी सोध भर्ना हुन नसकी रहेको रू. २१,४१,०८०। मध्ये रू. ३,१६,०५३। निकासा बेगर सोध भर्ना गर्न नपाएको रू. ३,२२६। हाल साबिकका हाकिमहरूको वरबुझारथ नभएको कारणबाट बांकी रहन गएको।

**श्री क. कि.जङ्गी फाट**

२०१८।१६ मा सरकारी रकम निकासा बेगर प्रचलित कानूनको प्रतिकूल हुनेगरी ने. रू.१२४। घर लगि राखेको सम्बन्धमा कानूनी कारवाई नगरेको

**श्री पीपा गोश्वरा**

२०१८।१६ मा साबिकवाला क्वाटर माष्टरबाट रू. १४,०७८। असूल उपर नभएको। तलब रू. २,४३३। अनियमित तरीकाले पछिल्लो सालमा खर्च लेखेको।

**प. १ नं. श्री त्रिशुली ब्यारेक**

२०१८।१६ को परीक्षणबाट २०११ सालको बाढीपहिरोमा परेको र टुटफुट भएका ११० थान बारे मिन्हा तर्फ र गैर खाली हुने जवानले लगेको मालसामान ६६ थान समेत असूल उपर नगरेको।

**प्र. १ नं. शिवदल कम्पनी**

२०१८।१६ मा खर्च भई बांकी रहेको तलब रू. ४४। सर्व संचित कोष दाखिला नगरी स्वीकृति बेगर पछिल्लो सालमा खर्च गरेको। बैंकमा मालसामान लिलाम गर्ने कारवाई नगरेको, जिन्सी मालसामानहरू आम्दानि बांधिएकोमा नाप तौल र मोल नखुलाएको, फर्निचर र अन्य सामान समेत १६ थान माल नपुग भएको. उक्त कम्पनी अन्तर्गतका ठाउँ ठाउँका सरकारी घर पानी चुही बिग्रे भत्केको समयमा मर्मत नगरेको, सरकारी घरमा बस्न सुविधा प्राप्त नभएका कर्मचारीहरू बिना बहालमा सरकारी घरमा बसी रहेका, भत्कि पाताल भएका घरको काठ पान जिन्सी किताबमा आम्दानी नबांधिएको को अतिरिक्त सो माल मौज्दात भएको पनि नदेखिएको।

**श्री स्वयम्भू बारुद खाना**

२०१८।१६ मा सोडा खाडी आएको पानी भारी १ को रू. १।६ पैसा लिई बिक्री गरी आएकोमा २०११।४।५ मा.रू. १३२ लिइ बिक्री गर्ने गरेको, १ भारीमा १६ पाथी हुने हुंदा ४ चार पाथी अटाउने टीन १ को रू. १।६ पैसामा बीक्री गर्ने कारवाई सम्न गरेको तदनुसार गरी नसकेको। मरमतलाई रू. ३३७। को रंग रोगन कोटेशन लिई एकै पटक खरीद नगरी पटक पटक खरीद गरेको।

**प. १ नं. रसूवा चेक पोष्ट**

२०१८।१६ मा चेक पोष्टमा रहेका जवानले पाउने अल्टिच्यूड भत्ताको रिपोर्ट किर्ते गरी रू. ७१६। मालबाट झिकी चोरी खाएको देखीएको सम्बन्धमा सो जवान उपर जङ्गी कानून बमोजिम कारवाई भईरहको।

**श्री अर्डन्यान्स डिपो**

२०१८।१६ मा ल्कोडिङ समेतका मालसामान विभिन्न बटालिएन कम्पनी युनीट आदीलाई मोल निर्धारीत भए पछि मिलाउने गरी कुनैमा धरौट लीई र कुनैमा धरौटी नलीई वितरण गएको र वालगिरी गएका मालको मोल निर्धारीत नगरेबाट असूल उपर गर्नु पर्ने लाखौं रूपैया असूल उपर

नगरी राखेको । धरौटीको रू. ७५,८२० श्री नेपाल बैंक लिमिटेडबाट श्री नेपाल राष्ट्र बैंकमा जम्मा गराएको र तत्सम्बन्धमा सदर स्याहा गरी फछर्योट गर्ने कारवाई नगरेको । मर्मत गरे काम दिने मालसामानहरू मर्मत नगरी काम नदिनुको साथै मर्मत गर्न नहुने मालसामानहरू लिलाम गर्नु पर्ने समेत कुनै व्यवस्था नगरेको । भगुवा जवान संगको बांकी ल्कोडिंग आदी मालसामानहरूको मोल नीजहरूबाट कट्टी गरी राखेका रकमबाट सोध भर्ना गर्ने समेत कारवाई नगरेको । वर्षौं अघि देखि बालगिरी गएका मालसामानहरू फिर्ता तथा मोल लिनेसमेत कारवाई नगरेको ।

## श्री राष्ट्रिय निर्देशन मन्त्रालय

२०१७।१८ मा श्री महासभा तथा प्रतिनिधि सभा सचिवालयको पुस्तकलयको निमित्त रहेको रू. ५,६६२। बाट श्री राष्ट्रिय निर्देशन मन्त्रालयले अनावश्यक पुस्तक पत्र पत्रिकाहरू खरीद गरेको।

२०१८।१९ मा राष्ट्रिय प्रजातंत्र दिवस तथा अन्य समारोहलाई गएको र अन्चलाधिशहरुको ष्टाफलाई तलब सापटी गएको र भ्रमण समेत के पेशगी गएको रु ६०,१५८। को फांटवारी पेश नगराई पेशगी नफछ्र्याएको को अतिरिक्त विभिन्न वर्गीय संगठनहरुले पेशगी लगेको रकम मध्ये कुनै कुनै फांटवारी पेश गरेकोमा बांकी देखिएको रू. ४५६। असूल उपर नगरी बांकी राखको।

२०१८।१९ मा वर्गीय संगठन तर्फ दैनिक भ्रमण भत्तामा रू. ६७ बढी लिएको, झण्डा बनाउन छपाई रकमबाट दिएको रु. २,१४०। फछ्र्योट नभएको, रु. १००। को टिकटको फांट पेश नभएको, पत्रिका निकाल्न रू. २,१५०। खर्च भएको फांटवारी पेश नभएको, लगबुक नराखी रू.२,५५० पेट्रोलमा खर्च गरेको को अतिरिक्त कोटेशन वेगर रु. २२,८२०। को मोटर खरीद गरेको।

### श्री प्रचार तथा प्रसार विभाग

२०१६।१७ मा विकास तर्फ पञ्चवर्षिय योजनाको प्रचार सम्बन्धमा पुस्तिका छाप्न पेशगी गएको रु. ८,०००। को फांटवारी पेश नभएको, रु. ३००। पर्ने व्हाइट प्रिन्ट पेपरबाट छापी आएको विकास पत्र पत्रिका जिन्सी किताबमा आम्दानी नबाँधेको र दरबन्दी वेगर सम्पादकलाई अनियमित तरीकाले रू. १२०। पारिश्रमिक दिइएको।

२०१७।१८ को लेखा विवरण प्राप्त हुन नसकेबाट लेखापरीक्षण गर्न नपाईएको र २०१६।१७ को माथिल्लो पारामा दर्शाएको पेशगी फछ्र्योट भए नभएको सम्बन्धमा तत्सम्बन्धी फाईलको लेखापरीक्षण गर्दा पञ्चवर्षिय योजना प्रचार कामको निमित्त पोष्टर फोल्डर आदि छाप्ने काममा आवश्यक खर्चको प्रबन्ध नगरी ३ महीना अघावै ( २०१७।३।१५ मा ) रु. ८,०००। पेशगी दिई पदाधिकारीलाई कलकत्तामा पठाई सो काम भई सकेपछि भुक्तानी दिन चाहिने रुपैयां ३ महीना पछि रु. २२,४००। पठाएको र सो समेत जम्मा रु. ३०,४०० को फांट कामबाट फर्केको २०१७।७।७ गतेले ३५ दिन भित्र बुझाउनु पर्नेमा नबुझाई २०१८।२।१४ मा (१० महीना पछि) रु. ३०,५१६। खर्च भएको फांट पेश गरेको सम्बन्धमा श्री एकाउण्टेन्ट जनरलको राय मागेकोमा बिल भन्दा रु. ६४०। बढी र भाडा रु १२। दोहोरो खर्च गरेकोमा प्रचलित कानून बमोजिम गर्नु पर्ने, रू. २७,१०१। को मालसामान आदेश बमोजिम कंसुलेट जनरलका मानस साक्षी राखी या ४ महाजनबाट कोटेशन ली खरीद गर्नु पर्नेमा सो बमोजिम नगरी खरीद गरेकोमा निजामती सेवा नियमावली बमोजिम कारवाई हुनु पर्ने पोष्टर फोल्डरका निकासाबाट अनावश्यक रू. ३५। को किताब खरीद गरी नबुझाए-कोमा मान्यता दिन नमिल्ने, ट्याक्सी भाड़ा रोजको भा.रू. ४ दरले भा.रू. १८०। खर्च गरेकोमा कलकत्तामा ट्राम, बस सर्भिस जुनसुकै ठाउको लागि पनि उपलब्ध हुन सक्ने नै हुँदा सरदर रोजको भा.रु. १ भए प्रसस्त पुग्ने, बिकास नियम दरले साधारण नियम बमोजिम पूरै अवधि दिन ११४को पूरै दैनिक भत्ता रू २,९१८। माग गरेकोमा साधारण बजेटबाट तलब खानेलाई बिकास नियमबाट दिन नमिल्ने भन्ने समेत राय व्यक्तगरी पठादाउ पठाउँदै पनि तदनुसार कुनै कारवाई नगरी सो माल-सामान तयार गर्न समेत लागेको दिन ४५ भित्र नपुग रुपैयां पठाउन नसकीने देखिए पछि उसै बेला कन्सुलेट-जनरल मार्फत ( पछि पठाएको गरी ) सो नपुग रूपैया भुक्तानी पठाई मालसामान लिने प्रबन्ध मिलाई खटिएका पदाधिकारीलाई नाझकाई बेकारमा ६६ दिन बढी कलकत्तामा राखेको अवधि समेत जम्मा दिन ११४ को साधारण नियम बमोजिम रोजको भा.रु. १२। मात्र पाउनेमा बिकास नियमको दर रोजको भा.रु. १६ ले दिलाउने प्रस्ताव ( श्री अर्थ मन्त्रालयको राय समेत लिनु पर्ने नलिएको को अतिरिक्त एकाउण्टेन्ट जनरलको राय समेत समावेश नगरी ) पेश गरी श्री ५ को सरकारको निर्णय गराई दिनुको साथै बिल भन्दा बढी तथा दोहोरो र अनावश्यक खर्च गरेको एवं अनियमित तरीकाले खरीद गरेको समेतका रु. २७,१०१। का सम्बन्धमा कुनै कारवाई नगरी राखेको।

२०१८।१९ मा पछि हिसाब बुझाउने गरी डाक रुम बनाउने रु. ५००० विभिन्न पुस्तक छाप्न रु.६०,२४०।, न्यूजरील तथा डकुमेन्टरी तयार गर्ने कामको निमित्त ठेकदारलाई गएको रु. ३,५०,३८५ र सो डकुमेन्टरी कलकत्तामा लगी कमेन्टरी भर्ने कामको निमित्त विभागीय २(जुन मध्ये १ पदाधिकारी साथिको पाराको विषयमा पुछिएका हुन) पदाधिकारी जिम्मा गएको रु. १०,३८०। समेत जम्मा रु. ४,२६,०८५। को फांट पेश गराई हिसाब फछ्र्यौट गर्ने कारवाई नगरेको।

ओभर टायम भत्ता रु. ५७५। बढी खर्च गरेको, यु. एस. ए. आई. डि. बाट सहायताको मालसामान ल्याउने ड्राईभरलाई निकासा वेगर रू. २०। ज्यालाको रूपमा दिएको। बैंकमा हुने सम्मेलनमा भाग लिन जांदाको खर्च युनेस्को तर्फबाट व्यहोरिनेमा रू. १२६। भ्रमण खर्च दिएको, निकासा वेगर रू. ५७२। को रसीएन पत्रकारहरूलाई दैनिक खाना र पार्टि दिएको।

श्री अर्थ मन्त्रालयको स्वीकृति वेगर रू. ६,७८१। रकमान्तर गरी विना कोटेशन अनियमित तरीकाले रू० ३,४७१। को मालसामान खरीद गरेको।

पत्र पत्रिकाहरूलाई विज्ञापन शुल्क रकमको २०१७।१८ को बजेटबाट दिनु पर्ने रू० १,५६६। निकासा वेगर २०१८।१९ को बजेटबाट खर्च लेलेको को अतिरिक्त २०१७।१८ को पेशगी रकम मध्येबाट निकासा वेगर रकमशः रू६७८। खर्च गरेको।

आर्थिक बर्षको अन्त्यमा बांकी जम्मै बैंक डिपोजित राख्नु पर्नेमा नियम भन्दा बढी गरी रू० ७२२। मौज्दात राखेको।

जिन्सी तर्फ फर्निचर पुस्तक समेत थान ७८ जिन्सी किताबमा आम्दानी नबाधेको, झिकाई आएका रील जम्मा ३३८ मध्ये रोल ३०६ ठेकेदारलाई डकुमेन्टरी भर्ना दिएको बाहेक अरू रोल थान २६ को र ठेकदारबाट तयार आएको डकुमेन्टरी फिल्महरूको आए गएको लगत तथा यु.एस.ए.आई.डि. बाट सहायता आएका मालसामानहरूको श्रेस्ता नभएको को अतिरिक्त जिन्सी किताबमा चढिरहेका जेनेटर १, छाता १, क्याम्मकट १ र रु. ६२१ परेका विभिन्न मालसामान थान ७ समेत नपुग देखिएकोमा कुनै कारवाई नगरेको।

विभागमा रहेका सरकारी किताब अफिसका पदाधिकारी तथा बाहिरका व्यक्तिलाई समेत उपयोग गर्न दिई बर्षौं राखेको देखिएको र थान २१ फिर्ता समेत आई नसकेको।

२०१८।१९ मा साधारण तर्फ लगबूक नराखी अनियमित तरीकाले पेट्रोल खर्च गरेको रू. ३,६२५।,कर्मचारीहरुको रिपोट पास नगरी तलब खुवाएको रु. २,१६६। को अतिरिक्त बिना आदेश खर्च लेखेको।

## श्री प्रचार तथा सूचना केन्द्र, बीरगञ्ज

२०१८।१९ मा विभागीय डाईरेक्टरको सत्कारार्थ रु. ८०। खर्च गरेको, अनियमित तरीकाले रू. १५५ को रेडियो ब्याट्रि खरीद गरेको, भ्रमण उद्देश्य र भ्रमण आदेश बेगर अनियमित तरीकाले रु. ४८०। खर्च गरेको।

## श्री रेडियो नेपाल

विकास तर्फको आर्थिक वर्ष २०१७।१८ सम्मको लेखा विवरण पेश नगरेको।

२०१८।१९ मा भ्रमण भत्तामा बढी खर्च गरेको रू. ५००। र जाउलाखेल ट्रान्समिटर भवन निर्माण कामको खर्च रू. २६,२६४। को जांच पास भई नसकेको।

२०१८।१९ मा प्रचार तथा प्रसार सम्बन्धी शुरू देखिका मेशिनरीहरु जिन्सी किताबमा आम्दानी नबाधेको आम्दानी बाध्न लगाएको, झङ्कार पत्रिकाको पेशगी बांकी रू. ६००। वर्ष पुगी सकदा पनि फछ्र्यौट नगरेको को अतिरिक्त उद्देश्य नखुलाई पट्रोल ग्यालेन ३३८ को रु. २,०६५। र मोबिल ग्यालेन ६½ को रू. १३०। समेत जम्मा रू. २,२२५। अनियमित तरीकासंग खर्च गरेको।

## श्री गोरखापत्र छापाखाना

२०१८।१९ मा विभिन्न संस्थाहरुबाट विज्ञापन शुल्क रू. १,०११। असूल नगरी राखेको, हाजिर फाराम बेगर, नियमको विपरित ओभर टायम भत्ता वितरण गरेको, अन्य अनियमित

खर्च समेत रू. १०,८३६। र बढी खर्च देखाएको रू. १००। समेत जम्मा ११,९५०।, कागज रकममा खर्च देखाईएको रू. २,६८,९३६। मध्ये अघि निकासा भएको रु. २,१९,०००। मा. रू. १,६५,६६५। का आवश्यक भन्दा बढी चिनिया कागज झिकाउन एकै मुष्ट श्री वाणिज्य विभागमा बुझाएकोमा समयमा सो कागज आई नपुगेकोले पुनः रु. ५०,०००। रकमान्तर गरी अर्को कागज खरीद गरेको को अतिरिक्त चिनिया कागज आई पुग्दा आफु कहां राख्ने ठाउ नभई रिम ३,२१६ नेशनल ट्रेडिङ्ग कम्पनीको भण्डारमा राखेको र हाल साविक हुंदा गर्न पर्ने वर बुझारथ समेत नगरेको। उक्त लेखापरीक्षणको सिलसिलामा तहबील जांच हुंदा बढी मौज्दात देखिन आएको रु. २४४। आम्दानी बाधन लगाएको।

## श्री राष्ट्रीय योजना परिषद् सचिवालय

२०१५।१६ मा यु. एन. सर्भे मिसनका सदस्यका साथमा सचिव नायव सचिवहरु समेत जवान २ पूर्व १ २ नं. जिल्लाको आर्थिक अवस्थाको अध्ययन भ्रमणमा जानु हुंदा दैनिक तथा भ्रमण भत्ता रु, २३३। बढ़ी खर्च लेखेको।

# श्री वन, कृषि तथा खाद्य मन्त्रालय

नियमले नपाउने का. मु. भत्ता खुवाएको ।

२०१८।१९ मा शाही सेना, पुलिस एवम् जेल समेतको लागि चाहिने चामल समयमै खरीद नहुंदा राष्ट्रिय बन प्रचूर मात्रामा नोक्सान भएको ।

श्री वन विभाग

२०१८।१९ मा वन विकासको बजेटमा मालसामानको लागि रू. २,६४,०००। समावेश भएको मध्ये स्वीकृति विना रू. ६७,०००। को ४ वटा जिप खरीद गरेको ।

श्री सि. सि. एफ अफिस

२०१५।१६ मा पंचवर्षिय योजना अन्तरगत आफोरेष्टेशन तथा स्वाईल कन्जरभेशन काके म्यानुवर्स एण्ड ट्रान्सपोर्टेशन रकमको रू. ६६४। र भा रू. ५,०००। स्वीकृति बेगर रकमान्तर गरी लगबूक नराखी रू. ६०४। पेट्रोलमा खर्च लेखेको, वस भाडा रू. ३०। खर्च लेखेको, कुल्ली मजुरी रू. ६।, नियमले नपाउने व्यक्तिलाई दैनिक भत्ता, लगबूक नराखी भ्रमणमा पेट्रोल खर्च, ड्राइभर क्लिनरलाई मजुरी तथा रोडशेष रू. १६२। खर्च लेखेको. मालसामान खरीद गर्ने श्री वाणिज्य विभागमा पेशगी गएको भा. रू. ५,००० नफछिएको, दिनु नपर्ने वेरीतको बिल बमोजिम रू. ८६। खर्च लेखेको को अतिरिक्त रु. ४२। को मालसामान आम्दानी नबाँधेको ।

२०१६।१७ मा निकासा बेगर श्री सि. सि. एफ. अफिसबाट रू ६४४। जिम्मावारी ल्याई स्वीकृति दस्तखती बेगर तलव खर्च लेखेको, कुल्लिहरूका हाजिर फाराम पेश नगरी रु. ३६०। खर्च लेखेको, रु. १५। मोल पर्ने मालसामानको जिन्सी किताब पेश नगरेको को अतिरिक्त बांकी रु. १४,५६६। दाखिल नगरेको ।

२०१७।१८ मा बढी खर्च लेखेको रु. ३४६।, रु. १,४२८। स्वीकृति विना रकमान्तर गरेको, रू. ४०,०६८। छपाई काम के पेशगी गएको फर्छ्यौ नसकेको, छपाई काममा खुद खर्च भएको रू. ४१,१००। को सम्बन्धमा लगत इष्टमेट नभएको तथा काम चालु गर्ने निर्णय र काम सम्पन्न भएको व्यहोरा पेश नगरेको को अतिरिक्त बजेटमा रकम बांकि हुंदा हुदै थप निकासा लिएको ।

२०१८।१९ को लेखा विवरण पटक पटक ताकेता गर्दा समेत पेश नगरेको ।

श्री गण्डक सर्कल अफिस

२०१७।१८ मा लगत इष्टमेट बेगर रू. १०,०००। स्टाफ क्वाटर र अफिस घर बनाउने काममा खर्च लेखेको सो बनाउदा लागेको लकडीको मोलको हिसाव नराखेको । उक्त घरहरूको जांचपास पनि नभएको । फर्निचर सेफ, बोड, घराघट नगराई खरीद गरेको र जिन्सी किताबमा आम्दानी पनी नबाँधेको, अनियमित तरीका संग घरभाड़ा रू, ७५०। दिएको, बिल नभएको, भ्रमणको फांटवारी पेश नभएको र बढी तलव दिएको गरी जम्मा रू. ११२३। खर्च लेखेको ।

श्री जनकपुर सर्कल र डिभिजन

२०१७।१८ मा एक आर्थिक बर्षको लागि दुई आर्थिक बर्षमा पनि खर्च हुन नसक्ने गरी निकासा भएको । सर्कल र डिभिजनको लागि छुट्टा छुट्टै निकासा नभएको समेतबाट तत्सम्बन्धी आर्थिक व्यवहारको वास्तविकता स्पष्ट नभएको ।

खर्च सम्बन्धमा भएको आर्थिक व्यवहारमा पनि बर्षभरीलाई रू. ४२। को सर्भिस टिकट भए पुग्नेमा रु. ३०० को सर्भिस टिकट खरीद गरेको र स्टाफ क्वाटर के रू. २०,६५५। खर्च गरेकोमा योजना स्वीकृति भएको तथा जांच पास भएको नदेखिएको को अतिरिक्त त्यस काम सम्बन्धी काठमातको लेखा पेश नगरेको ।

श्री महाकाली सर्कल

२०१७।१८ मा सम्बन्धित फरेष्टरी रिसोर्सेज रकममा रु. १,००,०००। बजेट निकासा हुंदा

छँदै भूमि संरक्षण रकमबाट अनावश्यक रू. २४,०००। रकमान्तर गरेको र कोलम्वो प्लानको ट्रेनिङ्ग र जवानलाई अनियमित तरिकाले तलब तथा दैनिक भत्ता भ्रमण भत्ता बापत रू. ४,४८१। खर्च गरेको ।

**श्री बांके डिभिजन**

२०१७।१८ मा रू. ३८६। मसलन्द खर्चको फांटवारी पेश नगरेको, बन सिमाना अग्नि संरक्षण र बन पथ कार्यमा बिना लगत इष्टमेट रू. ४,०८०। खर्च गरेको को अतिरिक्त उक्त खर्च बाट भएको कामको प्रगती देखाउन नसकेको ।

**श्री वर्दिया डिभिजन**

२०१७।१८ मा स्टाफ क्वाटर, बन सिमाना निर्धारण आदि निर्माण कार्यमा खर्च भएको रू. ३,४८२। को निर्माण कार्य सम्बन्धी प्रमाणित कागजात पेश नगरेको र तत्सम्बन्धमा उपयोग गरिएको लकडीको लेखा नराखेको ।

**श्री हनुमान नगर डिभिजन**

२०१७।१८ मा रू. २८,८२६ खर्च गरी क्वाटर घर समेत निर्माण भएकोमा लगत इष्टमेट प्रगति रिपोर्ट तथा चाज पाएको प्रमाण पेश नगरेको, कोटेशन नलिई अनियमित तरिकाले रू. ७०४। को सेफ खरिद गरेको, दैनिक भ्रमण भत्तामा पेशगी रू. ६०२। फछ्र्योट नगरेको को अतिरिक्त अनियमित तरिकाले घर भाडा रू ७१६। खर्च गरेको ।

**श्री सल्यान डिभिजन**

२०१७।१८ मा आर्थिक बर्षको अन्तमा खर्च भई बाकी रहेको रकम मध्ये रू. ३२३४३। आर्थिक बर्ष २०१८।१९ को लागि स्वीकृत भएको र बांकी ६७ सर्व संचित कोषमा दाखिल नगरेको, दैनिक भ्रमण भत्ता के पेशगी दिएको रू. ७०६। फछ्र्योट नगरेको र तलब रकमबाट रू. १०३। दुर्गम स्थान भत्तामा अनियमित तरिकाले रकमान्तर गरेको । उक्त डिभिजनको मात्रै छुट्टै बजेट बिनियोजन अस्पष्ट हुनुको साथै निकासा पनि सुव्यवस्थित देखिएन ।

**श्री लुम्बिनी डिभिजन**

२०१७।१८ मा आर्थिक बर्षको अन्तमा बांको रहेको रकम मध्ये रु. ५४,०७५। आर्थिक बर्ष २०१८।१९ को लागि स्वीकृति भई गएको र बांको रु २,४७३। फिर्ता दाखिल नगरी राखेको, दैनिक भ्रमण भत्ता रु. ६०३। बढी गएको असूल नगरेको, बिभिन्न निर्माण काममा रु. ११,७६५। खर्च गरेकोमा लगत इष्टमेट पेश नहुनुको साथै तत्सम्बन्धी भए गरेको कामको रिकर्ड पेश नगरेको को अतिरिक्त बजेट बिनियोजन अस्पष्ट रहेको र निकासा सुव्यवस्थित नदेखिएको

**श्री बीरगञ्ज डिभिजन**

२०१८।१९ मा धरौटी तर्फ व्यतित आर्थिक बर्षको दिन बांकी तलब रू. ६,२०४। निकासा वेगर खर्च लेखेको र काठमाडौं सकललाई सापटि दिएको रू. १६२८। सोध भर्ना नलिएको, लेखा विवरण भन्दा माल र बैंकमा रहेको मौज्दात रू. २०,८४। नपुग देखिन आएको सम्बन्धमा एकिन गर्न साविक दर साविक समेतलाई लेखि गैरहेको भनी लेखि दिएको बांको रू. १५२,४७६। र उत्रात तर्फ रू. १७८१। र भा. रू. २,८१,०७१ फछ्र्योट नगरेको ।

**पूर्व १ नं. श्री चौतरा डिभिजन**

२०१८।१९ मा दैनिक भत्ताके पेशगी दिएको रू. १,२००। नफछ्र्याएको र लागेको दण्ड रू. ।२५ असूल नगरी पकाउ गरेको बन्चरो थान ७ फिर्ता दिएको ।

**श्री दाङ्ग डिभिजन**

२०१७।१८ मा डिभिजन, रेन्ज, फलाइङ्ग स्क्वाएड र बिबिध उप-शीर्षकको निमित्त छुट्टा छुट्टै रकम निकासा भैरहेकोमा दाङ्ग डिभिजनलाई श्री बन मंत्रालयले पुनरबिनियोजन गरी निकासा दिंदा रकम खुलाई नदिएकोले उक्त डिभिजनले आफ्नो क्षेत्र भित्रका रेन्ज, फलाईङ्ग स्क्वाएड र

विविधको छुट्टा छुट्टै हिसाब नदेखाएको को अतिरिक्त बजेटमा हुदै नभएको घोडा दाना के रू. ३६०।
अनियमित तरिकासंग रकमान्तर गरी खर्च गरेको ।

## श्री चित्तौन वाइल्ड लाइफ मैनेजमैण्ट डिभिजन

२०१८।१९ मा स्वीकृति बेगर तलब रकमबाट रू. १,०००। पुरस्कार रकममा र पछिल्लो सालमा जिम्मावारी सारी कैदी चलान रकमबाट बाघको बच्चा काठमाडौं पुर्याउन रु. २५। रकमान्तर गरेको, कोटेशन नलिई माल सामान रु. १,१६६। खरीद गरेको, घटाघट नगरी रु. ४५०। डुबानीमा खर्च गरेको, विरूवा रोपदा ज्यालाको दर नखोली रु. २००। खर्च लेखेको चौकी मर्मतमा खर्च गरेको रु. १७। को भरपाइ नभएको ।

## श्री वनस्पति विभाग

२०१७।१८ मा बांकी रहेको रू. १,५४,७३४। मध्ये २०१८।१९ को निमित्त रु. १,५०,४८६। र रु. ३,७२३। पछिल्लो बर्षमा खर्च गर्न स्वीकृत नभएको र सो रकम विकास कोषमा दाखिल नगरी अनियमित रूपमा राखेको, श्री दास्न हवल फारामका दुई घर गोदावरीमा मर्मत र निर्माणमा खर्च भएको रु. २२,१९८ को जांच पास नभएको, पाइप जडान के रु. १,२६८। र वार के रु. २,७०८ खर्च भएकोमा त्यसको जिन्सि लेखा नराखेको, सटही भत्ता रकमबाट रु. ७। अनियमित तरिकाले रकमान्तर गरी बैंक कमिशनमा खर्च गरेको. लगबूक नराखी पेट्रोलमा रु. ५५। खर्च गरेको को अतिरिक्त भरिया रकममा रु. २१००। खर्च भएकै समयको भरपाई पेश नगरी पछि मुचुल्का मात्र पेश गरेको ।

## श्री नारायण हिटी शिकारी फाँट

२०१७।१८ मा नियमानुसार भ्रमण आदेश नदिएको । शिकारी कुकुरहरु शिकारीहरुको जिम्मा दिएको भरपाई र कुकुरहरुको खानाको दरबन्दी तथा मरेमा भर्ना गर्ने सम्बन्धमा समेत कुनै व्यवस्था नभएको तथा शिकारीहरुको हाजिरी रिकर्ड नियमित तरीकाबाट राख्ने सम्बन्धमा पनि केही व्यवस्था नभएको ।

## श्री खाद्य बिभाग

२०१८।१९ मा गोदाम घरहरु निर्माण के रु. ३,५०,०००। र जग्गाको मुआवजा रु. १२,०००। समेत जम्मा रु. ३,६२०००। को लेखा बिबरण तथा तत्सम्बन्धी लेखा पेश नभएको ।

## श्री खाद्य अनुसन्धान शाला

२०१८।१९ मा औजार मालसामान र केमिकल रकमबाट रु. ७०३। रकमान्तर गरी बजेटमा समावेश नभएको पुस्तक पुस्तिका रकममा खर्च गरी आर्थिक साल व्यतित भई सकेपछि स्वीकृत लिएको देखियो । बनस्पति बिभागको प्रयोगशाला छदाछदै बेग्लै प्रयोग शालाको जरुरत पर्ने नपर्ने निधो नगरी तलब रकममा रु. ३६२। खर्च हुने गरी कार्य सन्चालन गरी सकेपछि जरुरत नपर्ने ठहराएको र विना कारण २०१८।६।१४ देखि २०१९।४। २१ गते तक रु. २०,००८। मौज्दात रहेको देखियो ।

## कृषि बिभाग

धेरै वर्ष अघिदेखिको लेखापरिक्षण हुनको लागि २ वर्ष अघिदेखि सो सबैको आर्थिक बिबरणको माग गरेकोमा (त्यसै बिचमा तहवील म्हासी एकाउण्टेण्ट बेपत्ता भई के कति राष्ट्रिय धन हिनिमिना भयो श्री एकाउण्टेण्ट जनरल आफिस समेतलाई लेखि पठाउदा पनि एकिन गरेका छैनन्) नदिएको ।

२०१८।१९ मा दैनिक भ्रमण भत्ता रकममा पेशगी गएको रु. ८०३८। फछर्योट नगरेको, अनियमित तरीकाले ११,३३२। तलब भत्ता रकममा खर्च गरेको साधारण बजेटबाट विकास तर्फको घर भाडा रकममा रु. १८०। अनियमित तरिकाबाट रकमान्तर गरी खर्च गरेको मसलन्द रकमबाट रु. ५००। तार टिकट रकममा रकमान्तर गरी अनियमित तरीकाबाट खर्च गरेको को अतिरिक्त साधारण तथा विकासको जिन्सि मालसामानहरुको रीतपूर्वकको जिन्सि लेखा नराखेको ।

**म पु खरिपाटी दुग्ध संकलन भवन र क्यानल निर्माण**

२०१३।१४ र २०१४।१५ मा आदेश वेगर अर्को काममा रू. ६६१३। जिम्मावारी दिएको। कमिशनको निर्णय वेगर इष्टमेट भन्दा बढी रू. १८०/ र पूजामा रू. ३२१। खर्च लेखेको दखन्दी स्वीकृति हुनु भन्दा २३ महिना अघि देखि पाले भर्ना गरी रु. ७५२। तलव खर्च गरेको, चाहिने भन्दा बढी रु. ८३। को ईट खरिद गरेको, रु. ६४२। को ड़ोका डाला आदि जिन्सि किताबमा आम्दानी नबाधेको र निर्माण काम समाप्त भए पछि लिलाम गर्ने कारवाई नगरेको, काठ किनेको सम्बन्धी लेखा नदेखाएको र सो को भौतिक परीक्षण गर्न नदिएको को अतिरिक्त सम्बन्धित पदाधिकारीले कुनै पनि बिल भाउचरमा प्रमाणीत गरी नराखेको।

**श्री पश्चिम १ न. खिज्वेत बगैंचा**

२०१८।१६ मा खर्चको निमित्त आवश्यक रकम बजेटमा समावेस नगरी खर्च लेखेको, आय तर्फको बाकी रु. ५०/ जिम्मावारी सारी अनियमित तरिकाले खर्च गरेको।

**श्री हर्टिकल्चर सेक्सन**

२०१८।१६ मा दरबन्दी वेगर तलव के रू. ६,४८०। र अघिल्लो आर्थिक वर्षको तलव रु. २२६। श्री अर्थ मंत्रालयको स्वीकृति वेगर अनियमित तरिकाले खर्च गरेको र मसलन्द रकमबाट खर्च गरेको रू. २००। को र फर्निचर रकमबाट खरीद गरेको रू. १५०। को जिन्सि मालको लेखा पेश नगरेको।

**श्री एग्रोनोमो सेक्सन**

२०१८।१६ मा अनियमित तरिकाले तलव रू १४,४०९। खर्च गरेको।

**श्री एग्रृ इन्जिनियरिङ्ग सेक्सन**

२०१८।१६ मा तरताकेता गर्दा पनि लेखा विवरण नदिएको।

# श्री विकास मन्त्रालय

## श्री पञ्चायत विकास विभाग

२०१८।१६ मा इजराएलमा सेमिनारमा भाग लिन जाने पदाधिकारीलाई खर्च भनी रु. १,१२८। खर्च लेखेको को आधारभूत प्रमाण पेश नगरेको र अघिल्लो आर्थिक वर्षको तलब रु. १२६। स्वीकृति नली दिएको ।

२०१८।१६ मा पञ्चायत कामलाई रूपैयां सापटी बापट साधारण तर्फको खर्चको निमित्त विकासको रु. १,७२,२२०। बिनियोजन ऐनको प्रतिकूल हुने गरी खर्च गरेको ।

## काठमाडौं जिल्ला विकास कार्य

२०१६ साल देखि २०१८ साल आषाढ मसान्त सममा सम्पन्न भएका विभिन्न परियोजना हरु मध्ये का. ई. बसुन्धरा डोलमा कच्ची कुलो मर्मत गरेको भनेकोमा यति मर्मत भएको भन्ने केही देखिदैन । का. ई. गोकर्ण थलिको कलधारा, इनार, नागदहको कलधारा बनेकोमा काठमाडौं जिल्ला विकासबाट बनेको भन्ने शिलापत्र नभएको । तयार भई सकेको परियोजनाहरूको रेखदेख र सुरक्षित राख्ने व्यवस्थाको अभावले गर्दा बालाजु पल्ला पट्टी नेपाल टारमा बनेको बाटोमा किसानहरूले बाटोको दुवै पट्टी एक एक फिट जति मिचेको, का. ई. चावहिलको धारा माथिबाट कालिमाटीको ढिस्को बगी आउने र वोसनको पुलमा फल्याक झिक्दै लगी बीच बीचमा प्वालहरू पारेको, पुलको दुवै तिरको, रेलिङ्ग हल्लिने पारी राखेको देखिएको को अतिरिक्त जिल्ला बिकास नियम प्रतिकूल हुने गरी सहरी क्षेत्र भित्र स्कूल भवनहरू निर्माण, स्वयम्भु-किमडोल सडक पीच तथा रानी पोखरी मोटर पार्क मर्मतमा गरी रु १,३५,४०५। समेत अनियमित तरीकाले खर्च गरेको ।

## श्री ललितपुर जिल्ला विकास कमीटी

२०१६।१७ मा अनियमित तरीकाले रु. ६०। को दराज खरीद गरेको र भोक मुक्ति आन्दोलनमा रु. ४८७। खर्च गरेको को अतिरिक्त खर्चको को अतिरिक्त खर्चको निमित्त पर्याप्त रकम हुँदा हुदै खर्च नै नहुन गरी थप रु. ६०,००८। निकासा लिएको ।

## नुवाकोट विकास कार्य

प १ नं नुवाकोट जिल्ला विकास कमिटीको २०१५।१६ साल देखि २०१८।१६ सम्म ४ वर्षमा कोटेशन नलिई मसलन्द र फर्निचरमा रु. ८५४। खर्च गरेको, लिन खान नपाउनेलाई रु. ३७६। खुवाएको र रु. २१६। मालमा दाखिल नगरेको ।

## श्री प १ न नुवाकोट धादिङ्ग रसुवा ग्राम पंचायत गठन

२०१८।१६ मा प. १ नं गोश्वाराबाट लिएको रु. ७५। को लेखा नै प्रस्तुत हुन नआएको र मसलन्दबाट रु १००। अनियमित तरीकाबाट रकमान्तर गरी टी. ए. डी. ए. मा खर्च गरेको ।

## श्री त्रिभुवन ग्राम विकास केन्द्र, पोखरा

२०१४।१५ मा रु १०,५०३। र भा रु. ७८७ लेखा नै नदेखाई पछिल्लो आर्थिक वर्षमा समेत जिम्मावारी नसारेको, हेल्थ एसिस्टेन्टलाई पेशगी गएको रु. १५०। को प्रमाण पेश हुन नआएको, श्री नेपाल बैंक लिमिटेडको चेकबूक र पासबुक पेश हुन नआएकोले तत्सम्बन्धी अंक एकीन हुन नसकेको अनियमित तरीकाले दैनिक भ्रमण भत्ता रकम पेट्रोल र मट्टितेल रकममा रु. १,८४१। खर्च लेखिएको, फांटवारी बेगर रु. ४५। पेशगी खर्चा लेखेका को अतिरिक्त पेशगी रकममा रु. ४,३३७। अनियमित तरीकाले खर्चा गरेको ।

२०१५।१६ मा रु. १६,२२६। र भा.रु. ४५। आम्दानी बाध्न छुटाएको, २०१४।१५ सालको श्रेस्ताबाट उक्त सालमा बांकी रू. १०,६४१। मात्र देखाएकोमा २०१५।१६ सालको श्रेस्तामा रू. ३४२। थप आम्दानी बाधेको, २०१४।१५ सालको श्रेस्ताबाट रू. ४,५२२। मात्र पेशगी गएको देखिएकोमा २०१५।१६ सालको श्रेस्तामा ८,१४४। आम्दानी बाधेको देखिएको, २०१५।१६ को खर्चा तर्फ फछ्रिंत बांकी पेशगी रू. १,३००।, फांटवारी बिना खर्चा देखाएको रू. ४४६।, बढी खर्चा लेखेको रू. ३२१।

बिल भर्पाई नभएको रू. २४५। र भा.रू. २,२०३।, अनियमित तरीकाले खर्च लेखेको रु. २६,४८६। को अतिरिक्त अनियमित तरीकाले खर्च रु. ७,३६४। पेशगी खर्च गरेको।

**१. १ नं. श्री पञ्चायत विकास केन्द्र, त्रिशुली**

२०१४।१५ देखी २०१८।१६ साल तकमा टुट फुट जिन्सी सामान थान ३१० मिन्हालाई जाहेर गरेको निकासा नभएको, नपुग सामान थान १३४ र चोरी भएको धागो पोका ७० असूल उपर नभएको, म्याद भित्र असुल गर्नु पर्ने सहकारी ऋण रु. २,७११ असूल नगरेको नियम भन्दा बढी भुक्तानी दिएको र केन्द्रका जवान संग लिनु पर्ने बाकी रु. ७,५६६। भा.रु. ३६८ समेत असूल उपर नगरी बांकी राखेको, रु ७,५२७। को पेट्रोल लगबुक बेगर अनियमित खर्च गरेको, भा, रु. २२५ र रु.११,६७१। को लेखा केन्द्र र बिभागको लेखामा भीडन नआएको, लोन सभिस र बिल्डीगक्क रकममा निकासा अनुसार खर्च नगरी पछिल्लो सालमा निकासा स्वीकृति बेगर खर्च गर्दै लगेको को अतिरिक्त रु. ६७,७२०। बिभागबाट केन्द्रको लेखामा नचढाई कामको विवरण समेत नखुलाई खर्च गरेको।

**१. १ नं. श्री धादिंग स्थानीय जिल्ला विकास कमिटी**

२०१६।१७ देखि २०१८।१६ तक विभिन्न योजनालाई जम्मा रू. १,६०,३१६। को लगत इष्टमेट अनुसार जम्मा रु. ७६,६०४ अनुदान गएको मध्ये रु.७,६८२। को मात्र योजना पूर्ण भएको र बांकी रू. ७१,६२३। को कबूल गरेको अवधि भित्र कार्य पूरा गर्न नसकेकोमा केही कारब ई नगरेको।

**श्री पञ्चायत विकास केन्द्र रापतीदून**

२०१५।१६ मा पेशगी गएका रू. ३०। र भा. रू. ८.३३७ को खर्चको फांटवारी पेश नभएको, प्रदर्शनी कार्यमा अनियमित तरीकाले खर्च गरेको भा. रू. १०४। जीपको पार्टपूर्जा खरीद गर्ने कार्यमा पधाधिकारीलाई खटाई पठाई अनावश्यक बढी दैनिक भत्ता खर्च गरेको रू. ७४। र लिन खान नहुने रकम खच लेखिएको भा. रु. ५०। र घटिबढी लेखेको भा. रु. २६। समेत जम्मा रू. ७४। र भा. रू. २०३। असूल गर्ने कारवाई नगरेको।

**श्री त्रिभुवन ग्राम विकास केन्द्र, भरतपुर**

२०१८।१६ मा जिम्मावारी सरेको रु. २,६६८ प्रमाणित हुन नसकेको, कोटेशन नलिई रू. १,७०४। को मालसामान खरीद गरेको, लगबुक नराखि रू. ६१३। को पेट्रोल खर्च गरेको, बिल बेगर रु. ४१। खर्च लेखेको, काम नखुलाई ज्याला रु. २४। खर्च लेखेको, अनियमित तरीकाले दैनिक भ्रमण भत्तामा रु. २६। खर्च लेखेको, रु. ८०। घटी आम्दानी बाधेको को अतिरिक्त नियम भन्दा दैनिक भ्रमण भत्तामा रु. १२६। बढी खर्च गरेको।

**श्री त्रिभुवन ग्राम विकास केन्द्र, गौर**

२०१५।१६ मा कोटेशन नलिई अनियमित तरीकाले भा रु. ३,३७६। को मालसामान खरीद गरेको, खरीद भएको भा रु. १,०४२ को मालसामान स्टोरमा नभएको, बिक्रेताको सही बेगर भा. रु. ३४। भुक्तानी दिएको, भा. रु. ४। दोहरो खर्च लेखेको लगबूक बेगर भा. रु. १,५६८। का पेट्रोल खर्च गरेको, भा. रु. ८६६। को बिक्री गर्ने मालसामानको लेखा नराखेको, भा. रु. २१६। को पेशगी फछर्योट नगरेको, कच्चाबारी भन्दा बढी भा. रु. १३६। खर्च लेखेको प्रचलित दर भन्दा बढी भर्पाई बेगर टांगा भाडा भा. रु ८ खर्च लेखेको, तलब समेतमा भा. रु. ४७ बढी खर्च लेखेको, तल्लो दर्जाका कर्मचारीलाई खटाए पुग्नेमा माथिल्लो दर्जाका कर्मचारीलाई खटाउदा भा. रु. ११६। बढी दैनिक भ्रमण भत्ता खर्च लेखेको को अतिरिक्त सिमेण्ट बोरा ६७ जिन्सी किताबमा आम्दानी नबाधेको।

**श्री धादिङ्ग पञ्चायत (ग्राम) विकास**

२०१८।१६ मा भ्रमण के गएको फछिरत बांकी पेशगी रु. ६३६।, अनियमित तरीकाले रु. १,१४०। मा घोड़ा र रु. २६७. मा दाना खरीद गरेको।

**श्री नगर पालिका (हाल श्री नगर पञ्चायत)**

श्री काठमाडौं नगरपालिका समेत विभिन्न नगरपालिका का प्रधान अफिसरहरुको तलब भत्ता सम्बन्धी लेखा मात्र परीक्षण गर्न पर्ने हुंदा २०१=।१६ मा श्री ललितपुरका ले आदेश बेगर तलब रकममा रु. २२७। खर्च गरेको, तलब खुवाएको रु. ८२। को भर्पाई पेश नगरेको, आदेश विना रु. २०७। का. मु. भत्ता खुवाएको ।

बुतौलका ले अघिल्लो आर्थिक वर्षको बांकी रकम रु. ७०५। स्वीकृति बेगर पछिल्लो सालमा खर्च गरेका ।

झापाको ले लेखा विवरण पेश नगरेको ।

नेपालगञ्जकोले नियम प्रतिकूल हुने गरी प्रधान अफिसरमा का. पु. नियुक्त गरी का. मु. भत्ता रु. ३४६। अनियमित तरीकाले खुवाएको ।

**श्री त्रिभुवन ग्राम विकास केन्द्र, गौर**

२०१६।१७ मा मालसामान ढुवानीको गाड़ा भाडा, ज्याला, मजुरी भनि भा. रु. ११६। खर्च लेखेकोमा यो यति मालसामान् ढुवानी गरेको र यो यति काम गरेको मजुरी गएको भन्ने नखुलेको। प्रचलित दर भन्दा बढी टांगा भाड़ामा भा रु. १४। रु. १५ खर्च गरेको ।

कोटेशन नलिई भा. रू. ७१। को मालसामान खरीद गरेको । भा. रू. १०१। मा खरीद भएको मालसामान जिन्सी किताबमा आम्दानी नबांधेको । रू. २६३। को जिन्सी माल बिक्रीको आम्दानी देखाएको यो माल भन्ने नखुलेको ।

तलब रकममा दोहरो पारी ढी रू. १४४। खर्च लेखेको, नियुक्ति सरुवाको आधारभूत प्रमाण तथा अन्य कागज पत्र समेत पेश नगरेको ।

व्यक्तिगत काममा दैनिक र भ्रमण भत्ता भा. रू. २। खर्च गरेको, नियमले पाउने भन्दा भा. रू. ६१। रू. ३। दैनिक र भ्रमण भत्तामा बढी खर्च गरेको ।

एउटा माइक भाडामा लिई प्रयोग गरेकोमा दोहरो भाडा भा. रू. २०। खर्च गरेको, निर्माण कामलाई अनियमित तरीकाले रू. ३,०६४। सहायता दिएको, भा. रू. १,३३८ पेट्रोल रकममा खर्च गरेको रीतपूर्वकको लगबूक नदेखाएको र प्रदर्शनीको काममा पाइप गाड्न भा. रु. ५। पेशगी खर्च लेखेको फछर्योट नगरेको ।

## श्री शिक्षा मन्त्रालय

विभागीय सचिव पेरिसमा काज जानु हुंदा विशेष पद श्रृजना गरी कायम मुकायम नियुक्त नगरेकोमा उहां जापानमा जानु हुंदा भने विशेष पद श्रृजना गरी का.मु. नियुक्त गरी नि. से. नि. बमोजिम सर्व श्री अर्थ र प्रशासकीय व्यवस्थाको राय समेत नलिई सह-सचिवलाई कायम मुकायमको तलब खाएको।

२०१७।१८ मा सेलेक्सन बोर्ड र अरू मिटिंगको निमित्त रु. २६०१- खर्च हुनेमा रू. ५,०००।- बजेटमा समावेश गरेको र उक्त रकमको बचत तथा छात्रवृत्ति रकमबाट चिया चमेनालाई क्रमश: रू. ५००।- र रू. १,५००।- रकमान्तर गरी खर्च गरेको।

### श्री शिक्षा सहकारी सेवा

२०१० साल देखि २०१३ साल सम्ममा पटक पटक भएको संझौतानुसारको काममा रु. ३,१७६। भा. रू. १.३१४। तलब, भ्रमण आदि खर्चमा बढी दिन नहुने रकम दिएको, रू. ३८६१, भा.रू. १,७७६। को फांटवारी पेश गर्न नसकेको को अतिरिक्त संयुक्त राज्य अमेरिकाबाट प्राप्त हुने डलर १,०१,७५०। मध्ये रू. २३,४४८। भा.रू. ४,०६,१६६। मात्र र श्री ५ को सरकार तर्फबाट प्राप्त हुन पर्ने रू. ८७७,६४०। र भा. रू. ६८,४००। मध्ये रू. ६,१२,६६०। मात्र र भा.रू. ६८,४००। प्राप्त भएको।

२०११।१२ देखि २०१७।१८ सम्म खरीद गरेको र ओरेगन कन्ट्राक्ट अन्तरगत विथहेल्ड फण्डबाट प्राप्त भएका सम्झौतानुसार आउनु पर्ने मालसामान कति आयो, एकीन नभएको, जस्तो प्रेसको निमित्त आएको ७०।८० हजार पर्ने कागज ओस आउने र छाना चुहने ठाउँमा लापरवाही- का साथ राखिएबाट कैयें रीम सडी सकिरहेको, जीप-१ त्यसै ठाउंमा रही खिया लाग विग्रदै गईरहेको, धेरै मोल पर्ने मालसामानहरू जिन्सी किताबमा आम्दानी नै नबांधेको। हिनामिना र चोरी भएका साईकल, रेमिङ्गटन टाईपराइटर आदि मालसामान भर्ना राख्ने सम्बन्धमा कारवाई नभएको, फिलिप्स रेडियो गोटा ८० मध्ये ७४ बटा मात्र फिर्ता दाखिल भएको, लाइब्रेरीको हजारौं थान किताब हिनामिना भएको, विभिन्न कलेजहरूलाई समय मै वितरण हुनु पर्ने मालसामानहरू वितरण नभई त्यसै परिरहेको, आवश्यक भन्दा बढी माल खरीद गरी उपयोग नभई बरबाद भई- रहेको, विर बछ्यौना, क्यामेरा इत्यादि व्यक्तिगत उपयोग गरेको फिलिम म्याद नाघि सकेपछि दाखिल भएको, शिक्षा सम्बन्धी करिब रू. १४,०००।- को पुस्तक पत्र पत्रिकाहरू समय मै वितरण नगरेबाट खेर गएको, वितरण भएको सामानको भर्पाई नभएको र रु ६७,७५०।- परेको कागज रीम २०००। मौज्दात हुनु पर्नेमा १,५७२- मात्र मौज्दात देखिएको सम्बन्धमा सरकारमा रिपोर्ट चढाउ दा बक्सेको निकासा बमोजिम कारवाई गर्दै रही टुंगो लगाई नसकेका।

रू. २०,७६८। र भा रू ४३,४२७। को पेशगी फछ्र्यौट हुन बांकी रहको को अतिरिक्त रू. २०,३५०। र भा. रु. ११,३६७। खर्च गर्ने आदेश नभएको, फांटवारी पेश नभएको र खान पाउनेको भर्पाई नभएको।

रू. ६६,४०३। र भा.रू. ४५.१८७। को मालसामान खरीद गरी आम्दानी नबांधेको, लिन खान पाउने भन्दा बढी खर्च लेखेको, खान पाउनेको भर्पाइ नभएको र खर्चको आदेश नभएको।

अघि खरीद भइरहेका यथेष्ट साईकल छंदाछंदै थप ७ बटा बि. एस. ए. साईकल खरीद गरी निजी झैं गरी पदाधिकारीहरूलाई उपयोग गर्न दिएको।

२०१७।१८ मा अघिल्लो वर्षको बांकी जिम्मावारी सर्न आएको समेत जम्मा रू. १,८५८,१०४। आम्दानी मध्ये रू. १७,३६,२२६। खर्च भएकोमा शिक्षा सामग्री बिजिनेस अफिसमा रु. ४,२०,०००। गएको भन्ने आर्थिक विवरणमा उल्लेख गरिएकोमा बुझि लिनेको भर्पाई नभएको साप भर्ना लिने गरी खर्च लेखेको रू. ४५,५५५। मध्ये चीफ लाइब्रेरियनले बुझी लगेको रू. २४,७४५। उक्त लालदर- बार स्थीत अफिसको हीसाबमा आम्दानी बांधिएको देखिएन। बिज्ञानको सामान खरीद गर्न खर्च भएको रु. ४०,८००। मध्ये खर्च भई बांकी रहेको रू. १,६१३ वर्ष दिन पछि मात्र फिर्ता बुझा-

एको। खरीद भई आएको मालसामानका केही पार्टस ( पुल्ली ) नभएकोले २ दुई मेशीन त्यसै परिरहेका र भा रू. ६३। को सामान नपुगेको। जेनेरेटर खरीद गर्ने खर्च लेखेको रू. १२,५४४। सम्बन्धी आवश्यक कागजात मिशिल नरहेको। रु. ५६,५६६ मध्ये बजेट भन्दा बढी खर्च लेखेको, बिल भर्पाई नभएको खर्च गर्ने आदेश नभएको को अतिरिक्त प्रसस्त मालसामान जिन्सी किताबमा आम्दानी नबांधेको।

### श्री कलेज अफ एजुकेशन ब्राञ्च, बिजिनेस अफिस

२०१६।१७ मा छात्रवृत्तिको पे-रोल मुताबिक खर्च रू ६५०। लेख्नु पर्नेमा लेजरमा रू. ६,६२१। लेखि रु ५,६७०। बढी खर्च देखाएको। तत्सम्बन्धमा भीडाउन पर्ने आवश्यकीय नगदी श्रेस्ता बैंक एकाउण्ट पास बूक तथा आर्थिक विवरण समेत पेश नभएको।

### श्री शिक्षा विकास योजना ब्रान्च बिजिनेस अफिस लालदरवार

२०१७।१८ मा विभिन्न प्राथमिक तथा माध्यमिक स्कूलहरूको आर्थिक सहायता वितरण निमित्त क्षेत्रीय शिक्षा निर्देशन मार्फत पठाइएका रू. ४२,०३,८७४। कलेज विकास कार्यक्रम अन्तगत कलेजहरू के स्तर वृद्धि गर्ने तथा भवन निर्माण गर्ने काम र पुस्तकालयहरु के आर्थिक सहायता प्रदान भएको रु. १५,२१,४३७ - को भर्पाई आदि आधारभूत प्रमाणहरु लेखा साथ नराखेको उक्त सहायता रकम वितरण सम्बन्धी नियम उपनियम कुनै पेश नभएको, विभिन्न विभागका वजेटमा पेट्रोल रकम समावेश नभएकोमा लगवूक समेत नराखि पेट्रोल खर्च लेखेको रू. १,३२८। छपाई रकमबाट निकासा बेगर टाईपराइटर हराएकोमा रकमान्तर गरी हुलिया खर्च लेखेको रू. २५३। एउटै विक्रेताको एकै मितिको २३ बिलहरु बनाई वा एउटै स्वीकृत माग पत्रबाट पनि पटक पटक खरीद गरी वा अनियमित तरीकाबाट बिल भाउचर माग फारामहरू केरमेट गरी कोटेशन लिन नपर्ने जस्तो पारि रु. ६,०४६। को मालसामान खरीद गरेको प्रचलित नियमका प्रतिकूल हुने गरी रु. १७,१२८ - खर्च लेखेको समेत जम्मा रु. ५८,५३,०६६। - अनियमित खर्च गरेका, पेशगी फछ्र्यौट नगरेको रु. ६,६६,४७७। - लेखा ठीक संग नराखेको को अतिरिक्त आन्तरिक लेखापरीक्षण तथा आर्थिक नियन्त्रणको कुनै व्यवस्था नभएको।

### श्री एजुकेशनल प्रेस

२०१७।१८ मा श्री प्रचार विभागसंग रु. २५ ६७७। श्री प्रौढ शिक्षा विभागको रु. १०३३७। श्री शिक्षा सामग्री उत्पादन केन्द्रको रु. २,००६। समेत विभिन्न सरकारी विभाग तथा संस्थाहरुसंग छपाई वापतको जम्मा रकम रू. ४२,१५३। असूल उपर नगरेको र छपाईबाट उठेको रकम रु. ७५,६१६। वर्षौं सम्म प्रोजेक्ट कै खातामा जम्मा गरी राखेको।

### श्री तीनधारा पाकशाला

२०१७।१८ मा स्वीकृति बेगर बजेट निकासा भन्दा बढी रू. ६६४। खर्च गरेको, तलबी रिपोर्ट, भर्पाई तथा नियुक्त पत्र आधार विना कर्मचारीहरुलाई पारिश्रमिक खर्च लेखेको रू. २,५४४। श्री अर्थ मन्त्रालयका स्वीकृति बेगर गत वर्षको कर्मचारीहरूको थप तलब खर्च लेखेको रु. १,८७३। र यथासमयमा बैंक दाखिला नगरेको रू. ५४५। को अतिरिक्त पेशगी फछ्र्यौट नगरेको रू. २६ ३४८।

### प्राइमरी स्कूललाई आर्थिक सहायता

विनियोजन ऐन, २०१६ को प्रतिकूल हुने गरी विकासबाट साधारणमा रू. ५,८३,७५०। रकमान्तर गरेको।

### श्री नेपाल म्युजियम

२०१७ वैशाख देखि आषाढ मसान्त सम्ममा लगबूक नराखी रू. १,२५०। पेट्रोलमा खर्च गरेको, खान नपाउने तलब रू.११। दाखिल गरेको भाउचर पेश नगरेको, कर्मचारीहरूले बुझिलिएको तलब रू. २६८। को भर्पाई नभएको, निकासा भएकोबाट खर्च भई बांकी दाखिल गरेको रकम मध्ये

रू. १,१८२। सर्व संचित कोषमा दाखिला गरेको भाउचर प्रस्तुत नगरेको, शनिश्चरवारका दिन काम गरेकालाई सट्टा बिदा दिने नियम छंदाछंदै निकासा बेगर तलब रू. १८५। खुवाएको, बगैंचाको लागि खरीद भएका मालसामान जिन्सी किताबमा आम्दानी नबांधेको र खान पाउनेको भर्पाई समेत नभएको रू. ६१, रू. २१८ को औषधि अनावश्यक खरीद गरेको।

२०१७।१८ को परीक्षणबाट अघिका किपरले ढलौटे मूर्ति थान १६ र भा. रू. १,०००। उआतीमा राखी लगेको फिर्ता नबुझाउदा, किपरको तायदात गरी ल्याएको मालसामान लिलाम बिक्री गरी उपर गर्ने कारवाई नभएको, स्वीकृति बेगर रकमान्तर गरी खर्च गरेको रू. ५०। र बिदाका दिन काम गर्नेहरूलाई सट्टा बिदा दिने नियम हुंदाहुंदै क्षतिपूर्ति भनि दिएको १,१६६। समेत अनियमित तरीकाले रू. १,२५१। र भा.रू. २६१। खर्च लेखेको लाखौं रुपैयाँ पर्ने ऐतिहासिक तथा सांस्कृतिक महत्वपूर्ण ढलौटे ढुंगा आदिको मूर्तिहरूको लगत नराखेको २०११ सालमा म्युजिएम चोरी हुंदा मौकैमा वास्तविक माल कायम नगरी हचुवा किसिमबाट रू. १८४८८। को बिगो कायम गरी चोरी छुटी सकेपछि रू. ७४,७३५। को बिगो कायम गरेको को अतिरिक्त पछि २०१२ सालमा खड़ा गरेको लगतमा नभएको भनेको मालसामानहरु मध्ये परीक्षणबाट पुराना मुद्राहरु थान २२ मौजूद देखिएको।

२०१८।१९ मा रू. ३८३४। को लगबूक बेगर पेट्रोल खर्च गरेको, बिदाका दिन काम गर्ने व्यक्तिलाई सट्टा बिदा दिने नियम हुंदहुंदै ओभर टाइम भत्ता खुवाएको, रुपिया दाखिल गरेको भौचर नभएको, गोरखापत्र छापाखाना नबुझि बेरीतले टिकट छपाएको, अनावश्यक पत्रपत्रिका खरीद गरेको, उपदान बढी दिएको, ज्याला बढा दिएको, स्वीकृति बेगर रकमान्तर गरी खर्च गरेको, तलबमा बढी दिएको, तेजारथ सापटीमा कट्टा नगरी पेशगी तलब दिंदाको ब्याज नकटाएको को अतिरिक्त मालसामान खरीद गर्दा बढी खर्च लेखेको।

## श्री सदर चिडिया खाना

२०१७।१८ मा श्री अर्थ मन्त्रालयको स्वीकृत बेगर गत आर्थिक वर्षमा खर्च हुनु पर्ने रकम यो वर्षमा खर्च लेखेको रु. ७५०।. पेट्रोल रकम हुँदाहुँदै ढुवानी रकमबाट पेट्रोलमा रू. ४३।, बत्ती रकम हुंदाहुंदै मालसामान तथा मसलन्द रकमबाट रु. ३४। श्री अर्थ मन्त्रालयको स्वीकृती बेगर खर्च लेखेको। २०१७।१८ को टिकट छपाई रकम बांकी सबै दाखिला नगरी २०१८।१९ को आर्थिक वर्षको खर्च लेखेको रु. ४५० -।

लगबूक नराखि पेट्रोल खर्च गरेको रु. २,४७५।, दरदाम भन्दा बढी खर्च लेखेको रु. ८। को को अतिरिक्त बजेट निकासा रु. १,६७,२५४। मध्ये रु. ५५,४८३। मात्र खर्च भएकोले अनावश्यक रकम निकासा गराएको।

## श्री त्रिभुवन विश्वविद्यालय विकास बोर्ड

श्री ५ को सरकार र भारत सरकारको बीच भएको संझौतानुसार विश्वविद्यालय भवन निर्माण आदिको निमित्त भारत सरकारबाट प्राप्त हुने भा. रु. २०,००,०००। मध्ये २०१८ साल जेष्ठ देखि २०१९ साल आषाढ सम्ममा भा.रु. २,००,०००।- को रु. ३,११,५००।- प्राप्त भएकोमा उक्त अवधिमा रु. २,६१,८१४। खर्च भएको मध्ये टेण्डर कल समेत नगरी रु. ३३,६२०।- पर्ने ट्रक १ खरीद गरेको, जेथा जमानी लिई ठेकदारलाई पेशगी दिनु पर्नेमा म्याद भित्र पासै नगराएको दृष्टबन्धकको तमसूक गराई ईंट र चूनको ठेकदारहरूलाई क्रमशः रु. ३७,५००।- र रु. १८,१५०। पेशगी दिएको र निजहरुले गरी दिएको कबुलियत बमोजिम काम नभएको, बोर्डबाट ईंट के निकासा भएको भन्दा रु. १३,४४५।- बढी खर्च लेखेको, पानी र चिसोले चून ढिका परेको, इंटमा रु. ५,८६५।- को ईंट नपुग देखिएका, बोर्डको निर्णयमा सदस्यहरुको निस्सा नलागेको, ढुवानी बापत गएको खर्च रु. २,६०४। को फांटवारी दाखिल नभएको, श्री त्रिभुवन विश्वविद्यालयको साधारण तर्फको र विकास बोर्ड तर्फको छुट्टाछुट्टै बैंक खाता र जिन्सी किताब खड़ा नगरेको को अतिरिक्त आर्थिक नियमको व्यवस्था नगरेको।

श्री त्रिभुवन विश्वविद्यालयको प्रथम दिक्षान्त समारोहमा आउनु भएका मुख्य अतिथिको सम्मानमा दिएको डिनरमा भएको खर्च रू. १,६५१। निकासा भएको साविक हुंदा हुँदै तृतीय दिक्षान्त समारोहमा / मुख्य अतिथिको सम्मानमा दिएको डिनरमा रू० ४७५६। (दोबर भन्दा बढी हुने गरी) खर्च गरेको ।

## स्कूल गोश्वरा

कलेज स्कूल गोश्वारा जिम्माको मालसामानको भौतिक लेखापरीक्षण गर्ने सम्बन्धमा मालसामानको बरबुझारथ हुदाको लगत सम्म दिएको रीतपूर्वकको अकर्ण कैयौं ताकेता गर्दा पनि नदिएकोले परीक्षण हुन सकेन ।

## श्री संसद् सचिवालय

२०१६।१७ मा आवश्यक नपरेका कलम कलममा समेत बराबर रकमान्तर गरेको, बजेटमा समावेश भएको फर्निचर रकममा रू. २,५००। पूरक बजेटमा समावेश गर्ने गरी निकासा गरेको तदनुसार पूरक बजेटमा समावेश नगरेको। कोटेशनहरू मध्ये सबै भन्दा घटी दरवाला छदै बढी दरवालासंग खरीद गर्दा नोक्सान हुन गएको रू. ५४३।, लगबुकमा भ्रमण गर्ने पदाधिकारीले प्रमाणित गरी नराखेबाट पेट्रोल खर्चमा अनियमित खर्च देखिन आएको रु. ४८०। को अतिरिक्त बजेटमा समावेश भए भन्दा बढी रू. १,०८ ३०५। निकासा गरेको।

### श्री महासभा तथा प्रतिनिधि सभा

२०१७।१८ को वार्षिक स्वीकृत खर्च रू. १३,६६,८५१ मा पूरक बजेट अनुसार रु. ८,३६,६००। घटाईएकोले जम्मा रु. ५,३३,२०५। बजेट निकासा भएको रहेछ। तर पूरक बजेट पास हुनु भन्दा अगावै उक्त बजेटवाट ६,४५,६५५। र अन्य विविध शीर्षकवाट समेत रु. ५६,६५७। समेत रु. ७,०५,६१२। निकासा भई रु. ५,३२,५२५। खर्चमा सर्व संचित कोष दाखिल रु. ८२५। कट्टी गर्दा जम्मा खर्च रु. ५,३१,७००। कायम भएकोले स्वीकृत बजेट रकम भन्दा रू. १,१२,४५०। बढी निकासा भएको देखिनुको साथै उक्त खर्च मध्ये श्री महासभा तर्फ अनियमित तरीकाले रकमान्तर हुने गरी मसलन्द रकममा छपाई खर्च रु ६४६। खर्च लेखेको, श्री प्रतिनिधि सभा तर्फ अनियमित तरीकाले रु. २४०। को फर्निचर खरीद गरेको, श्री महासभा तर्फ रु ५३३। र श्री प्रतिनिधि सभा तर्फ रु. १,४७४। छपाई रकममा खर्च भएकोमा छापि आएको कुराको रीतपूर्वकको हिसाब नरहेको र रू. २००। पेशगी फछर्योट हुन बांकी देखिएको को अतिरिक्त रकमान्तर गरी सकेपछि रकमान्तर भइ आएकै रकम पुनः अन्य रकममा समेत रकमान्तर गरेको।

# श्री स्वास्थ्य, नहर तथा विद्युत मन्त्रालय

श्री नेपाल लोक सेवा आयोगको अध्यक्ष हुनु हुंदा विदेशमा जानु हुँदा लुगा भत्ता दिएको ३ वर्ष व्यतीत नहुँदै स्वास्थ्य मन्त्री विश्व स्वास्थ्य संघको पन्ध्रवां अधिवेशनमा भाग लिन जानु हुदा पनि उक्त भत्ता दिएको।

२०१८।१९ मा डिनर पार्टिलाई दैनिक भ्रमण भत्ताको रकमबाट रु. ५८८। सोध भर्ना गर्ने गरी अनियमित तरीकाले खर्च गरेको।

## श्री वीर अस्पताल विकास

श्री वीर जनाना अस्पताल र कलेरा अस्पताललाई नवीनकरण गर्ने ठेक्का दिंदा चेक फांटवाट पास नगरेको सिसाकलमले लेखेको लगत इष्टमेटलाई कायम गरी टेण्डर कललाई प्रकास गरेको पहिलो बिज्ञापनमा लगत इष्टमेटको अंके नदिएको र दोस्रोमा २ दिन सिवाय म्याद बाँकी नरहने गरी प्रचार गरेको। उक्त लगत इष्टमेटमा खास बनाउदा लाग्ने रकमको अतिरिक्त कन्टेञ्जेन्सी ५ पी. ई. को तजवीजले थप गर्न पाउने २० इलेक्ट्रीक फिटिका रकमहरु ठेक्का बन्दोवस्त नभएका बाहेक अरु लेखिए बमोजिम रीत नपुऱ्याई ठेकदारलाई अनियमित तरीकाले ठेक्का बन्दोवस्त गरेकोबाट खास बनाउन लाग्ने रकम भन्दा बढो रु. १,३८,७७३। समेत ठेकदारलाई दिएको र प्रचलित कानून बमोजिम लिन पर्ने ५ ले हुने डिपोजिट पनि नलिएको।

## श्री स्वास्थ्य सेवा विभाग

२०१६।१७ को परीक्षणबाट तर्ताकिता गर्दा पनि मसलन्द र हैजा निवारण रुमेतको खर्च रु. ०,७७०। को फांटवारी पेश हुन नआई फर्छिन नसकेको को अतिरिक्त रु. २०। म्याद नघाई फिर्ता दाखिल गरेको।

## श्री वीर अस्पताल चिल्ड्रेन वार्ड

२०१५।१६ मा टेण्डर कल तथा घटाघट समेत नगराई रु. ७२८। को मालसामान खरीद गरेको, सेन्ट्रल पर्चेज विभागबाट खरीद भएको भा. रु. २,६०३। को मालसामान रीत पूर्वक आम्दानी बाँधेको जिन्सी किताब पेश नगरेको ल्याप्स भएको रु १,५४२। भा. रु ४,८८६। श्री सेन्ट्रल पर्चेज विभागबाट दाखिल गरेको प्रमाण पेश नगरेको।

## श्री पशुपति होमियो अस्पताल

२०१६ ७ मा औषधि झिकाउन वाणिज्य विभागलाई पेशगी गएको रू २,५०१। नफछ्र्याएको, रसद आदि मालसामानहरुको ठेकदारलाई भुक्तानी दिएको रू. ६७६। को ठेक्का सदर समेतको आधारभूत प्रमाण पेश नगरेको।

## श्री सदर जेल अस्पताल

२० ६।१७ मा औषधि झिकाउन श्री वाणिज्य विभागलाई पेशगी गएको रु० १६,१६६। फछ्र्याई नसकेको, स्वीकृति वेगर महगी भत्ता रकमबाट तलब रकममा खर्च गरेको रू. ३०। ठेकदारलाई भुक्तानी दिएको रू० १,६२८। को आधारभूत प्रमाण पेश गर्न नसकेको।

## श्री नखु जेल अस्पताल

२०१६ १७ मा औषधि झिकाउन श्री वाणिज्य विभागलाई रु० ६,२५१। पेशगी दिएको फर्छि नसकेको।

## श्री भक्तपुर अस्पताल

२०१६।१७ मा औषधि झिकाउन श्री वाणिज्य विभागलाई पेशगी गएको रू० ३,७४६। नफछ्र्याएको, ठेकदारलाई रसद आदि मालसामानहरूको भुक्तानी दिएको रू. २,३३७। को ठेक्का सदरको आधारभूत प्रमाण पेश नगरेको २०१६ साल माघ देखि ऐं चैत मसान्त तक (भुक्तानी प्रणाली लागु

हुनु भन्दा अघिको) विभिन्न जिन्सी मालको रु. १५७ भुक्तानी लागु भए ाछि स्वीकृति वेगर अनियमित तरीकाले ठेक्दारलाई भुक्तानी दिएको को अतिरिक्त जिन्सी तर्फको लेखा नै पेश नगरेको ।

**श्री ललितपुर अस्पताल**

२०१६।१७ मा औषधि झिकाउन श्री वाणिज्य विभागलाई गएको पेशगी रु. ४,४०० नफर्छ्याएको, रसद आदि मालसामानको ठेकदारलाई भुक्तानी दिएको रु. ७,१००। ठेक्का सदर समेतको आधारभूत प्रमाण पेश नगरेको, औषधि दुवानी रकममा खर्च गरेको रु. ८। को खानपाउनेको भर्पाई र मसलन्द खर्च गरेको रु. ६६। को बिल नभएको । आर्थिक वर्ष भुक्तान हुँदा फर्न रु. ४। सर्व संचित कोष दाखिल नगरेको।

**श्री वीरगञ्ज भेटिनरी अस्पताल**

२०१८।१९ मा जिन्सी माल मध्ये रु. २। पर्ने मिल्क साइफन फर क्याटल नपुग भए ।

**श्री धुलिखेल भेटिनरी अस्पताल**

२०१८।१९ मा लेखा विवरण नै पेश नगरेको ।

**श्री सदर जेल अस्पताल**

२०१८।१९ मा रु. ४१३। को पेट्रोल खर्च गरेको लगबूक पेश नगरेको ।

**श्री रौतहट कटरत्न अस्पताल**

२०१८।१९ मा आर्थिक वर्षको अन्य बांकी रहेको रु. १,०५०। सर्व संचित कोषमा दाखिल नगरी मालमा धरौटीमा राखेको को अतिरिक्त बीचैबाट कैफियत ी मालबाट झिकेको रु. २,२५३। को सम्बन्धमा श्री विशेष पुलिस विभागबाट कारवाई भई रहेको ।

**श्री टोखा स्वास्थ्य निवास**

२०१६। ७ मा औषधि झिकाउन श्री वाणिज्य विभागलाई पेशगी गएको रु. २०,२५०। नफर्छ्याएको, आदेश वेगर महँगी भत्ता, विशेष भत्ता, अरू भत्ताबाट रकमान्तर गरी तलब रकममा खर्च गरेको रू. २,२५१, ठेकदारलाई रसद आदि मालसामानको भुक्तानी दिएको रु. १४,८१६। को ठेक्का सदरको आधारभूत प्रमाण पेश नगरेको को अतिरिक्त बांकी रहेको रू. १३,०७२। सर्व संचित कोषमा दाखिल गर्नु पर्नेमा स्वास्थ्य विकास रकममा जम्मा गरेको ।

**श्री युनानी औषधालय**

२०१६।१७ मा औषधि झिकाउन श्री वाणिज्य विभागलाई पेशगी गएको रु. २,२५०। फर्छि नसकेको को अतिरिक्त आफिस घर भाडा दिएको रू. १८०। को प्रमाण पेश नभएको ।

**प. १ नं. श्री कल्लेरी पलाञ्चोक औषधालय**

२०१८।१९ मा निकासा स्वीकृति वेगर आर्थिक बर्षको अन्त्यमा बांकी रहेको रु. २३। पछिल्लो सालमा खर्च गरेको, खर्च भई बाँकी रु. ७। सर्व संचित कोष दाखिल गर्नु पर्ने नगरेको, दरबन्दी निकासा वेगर कर्मचारीको तलब रु. २,०४०। खर्च लेखेको र घटाघट मुचुल्का तथा घरधनीको कबूलियत समेत नगराई घर भाडा रु. ३६०। खर्च लेखेको ।

**श्री फरापिङ आयुर्वेदीय औषधालय**

२०१६।१७ मा जिन्सी माल खरीद गरेको सम्बन्धको प्रमाण तथा जिन्सी किताब पेश नगरेको ।

**श्री स्वास्थ्य सेवा आयुर्वेदीय विभाग (पूर्णेश्वर पन्चदेवल समेत)**

२०१६।१७ मा महगी भत्ता रकमबाट रु. ३५७।, विशेष भत्ता तलबबाट रु. ४५ अरू भत्ता-बाट रु. ४५। समेत गरी जम्मा रु ४४७। स्वीकृति वेगर तलब रकममा रकमान्तर गरेको ।

**श्री उर चिकित्सालय**

२०१६।१७ मा औषधि खरीद गर्न रु. १७,४१७। र फिल्म खरीद गर्ने रु. ३,०००।

श्री वाणिज्य विभागमा पेशगी गएको फछिं नआएको।

## श्री साखु डिस्पेन्सरी

२०१६।१७ मा औषधि किन्नलाई श्री वाणिज्य विभागमा पेशगी गएको रु. १,१५६। फछ्र्योट नगरेको र बिल नआएको भनि प्राप्त हुन आएको औषधि जिन्सी किताबमा नचढाएको।

## श्री रामघाट डिस्पेन्सरी

२०१६।१७ मा औषधि झिकाउन निमित्त श्री वाणिज्य विभागलाई पेशगी गएको रु. १,१४८। फछ्र्योट नभएको।

## श्री होमियो डिस्पेन्सरी

२०१६।१७ मा औषधि झिकाउन श्री वाणिज्य विभागलाई पेशगी गएको रु. १,५००। फछ्र्योट नभएको।

## श्री आई. वी. डी. सी.

१९५६ अप्रिल देखि ऐ डिसेम्बर ३१ सम्मको बैलेन्स शीटमा देखाए बमोजिम भा. रु. १,००,४०३। को लेखापरीक्षण गर्न आवश्यक कागजातहरू पेश नगरेको।

## श्री नर्सेज ट्रेनिंग प्रोजेक्ट

२०१४।१५ मा निर्धारित बजेट भन्दा घर भाडामा रु. ७,१६६। बढी खर्च लेखेकोले र घटी टेण्डरवाला छँदाछँदै टेण्डरवालालाई रु. १५। बढी खर्च हुने गरी कपवोर्ड बनाउन ठेक्का दिएको देखिएको को अतिरिक्त रु. ३८४। को पेट्रोल ग्यालन ४५½ आम्दानी नबाँधेको।

२०१५।१६ मा रु. २,४०७। को पेट्रोल अनियमित तरीकाले खर्च गरेको र पेट्रोल रकमबाट रु. १,५३०। को मालसामान खरीद गरेको।

## श्री हेल्थ असिष्टेण्ट स्कूल

२०१५।१६ मा लगबुक नराखी रु. ३,७६७ को पेट्रोल खर्च गरेको, लगत इष्टिमेट बिना स्थानीटरी इनार बनाउन रु. १,०००। खर्च गरेको, रु. ३३। को मालको जिन्सी किताब नराखेको, अनियमित तरीकाले रु. ३६८। रकमान्तर गरेको, रु. ६३। को हिसाब नराखि पेट्रोल खर्च गरेको, स्वीकृति बिना अघिल्लो वर्षको रु. ४२५। खर्च गरेको, घटाघट नगराई रु. १,३०३। को मालसामान खरीद गरेको।

## श्री पब्लिक हेल्थ एडमिनिष्ट्रेशन

२०१५।१६, २०१६।१७ मा सवारीको उद्देश्य नखोली निकासा बेगर अनियमित तरीकाले सवारी प्रयोग गरी रु. १,६६५। को पेट्रोल खर्च गरेको र आदेश बेगर अनियमित तरीकाबाट मर्मत मा खर्च गरेको रू. २३५। बिलको रकम भन्दा बढी खर्च गरेको रू. २।

## श्री नहर विभाग

२०१८।१९ मा मसलन्दमा रू. ८०८। खर्च भई फांटवारी पेश नभएको, साधारण बजेट तर्फ विकास रकमबाट अनियमित तरीकाले रकमान्तर गरी रू. २५६। ष्टेशनरी मालसामानमा खर्च भएको, जिन्सी किताबमा नाप साइज तथा कोष नखुलेको को अतिरिक्त रू. ३१०। को किताबहरू नभएको।

लालदरबार दक्षिण क्याम्पको ५५ रोपनी जग्गा अनियमित तरीकाले घटाघट समेत नगराई रोपनीको ५५००। मा खरीद गरेको को अतिरिक्त उक्त जग्गाको बाली सरकार दाखिल नभएको।

## श्री पानी गोश्वारा

२०१८।१९ मा रू. ६६३। बढी मौज्दात राखेको र २०१३ साल देखिको जम्मा रू. ८३,६४०। पेशगी नफछ्र्याइ राखेको।

**श्री भक्तपुर पानी अड्डा**

२०१८।१९ मा साबिक हाकिमले, वरबुझारथ गरी नदिएकोले लेखा विवरण पेश हुन नआएको को अतिरिक्त २०१८।१९ को बांकी रु. २५,१९३। सबै संचित कोष दाखिल नगरेको ।

**श्री नहर, खाने पानी परियोजना**

भा. रु. १८,८८,८२५। को पाईपहरु र सम्बन्धी सामानहरु भारत सरकारबाट प्राप्त भएकोमा के कति पाइपहरु कहां कहां कस्को जिम्मा रहेका छन सो लेखा विवरण पेश नगरेको र भौतिक परीक्षण पनि गन नदिएको ।

**श्री झांझ सिचाई योजना**

२०१३ साल देखि २०१८ साल मार्ग तकमा भारतीय सहायता नियोग अन्तर्गत निर्मित झांझ नहरको सर्जमिनमा गई भौतिक निरीक्षण समेत गरेमा उक्त नहरबाट बग्ने पानी राम्रो नियन्त्रण हुने गरी नवनाएको को अतिरिक्त मुख्य मुख्य निर्माण कार्य अधुरो गरी राखेको, सन १९५९ मा पूरा हुनु पर्ने योजना १९६२ सम्ममा पनि सम्पन्न नभै बढी खर्च लाग्ने भएको र रीत पूर्वकको ठेक्का सट्टा सम्बन्धी कागजात र विस्तृत लगत इष्टिमेट तथा तत्सम्बन्धित स्रेस्ता पेश नभएको ।

सिमेन्ट बोरा २१,८३४ खर्च भएकोमा तत्सम्बन्धी खाली बोरा आय व्ययको लेखा पेश नभएको, ४२८ बोरा सिमेन्ट के भा. रु. २,७३८। मा तथा पाइप थान १३ ऐ को कल्लर थान ५ के रु. २०४। मा अनियमित तरीकाले बेचेको, ८ बोरा सिमेन्ट घटी दाखिल गरेकोमा असूल उपर नगरेको, भा. रु. २२५।, ४००। र ३१५। मा ३ घोड़ा निकासा वेगर खरीद गरेको । ती मध्ये भा. रू. २२५। को घोडा रू. १२६। मा निकासा वेगर लिलाम गरेको र भा. रू. ४००। को घोडा मरेको भन्नेमा त्यस्को प्रमाण पेश नभएको ।

पेट्रोल रकममा अनियमित तरीकाले भा. रू. १२,७५३। खर्च गरेको, दैनिक भत्ता भा रु. ३,१२०। र औषधि रकममा भा. रु. १,२६५ निकासा वेगर खर्च लेखेको, जग्गा विगाहा १२७ अधिग्रहण भएको को स्रेस्ता पेश नभएको ।

उपर्युक्त सर्व व्यहोरा समेत दर्शाई रीत पूर्वकको सो प्रोजेक्ट सम्बन्धी लेखा विवरण ताकेता गर्दा समेत प्राप्त नभएकोले लेखापरीक्षण गर्न नपाएको ।

**श्री झांझ सब डिभिजन**

२०१८।१९ मा अघिल्लो आर्थिक वर्षको बांकी सबै संचित कोषमा दाखिल नगरी पछिल्लो आर्थिक वर्षमा अनियमित तरीकाले खर्च गरेको रु. ६७५। र २०१० सालमा नहर मर्मत कामलाई निकासा भएकोमा मर्मत काम भई जांच पास वेगर खर्च लेखेको भन्ने श्री कुमारी चोकबाट पक्राउ भई उजाती रहेको भा. रू. २,६६४। नफछर्याएको ।

**श्री काठमाडौं उपत्यकाको विद्युत ट्रान्समिशन र वितरण व्यवस्था**

२०१५।१६ मा माग गरेको कोटेशन भन्दा बढी मालसामानको रू. १,१३६। भुक्तानी दिएको, प्रचलित नियमानुसार नेपाल अधिराज्य भित्र खरीद भएको मालसामानको रू. मा खर्च लेख्नु पर्नेमा भा. रू. खर्च लेखेको, खरीद भएको मालसामान को जिन्सी किताव पेश नगरेको को अतिरिक्त बांकी रू. २०.०००। र भा. रू. ६,७७८। दाखिल नगरेको ।

**श्री विजुली अड्डा**

२०१८।१९ मा साविक वालाबाट वर्भिज नोट कित्ता ४ को रू. ३८। असूल गरी दाखिल नगरेको, रिपोर्ट पास नगरी ३ पदाधिकारीलाई रू. ४१७। अनियमित तरीकाले का. मु. भत्ता खर्च लेखेको २०१७।१८ मा लगबूक नराखी खर्च गरेको पेट्रोलको रू. १,०७३। अर्थ मन्त्रालयको स्वीकृत विना भुक्तानी दिएको, विभिन्न रकममा उजाती रहेको रू. १,६०,६६३। नफछर्याएको, राजस्व तथा जिन्सी मालसामानको लेखा विवरण र डिजल आयल ग्यालन २,४२,४५४ को रू. ५,४५,३००। को लगबूक नभएको ।

**श्री भिम्फेदी बिजुली अड्डा**

२०१८।१९ को लेखा विवरण माग गरी तर ताकेता गर्दा पनि प्राप्त नभएको ।

**श्री हेल्थ एसिस्टेन्ट ट्रेनिंग स्कूल**

२०१४।१५ मा निकासा बेगर रू. ४३५। रकमान्तर गरी खर्च गरेको र सरकारी सवारीको लगबूक नराखि रू. २,८०४। को पेट्रोल खर्च गरेको ।

## लेखा परीक्षण भएको विभाग आदिको

### तेरीज

**श्री सर्वोच्च अदालत**

२०१८।१९

**श्री माहालेखा परीक्षकको विभाग**

२०१७।१८

२०१८।१९

**श्री नेपाल लोक सेवा आयोग**

२०१७।१८

२०१८।१९

**श्री अर्थ मन्त्रालय**

२०१३।१४

विकास

१. श्री सर्भे गोश्वारा

२०१४।१५

विकास

१. श्री निजामती वाजी तलव

२. श्री सर्भे गोश्वारा

२०१५।१६

विकास

१. श्री निजामती वाजी तलव

२. श्री उपत्यका बाहिरको सर्भे

३. श्री तथ्याङ्क विभाग

२०१६।१७

विकास

१. श्री तथ्याङ्क विभाग

२०१७।१८

१. श्री मन्त्री-मण्डल, श्री मन्त्री-परिषद

२. श्री मन्त्री-मण्डलालय

विकास

१. श्री केन्द्रीय तथ्याङ्क विभाग

२०१८।१९

१. श्री मन्त्री-परिषद

२. श्री अर्थ मन्त्रालय

३. श्री आय कर अदालत

४. श्री कर विभाग

५. श्री भन्सार तथा अन्तः शुल्क विभाग

६. श्री शाही भूमि सुधार कमिशन

७. श्री लियाजो अफिस कलकत्ता

८ श्री काठमाडौं रजिष्ट्रेशन अड्डा

९. श्री काठमाडौं माल दोश्रा

१०. श्री कीर्तिपुर माल

११. श्री चितौन माल
१२. श्री धादिङ्ग माल
१३. प. १. नं. श्री नुवाकोट माल
१४. श्री बारा माल
१५. श्री पर्सा माल
१६. श्री रौतहट माल
१७. श्री भक्तपुर गुठी तहसील
१८. श्री भक्तपुर माल पहिला
१९. श्री भक्तपुर माल दोश्रा
२०. श्री भक्तपुर रजिष्ट्रेशन अड्डा
२१. श्री मकवानपुर माल
२२. श्री ललितपुर माल दोश्रा
२३. श्री ललितपुर रजिष्ट्रेशन अड्डा
२४. श्री काठमाडौं गोश्वारा भन्सार
२५. श्री गौर भन्सार अड्डा
२६. श्री गौचर भन्सार
२७. श्री वीरगंज भन्सार अड्डा
२८. श्री पु. १ नं. श्री तातापानी भन्सार
२९. श्री रकम बन्दोवस्त अड्डा
३०. श्री रसुवा भन्सार
३१. श्री कर अड्डा वीरगंज
३२. श्री काठमाडौं, ललितपुर र भक्तपुर मनोरन्जन कर सम्बन्धी
३३. श्री " " " रेडियो कर सम्बन्धी
३४. श्री कोशीतोषाखाना
३५. श्री तेजारथ अड्डा

विकास

१. श्री एकाउन्टेन्ट तालिम योजना

श्री आर्थिक कार्य बिषय मन्त्रालय

विकास

२०१५।१६
२०१६।१७
२०१८।१९

१. श्री आर्थिक कार्य विषय मन्त्रालय

श्री उद्योग बाणिज्य मन्त्रालय

२

विकास

१. श्री खानी सहकारी

२०१२।१३

विकास

१. श्री खानी विकास योजना

२०१३।१४

विकास

१. श्री खानी सहकारी सेवा

२०१४।१५

विकास

१. श्री खानी सहकारी सेवा

२०१५।१६

विकास

१. श्री नेपाल औद्योगिक विकास कर्पोरेशन
२. श्री खानी विभाग

२०१७।१८

१. श्री उद्योग वाणिज्य मन्त्रालय

विकास

१ श्री असहाय कल्याण केन्द्र थापाथली
२. श्री घरेलु इलम केन्द्र, भरतपुर
३. श्री घरेलु बोर्ड
४. श्री सदर जेल कारखाना
५. श्री पाटन औद्योगिक विकास क्षेत्र

२०१८।१९

१. श्री उद्योग वाणिज्य मन्त्रालय
२. श्री वाणिज्य विभाग
३ श्री नेपाल उड वर्क्स

विकास

१. श्री पाटन औद्योगिक विकास क्षेत्र

श्री कानून तथा न्याय मन्त्रालय

२०१७।१८

१. श्री कानून मन्त्रालय
२. श्री संसदीय प्रबन्ध मन्त्रालय
३. श्री ल-कमिशन
४. श्री एटर्नी जनरल अफिस
५ श्री गभर्नमेण्ड प्लीडर अफिस

२०१८।१९

१. श्री कानून तथा न्याय मन्त्रालय
२. श्री ल-कमिशन
३. श्री असिष्टेन्ट गभर्मेन्ट प्लिडर तथा असिस्टेन्ट प्रोसिक्यूटर अफिस, चितौन
४. श्री " " " " " " " चिसापानी
५. श्री " " " " " " " सिन्धुपाल्चोक
६. श्री " " " " " " " वीरगंज
७. श्री गभर्मेन्ट प्लिडर तथा पब्लिक प्रोसिक्यूटर अफिस, गौर
८. श्री कलैया इलाका अदालत
९. श्री काठमाडौं फोजदारी तहसील
१०. श्री काभ्रे पलान्चोक इलाका अदालत
११. श्री चितौन इलाका अदालत
१२. श्री चिसापानी इलाका अदालत
१३. श्री धादिङ्ग इलाका अदालत, प. १ नं.
१४. श्री नुवाकोट इलाका अदालत, प. १ नं.

१५. श्री बीरगंज जिल्ला अदालत
१६. श्री बीरगज इलाका अदालत

श्री गृह मन्त्रालय

२०१८।१९

१. श्री गृह मन्त्रालय
२. श्री बागमती अन्चलाधीश अफिस
३. श्री काठमाडौं मेजिष्ट्रेट अफिस
४. श्री ललितपुर मेजिष्ट्रेट अफिस
५. श्री भक्तपुर मेजिष्ट्रेट अफिस
६. श्री सिंहदरवार फरास खाना
७. श्री सिंहदरवार बिजुली अड्डा
८. श्री सिंहदरवार नक्सा अड्डा
९. श्री सिंहदरवार मोटर ग्यारेज
१०. श्री सिंहदरवार बैठके डिपार्टमेन्ट
११. श्री सिंहदरवार रिसेप्सन अफिस
१२. श्री केन्द्रीय सचिव पुस्तकालय
१३. श्री से. ई. मे. डि. साची फांट
१४. श्री क कि. निजामती दर्ता फांट
१५. श्री बसन्तपुर फरास खाना
१६. श्री पू. १ नं. गोश्वारा
१७. श्री प. १ नं गोश्वारा
१८. श्री विशेष पुलिस विभाग
१९. श्री पुलिस हेट क्वाटर
२०. श्री सेन्ट्रल डि. आई. जि. पी. अफिस
२१. श्री उपत्यका एस. पी अफिस
२२. श्री काठमाडौं डि एस. पी. अफिस
२३. श्री ललितपुर डि एस. पी. अफिस
२४. श्री भक्तपुर डि. एस. पी अफिस
२५. श्री एन. सी. सी. बटालिएन
२६. श्री ए. ए. सी. बैण्ड कम्पनी
२७. श्री सदर ट्राफिक पुलिस कम्पनी
२८. श्री सदर पुलिस तालिम केन्द्र
२९. श्री नेपाल अपराध अनुसन्धान विभाग
३०. श्री गुप्तचर विभाग
३१. श्री बीरगज एस. पी. अफिस
३२. श्री बीरगज डि. एस. पी. अफिस
३३. श्री पूर्व १ नं. श्री चौतारा पुलिस इन्स्पेक्टर अफिस
३४. श्री प. १ नं. श्री नुवाकोट पुलिस इन्स्पेक्टर अफिस
३५. प. १ नं. श्री धादिङ्ग थाना।
३६. श्री धुलिखेल पुलिस थाना
३७. श्री सदर सेन्ट्रल जेल अफिस
३८. श्री नखु जेल अफिस
३९. श्री सदर जेल गार्ड

४०. श्री सदर जेल अस्पताल
४१. श्री नखु जेल डिस्पेन्सरी
४२. श्री सदर डिल्लीबजार खोर

श्री निर्माण संचार तथा यातायात मन्त्रालय

२०१५।१६

विकास

१. श्री पर्यटन विकास

२०१६।१७

विकास

१. श्री पर्यटन विकास विभाग

२०१७।१८

१. श्री नुवाकोट टेलिफोन अफिस

विकास

१. श्री निर्माण संचार मन्त्रालय
२. इन्जिनीयरिङ्ग स्कूल
३. श्री टेलिकम्युनिकेशन बिभाग
४. श्री पर्यटन विकास विभाग
५. श्री हवाई विकास विभाग
६. श्री रोडस विभाग

२०१८।१९

१. श्री निर्माण संचार तथा यातायात मन्त्रालय
२. श्री अमलेखगंज हुलाका
३. श्री अमलेखगंज टेलिफोन अफिस
४. श्री काठमाडौं पानी अड्डा
५. श्री काठमाडौं छेमडेल अड्डा
६. श्री कलैया हुलाक
७. श्री कलैया टेलिफोन अफिस
८. श्री गौर टेलिफोन अफिस
९. श्री गौचर स्थर सटिंग पोष्ट अफिस
१०. श्री चुरे रोड शेस अफिस
११. श्री चौतरा हुलाक
१२. श्री तातापानी हुलाक
१३. श्री धुलिखेल हुलाक
१४. श्री नेपाल गभर्मेन्ट रेल्वे, बीरगंज
१५. श्री ट्याक्सी इन्जिन अड्डा
१६. श्री डिल्लो वजार हुलाक
१७. श्री प. १ नं. श्री नुवाकोट टेलिफोन अफिस
१८. प. १ नं. श्री त्रिशुली हुलाक
१९. पू १ नं. श्री पांच खाल हुलाक
२०. श्री बान्हविसे शाखा हुलाक
२१. श्री बीरगंज हुलाक
२२. श्री बीरगंज आ वा
२३. श्री बीरगंज टेलिफोन अफिस

२४. श्री वीरगंज-अमलेखगंज सवारी अफिस
२५. श्री वीरगंज वनाउने अड्डा
२६. श्री भक्तपुर हुलाक
२७. श्री भक्तपुर पानी अड्डा
२८. श्री भीमफेदी हुलाक
२९. श्री भीमफेदी टेलिफोन अफिस
३०. श्री रक्सौल टेलिफोन अफिस
३१. श्री ललितपुर छेमडेल अड्डा
३२. श्री ललितपुर पानी अड्डा
३३. श्री ललितपुर हुलाक
३४. श्री साखु हुलाक
३५. श्री सिंहदरबार हुलाक
३६. श्री से. ई. मे. डी.
३७. श्री शंम्भुनाथ रोपवे
३८. श्री समरजग कम्पनी
३९. श्री हेटौंडा हुलाक

विकास

१. श्री पोखरा पर्यटन केन्द्र
२. श्री हुलाक विभाग
३. श्री आर. टि. ओ.
४. श्री ट्याक्सी इन्जिन अड्डा

श्री निर्वाचन आयोग

२०१७।१८
२०१८।१९

श्री परराष्ट्र मंत्रालय

२०१७।१८

१. श्री परराष्ट्र मंत्रालय
२. श्री प्रोटोकल विभाग
३. श्री अतिथी सत्कार विभाग
४. श्री सिंहदरबार गेष्ट अफिस
५. श्री मोहन आकासवाणी, सिंहदरबार
६. श्री नेपाल ट्रेड एजेन्सी कुती

०१८।१९

१. श्री परराष्ट्र मंत्रालय
२. श्री प्रोटोकल विभाग
३. श्री अतिथी सत्कार विभाग
४. श्री लियाजो अफिस, मलया
५. श्री नेपाल ट्रेड एजेन्सी, केरुङ
६. श्री नेपाल ट्रेड एजेन्सी कुती
७. श्री मोहन आकाशवाणि, सिंहदरबार
८. श्री सिंहदरबार गेष्ट अफिस

श्री रक्षा मन्त्रालय

२०१८।१९

१. श्री रक्षा मंत्रालय

२. श्री अर्डिन्यान्स डिपो
३. श्री आर्मि सप्लाई डिपो
४. श्री क. कि. जङ्गी फांट
५. श्री जंगी वाली तलव
६. प. १ नं श्री भैरव दल कम्पनी
७. पू. १ नं श्री सीवदल कम्पनी
८. श्री पालघर
९. प. १ नं श्री रसुवा चेक पोष्ट
१०. प. १ नं श्री त्रिशुली व्यारेक
११. श्री पीपा गोश्वारा
१२. श्री पि. एस. विभाग
१३. पू. १ नं चेक पोष्ट समेत
१४. श्री मिलिसिया वटुक दल कम्पनी
१५. श्री सादुर्ल जग कम्पनी
१६. श्री स्वयम्भू वारुद खाना

श्री राष्ट्रिय निर्देशन मन्त्रालय

२०१६।१७

विकास

१. श्री प्रचार तथा प्रसार विभाग

२०१७।१८

१. श्री राष्ट्रिय निर्देशन मन्त्रालय

विकास

१. श्री प्रचार तथा प्रसार विभाग

२०१८।१९

२. श्री राष्ट्रिय निर्देशन मन्त्रालय
२. श्री वर्गिय संगठन विभाग
३. श्री रेडियो नेपाल
४. श्री प्रचार तथा प्रसार विभाग
५. श्री गोरखापत्र छापाखाना

विकास

१. श्री रेडियो नेपाल
२. श्री प्रचार तथा प्रसार विभाग
३. श्री प्रचार तथा सूचना केन्द्र, बोरगञ्ज

श्री राष्ट्रिय योजना परिषद सचिवालय

२०१५।१६

विकास

१. श्री योजना मन्त्रालय

२०१७।१८

विकास

१. श्री राष्ट्रिय योजना परिषद

२०१८।१९

विकास

१. श्री राष्ट्रिय योजना परिषद

श्री वन तथा कृषि मन्त्रालय

२०१३।१४

१. श्री डेरि डेभलपमेण्ट

२०१४।१५

विकास

१. श्री डेरि डेभलपमेण्ट

२०१५।१६

विकास

१. श्री सि. सि. एफ अफिस

२०१६।१७

विकास

१. सि. सि. एफ अफिस

२०१७।१८

१ श्री वन तथा कृषि मन्त्रालय
२. श्री सि. सि. एफ अफिस
३. श्री नारायणहिटी शिकारी फांट

विकास

१. श्री सि. सि. एफ. अफिस
२. श्री गण्डक सर्कल अफिस
३. श्री जनकपुर सर्कल
४. श्री वनस्पति विभाग
५. श्री वदिया डिभिजन
६. श्री बांके डिभिजन
७. श्री दांग डिभिजन
८. श्री महाकाली सर्कल
९. श्री लुम्बिनी डिभिजन
१०. श्री सल्यान डिभिजन
११. श्री हनुमान नगर डिभिजन

२०१८।१९

१. श्री वन कृषि मन्त्रालय
२. श्री खाद्य विभाग
३. श्री कृषि विभाग
४. श्री एग्रोनोमी सेक्सन
५. श्री ऐग्री-इन्जिनीयरिंग सेक्सन
६. श्री एण्टोमोलोजी सेक्सन
७. श्री प. १ नं. श्री खिन्चेत वगैचा
८. श्री प. १ नं. श्री नुवाकोट भेटेनरी अस्पताल
९. श्री प्याथोलोजी सेक्सन
१०. श्री भेटेनरी अस्पताल, धुलिखेल
११. श्री भेटेनरी अस्पताल, बीरगञ्ज
१२. श्री वाइल्ड लाईफ म्यानेजमेन्ट डिभिज।
१३. श्री स्वाइल साइन्स सेक्सन
१४. श्री हर्टिकल्चर सेक्सन

१५. श्री काठमाडौं सर्कल अफिस, बीरगञ्ज
१६. श्री चितौन डिभिजन अफिस, हेटौंड़ा
१७. प. १ नं श्री त्रिशुली डिभिजन
१८. पू. १ नं श्री चौतरा डिभिजन
१९. श्री बीरगञ्ज डिभिजन
२०. श्री नारायणहिटो शिकारी फांट

विकास

१. श्री वन विभाग
२. श्री खाद्य अनुसन्धान शाला

श्री विकास मन्त्रालय

२०१४।१५

विकास

१. प. १ नं श्री नुवाकोट स्थानीय जिल्ला विकास कमिटि
२. श्री त्रिभुवन ग्राम विकास केन्द्र, पोखरा
३. श्री त्रिभुनव ग्राम विकास केन्द्र, गौर

२०१५।१६

विकास

१. प. १. न. श्री नुवाकोट स्थानीय जिल्ला विकास कमिटी
२. श्री पंचायत विकास केन्द्र राप्तिदून भरतपुर
३. श्री ललितपुर जिल्ला विकास कमिटी
४. श्री त्रिभुवन ग्राम विकास केन्द गौर
५. श्री त्रिभुवन ग्राम विकास केन्द पोखरा

२०१६।१७

विकास

१. श्री काठमाण्डौ जिल्ला विकास कमिटी
२. प १ न श्री नुवाकोट स्थानीय जिल्ला विकास कमिटी
३. प १ न श्री धादिङ्ग स्थानीय जिल्ला विकास कमिटी
४. श्री ललितपुर जिल्ला विकास कमिटी
५. श्री त्रिभुवन ग्राम विकास केन्द्र, गौर

२०१७।१८

विकास

१. श्री काठमाडौं जिल्ला विकास कमिटी
२. प नं श्री नुवाकोट स्थानीय जिल्ला विकास कमिटी
३. प. १ नं श्री धादिङ्ग जिल्ला विकास कमिटी

२०१८।१९

१. श्री विकास मन्त्रालय
२. श्री पञ्चायत विकास विभाग
३. श्री काठमाडौं, धरान आदि नगर पञ्चायत

विकास

१. प १ नं श्री नुवाकोट स्थानीय जिल्ला विकास
२. श्री प. १ नं श्री पञ्चायत धादिङ्ग विकास
३. श्री प. १ नं श्री नुवाकोट, धादिंग, रसुवा ग्राम पञ्चायत

श्री शिक्षा मन्त्रालय

२०१०।११

विकास

१. श्री शिक्षा सहकारी कार्यक्रम

२०११।१२

विकास

१. श्री शिक्षा सहकारी कार्यक्रम

२०१२।१३

विकास

१. श्री शिक्षा सहकारी कार्यक्रम

२०१३।१४

विकास

१. श्री शिक्षा विकास कार्यक्रम

२०१४।१५

विकास

१. एजुकेशनल सविटभिटिज

२०१५।१६

विकास

१. श्री शिक्षा विकास योजना, ब्राञ्च बिजिनेस अफिस

२०१६।१७

१. श्री नेपाल म्युजियम
२. श्री रानी पोखरी प्रधान पाठशाला
३. श्री शिक्षा बिभाग, स्वास्थ्य फांट

२०१७।१८

१. श्री शिक्षा मन्त्रालय
२. श्री तीनधारा पाठशाला
३. श्री नेपाल म्युजियम
४. श्री सदर चिडियाखाना

विकास

१. श्री एजुकेशन प्रेस
२. श्री शिक्षा बिजिनेस अफिस, चेतभवन
३. श्री शिक्षा बिजिनेस अफिस, लालदरबार

२०१८।१९

१. शिक्षा मन्त्रालय
२. श्री नेपाल म्युजियम
३. श्री प्राथमिक संस्कृत पाठशाला वीरगञ्ज
४. श्री पु. १ न वलेफी दोभान, पाठशाला

विकास

१. श्री त्रिभुवन विश्व विद्यालय बिकास बोर्ड

श्री संसद सचिवालय

२०१६।१७

१. श्री महासभा तथा प्रतिनिधि सभा

२. श्री संसद सचिवालय

२०१७।१८

१. श्री महासभा तथा प्रतिनिधि सभा

२. श्री संसद सचिवालय

श्री स्वास्थ्य, नहर तथा विद्युत मन्त्रालय

२०१४।०५

विकास

१. श्री नर्सेज ट्रेनिङ्ग प्रोजेक्ट

२. श्री हेल्थ असिष्टेन्ट प्रोजेक्ट

३. श्री आई. वि. डि. सि.

२०१५।१६

विकास

१. श्री काठमाडौं उपत्यका ट्रांसमिसन र वितरण व्यवस्था मिलाउने सर्भे ।

२. श्री नर्सेज ट्रेनिग प्रोजेक्ट

३. श्री पब्लिक हेल्थ एड्मिनिष्ट्रेशन

४. श्री वीर अस्पताल, चिल्ड्रेन वार्ड

५. श्री हेल्थ असिष्टेन्ट प्रोजेक्ट

२०१६।१७

(अन्तिम २ महीनाको)

१. श्री स्वास्थ्य मन्त्रालय

२. श्री स्वास्थ्य सेवा विभाग

३. श्री नेपाल राजकीय आयुर्वेदीय औषधालय

४. श्री नेपाल राजकीय आयुर्वेदीय विद्यालय

५ श्री उर चिकित्सालय

६. श्री कीर्तिपुर आयुर्वेदीय औषधालय

७. श्री नखु जेल अस्पताल

८. श्री टोखा स्वास्थ्य नीवास

९ श्री पशुपति होमियो अस्पताल

१० श्री पूर्णेश्वर पञ्च देवल आयुर्वेदीय औषधालय

११ श्री फर्पिङ्ग आयुर्वेदीय औषधालय

१२. श्री भक्तपुर अस्पताल

१३. श्री यूनानी औषधालय

१४. श्री ललितपुर अस्पताल

१५. श्री रामघाट जेल अस्पताल

१६. श्री सदर जेल अस्पताल

१७. श्री साखु डिंस्पेन्सरी

१८. श्री सिंहदरबार बैद्यखाना बिक्री फांट

१९. श्री सिंहदरवार वैद्यखाना तराकरी फांट

२०. श्री होमियो डिंस्पेन्सरी

२१. श्री हाडी गाउ आयुर्वेदीय औषधालय

२०१७।१८

१. श्री स्वास्थ्य नहर तथा विद्युत मन्त्रालय

२. श्री सिंहदरबार वैद्यखाना बिक्री फांट

३. श्री नहर विभाग

विकास

१. श्री भ. पु महेन्द्र कलेज वा हेल्थ सेन्टर

२०१८।१९

१ श्री स्वास्थ्य नहर तथा विद्युत मन्त्रालय